सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ पुस २०८१, सोमबार (23 Dec 2024, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २४६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

अदालतमा वर्षौं अल्झिन्छन् नियुक्ति र राजनीतिक प्रकृतिका मुद्दा



आफैंले ढिलाइ गरेर अन्तिममा 'औचित्य सकिएको' घोषणा, राजनीति जोडिएका मामिलामा सधैं ढिलाइ

(विस्तृत पृष्ठ ३)

वैदेशिक सहायता कि स्वनिर्भरता ?



अग्रलेख

● अविन ओझा

अनुदान तथा सहायतालाई बदलिँदो परिवेशअनुसार पारदर्शी तथा प्रभावकारी तवरले विकासे योजनामा लगाई स्वनिर्भरताको बाटो खोज्न ढिलो भइसकेको छ

(विस्तृत पृष्ठ ४)

ट्रम्पको पुनरागमनले युरोपमा पार्ने प्रभाव



लेख

● अमेलिया ह्याडफिल्ड

उच्च शुल्क लगाउनेदेखि कूटनीतिक चासो घटाएर युरोपप्रति ट्रम्पको मनोवृत्ति प्रायः उदासीन र शत्रुतापूर्ण छ

(पृष्ठ ५)

लयमा फर्कन थाल्यो वैदेशिक व्यापार



मंसिरमा आयात र निर्यातमा भएको सुधारले विगत दुई वर्षदेखि संकुचित बनेको वस्तुको माग र अर्थतन्त्रमा पुनरुत्थान हुने संकेत गरेको अर्थशास्त्रीहरूको विश्लेषण, सरकारलाई खर्च बढाउन पनि सुझाव

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

रविसहित ४४ विरुद्ध मुद्दा, सत्ताको आडमा एमाले नेता पहारीलाई भने उन्मुक्ति



रवि लामिछाने छविलाल जोशी रामबहादुर खनाल

रास्वपा सभापति रवि लामिछाने, पूर्वडिआइजी छविलाल जोशी र रामबहादुर खनाललाई सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा

पोखरामा **रोहितराज पराजुली**

पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलन आरोपमा रास्वपा सभापति रवि लामिछानेसहित थप ४४ विरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दायर गरिएको छ। यसअघि ०८० मा १९ विरुद्ध मुद्दा चलेकामा शुक्रबार मात्र पूरक मुद्दा गएको थियो।

सरकारी वकिलको कार्यालयले लीला पछाईंलाई सहकारी ठगी, संगठित अपराध, राष्ट्र बैंक ऐन, २०५८ र सम्पत्ति शुद्धीकरणसँगै मुलुकी संहिताअनुसार थप सजायको मागदाबीसहित मुद्दा चलाएको छ। त्यस्तै, रास्वपा सभापति लामिछाने, पूर्वडिआइजी छविलाल जोशी र रामबहादुर खनालविरुद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा मुद्दा चलाइएको छ। विश्वविक्रम राईविरुद्ध सहकारी ठगी, संगठित अपराध र राष्ट्र बैंक ऐन, २०५८ सँगै मुलुकी संहिताअनुसार थप सजायको मागदाबी गरिएको छ।

दीपेशकुमार पुन, नेत्रपाणि बाँस्तोला, देवेन्द्रबाबु राई, विज्ञान राई, विशाल तामाङ, नवीन अछामी, रविना रिमाल, असरफ अली सिद्दिकी, दीपक लामा, अनन्तबाबु राई, ओमप्रकाश गुरुङ, वीरबहादुर रानाभाट, दीपा न्यौपाने, कल्पना श्रेष्ठ र लक्ष्मीप्रसाद पौडेलसहित १५ जनाविरुद्ध सहकारी ठगी र संगठित अपराधमा मुद्दा दायर भएको छ। ज्ञानबहादुर बमजन, मीना गुरुङ, सूर्यध्वज न्यौपाने, आरती गुरुङ, लीलाबहादुर गुरुङ, पेसलकुमार राई, कृष्णबहादुर गुरुङ, देवबहादुर नेपाली, सकुन्तला गुरुङ, मिश्रकुमारी गुरुङ र ऋतु ताम्राकारविरुद्ध भने सहकारी ठगीको

» पृष्ठ २ मा क्रमशः

■ 'राजनीतिक पूर्वाग्रह'सहित सांसद पद निलम्बनको सिफारिस

अदालतमा मुद्दा दायर भएलगत्तै कास्की प्रहरीले रास्वपा सभापति रवि लामिछानेलाई सांसद पदबाट निलम्बन गर्न सभामुखलाई अनुरोध गरेको छ। तर, लामिछानेको पद निलम्बन हुने/नहुनेमा कानुनी प्रश्न छ। रास्वपाले राजनीतिक पूर्वाग्रहसहित निलम्बित गर्ने प्रयास भइरहेको दाबी गरेको छ। लामिछानेलाई निलम्बन गर्न सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २७ प्रयोग गर्नुपर्ने माग जिल्ला सरकारी वकिल कार्यालय कास्कीको छ। सो दफामा भनिएको छ, 'प्रचलित कानुनबमोजिम स्थापित संगठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्रसेवक यस ऐनबमोजिम थुनामा रहेकोमा त्यसरी थुनामा रहेको अवधिभर र निजउपर दफा २२ बमोजिम मुद्दा दायर भएकोमा सो मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्रसेवक स्वतः निलम्बन भएको मानिनेछ।' तर, ऐनमा 'पदाधिकारी'को परिभाषा छैन। बरु, ऐनको दफा २ को परिभाषा खण्डमा संघीय संसद्का सदस्यलाई 'स्वदेशी उच्चपदस्थ व्यक्ति' भनेर परिभाषित गरिएको छ। यसबाट दफा २७ मा उल्लेखित 'पदाधिकारी'मा संघीय सांसद पर्ने देखिँदैन। तर, सरकारले लामिछानेलाई सांसद पदबाट निलम्बन गराउन दफा २७ लगाउन खोजेको छ। प्रतिनिधिसभा नियमावलीको नियम, २४८ मा फौजदारी मुद्दामा अदालतले पुर्पक्षका लागि थुनामा पठाएपछि मात्रै सांसद पद निलम्बन हुने व्यवस्था छ। लामिछाने अहिले प्रहरीको न्यायिक हिरासतमा मात्रै हुन्।

■ अधिवक्तासमेत रहेकी रास्वपा नेतृ सोविता गौतम भन्छिन्- प्रमाण नै नभएका कसुर लगाएर राजनीतिक प्रतिशोध साधियो



सुरुमा सहकारी अपचलन भनियो। त्यसमा संलग्नता देखिने कुनै प्रमाण भेटिएन। त्यसपछि कम्पनीभित्र एमडी भएर कारोबार गरेको विषय संगठित अपराध भनेर उचालियो। त्यहाँ पनि ठोस प्रमाण भेटिएन। अनि राजनीतिक प्रतिशोध साधेर फसाउने नियतका साथ सम्पत्ति शुद्धीकरणको मुद्दा पनि लगाइयो। यसमा पनि प्रमाण छैन। तर, 'मुद्दा दर्ता भयो, अब सांसद पद स्वतः निलम्बन भयो' भनेर सभामुखकहाँ चिठी पुग्नुअघि नै सत्तापक्षबाट प्रचारबाजी गरियो। यसबाट सत्ताका गतिविधिमा सीधा-सीधा प्रतिशोध छ भन्ने प्रस्ट हुन्छ। सभामुखले निर्णय नगर्दै निलम्बन भन्ने हुँदैन। हामीलाई विश्वास छ- सभामुखले पूर्वाग्रह राख्नुहुन्न। संसद्मा हाम्रो नियमावली नै प्रधान हुने हो।

■ मुद्दा चलाउने पर्याप्त आधार हुँदाहुँदै पहारीलाई जोगाएर साक्षी मात्र बनाइयो

अनुसन्धानमा एमाले नेता तथा युवा संघका इन्चार्ज राजीव पहारीका नाममा सूर्यदर्शन सहकारीबाट १५ लाख निकासा भएको देखिन्छ। सात लाख र आठ लाखका दुईवटा चेकमार्फत रकम गएको छ। पोखरा महानगरपालिकाको छानबिन प्रतिवेदन र सूर्यदर्शन सहकारीको वित्तीय विश्लेषण प्रतिवेदनमा पनि उनले रकम लिएको उल्लेख छ। मुद्दा चलाउने पर्याप्त आधार हुँदाहुँदै पनि सत्ताको आडमा पहारीलाई उन्मुक्ति दिइएको छ।



नयाँ पत्रिका

पोखराको सूर्यदर्शन सहकारी ठगीमा मुछिएका एमाले केन्द्रीय सदस्य राजीव पहारीलाई भने सत्ताको आडमा उन्मुक्ति दिइएको छ। उनको नाममा सहकारीबाट १५ लाख रुपैयाँ पेस्की निकासा भएको फरक-फरक अनुसन्धानबाट देखिए पनि उनीमाथि मुद्दा चलाइएन। जोगाउन साक्षी बनाएर उभ्याइएको छ।

सहकारी ठगीसम्बन्धी मुद्दामा राजनीतिक प्रतिशोधका आधारमा अनुसन्धान गरेको आरोप लागिरहेका वेला सत्तारूढ दलका नेतालाई प्रहरीले जोगाएको अभियोगपत्रबाटै देखिन्छ। पोखरा महानगरपालिकाको छानबिन प्रतिवेदन र सूर्यदर्शन सहकारीको वित्तीय विश्लेषण प्रतिवेदनमा पहारीले पेस्की लिएको देखिन्छ। तर, त्यसबारे आफूलाई जानकारी नभएको भन्ने पहारीको दाबीका आधारमा उनलाई मुद्दामा साक्षी मात्रै बनाएर उन्मुक्ति दिइएको छ। जब कि राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसहितका व्यक्तिको नाममा पनि नक्कली कर्जा खडा गरी पैसा निकालिएकोमा उनीहरूलाई भने प्रहरीले प्रतिवादी बनाएको छ।

आइतबार कास्की जिल्ला अदालतमा सरकारी वकिलले दायर गरेको अभियोगपत्रअनुसार पहारीले १२ चैत ०७४ मा सहकारीबाट पेस्कीका रूपमा १५ लाख लिएको देखिन्छ। प्रहरी स्रोतका अनुसार हाल थुनामा रहेका सूर्यदर्शन सहकारीका तत्कालीन सञ्चालक शिवबहादुर गुरुङ (महेन्द्र भोटे)मार्फत पहारीले सो रकम लिएका थिए। गुरुङ पहारीनिकट व्यक्ति हुन्। सोही आधारमा उनी सहकारीको साधारणसभामा पनि प्रमुख अतिथिका रूपमा पटक-पटक जाने गरेका थिए। प्रहरीसँगको कागजमा नेता पहारीले सहकारीसँग निकटता खुलाएका छन्, तर आफ्नो नाममा पेस्की रकम भुक्तानी भएकोमा भने अनभिज्ञता देखाएका छन्।

उनले प्रहरीसँगको कागजमा भनेका छन्, 'मलाई सो सहकारीको वार्षिक साधारणसभामा प्रमुख अतिथिका रूपमा आमन्त्रित गरेकै भरमा मेरो नाममा समेत यसरी गैरकानुनी तवरबाट मेरो जानकारी र मञ्जुरीविना म आफूले कुनै रकम नलिएको अवस्थामा १५ लाख पेस्की भनी देखाई हालसम्म फर्स्योट नगरी राखेको देखिँदा यस्तो प्रकारको कानुनविपरीतको कार्य गर्ने व्यक्तिको पहिचान गरी निजहरूलाई प्रचलित कानुनबमोजिम हदैसम्मको सजायसमेत हुनुपर्छ।'

» पृष्ठ २ मा क्रमशः

त्रिवि सभा सिंहदरबारमा !

सामान्यतः त्रिविमै बस्ने त्रिवि सभा बैठक आइतबार कुलपति रहेका प्रधानमन्त्रीले सिंहदरबारस्थित मन्त्रिपरिषद् कार्यालयमा बोलाए, तर आफ्नै विद्यार्थी संगठनले उपकुलपति कार्यालयमा धर्ना दिँदा निम्तिएको समस्या समाधानमा चासो नै दिएनन्

शिवहरि घिमिरे/नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीले सामान्यतः त्रिभुवन विश्वविद्यालयमै बस्ने त्रिवि सभा (सिनेट बैठक) सिंहदरबारमा राखेका छन्। त्रिविमा जान असमर्थ भएको भन्दै कुलपतिको हैसियतमा प्रधानमन्त्रीले मन्त्रिपरिषद् कार्यालयमै राखेको बैठकमा त्रिविको जल्दोबल्दो समस्याबारे भने छलफल नै भएन। त्रिविमा एमालेनिकट विद्यार्थी संगठन अनेरास्ववियुको अवरोधका कारण उपकुलपति प्रा.डा. केशरजंग बराल १२ दिनदेखि (२६ मंसिरयता) कार्यालय जान सकेका छैनन्।

२७ मंसिरमा कीर्तिपुरमै बसेको त्रिवि सिनेट बैठक आरोप-प्रत्यारोपमा विनानिष्कर्ष टुंगिएको थियो। सिनेट सदस्यहरूले कुलपतिस्तरबाट बैठक निकै कम राखिएको भन्दै गुनासो गरेपछि प्रधानमन्त्रीले स्थगित गरेका थिए। उक्त बैठकमा प्रस्तुत कार्यसूचीमा पदाधिकारी र सिनेट सदस्यबिच

» पृष्ठ २ मा क्रमशः



विश्वविद्यालयका प्राध्यापक, कर्मचारी, विद्यार्थी, पब्लिक क्याम्पसलगायत क्षेत्रका प्रतिनिधिसहित करिब तीन घण्टासम्म सिंहदरबारमा चलेको बैठकमा प्रधानमन्त्री ओलीले भने-

त्रिविको शैक्षिक क्यालेन्डर पालना हुनुपर्छ। अनौपचारिक बैठक भए पनि यसलाई निर्देशन नै मान्दा हुन्छ, विश्वविद्यालयमा पारदर्शिता हुनुपर्छ, मेरिटोक्रेसी कायम हुनुपर्छ, उत्कृष्ट भएकालाई उत्कृष्ट नम्बर दिइनुपर्छ। फेल भएकालाई फेल गराइनुपर्छ। मेरो भनाइ साँच्चैको मेरिटोक्रेसी होस् भन्ने हो, कुन डिनको कति मेरिटोक्रेसी छ मलाई थाहा छैन, को नियुक्त हुन्छ, त्यो मेरो रुचिको विषय होइन। मेरो रुचिको विषय यो विश्वविद्यालय सबल होस्, सक्षम जनशक्ति उत्पादन हुन् भन्ने हो, नियुक्तिहरूमा मेरो कुनै हस्तक्षेप हुँदैन।

पानीढलोका पूर्वाधारमा जहिल्यै भारतको बलमिच्याइँ भारतीय एक्स्काभेटर र चालकलाई ६ घण्टा नियन्त्रणमा लिएर छाडियो

दार्चुलामा **नरेन्द्रसिंह कार्की**

महाकाली नदीमा तटबन्ध बनाउने क्रममा भारतले निर्माण सामग्री नेपालतर्फ छिराएपछि दार्चुलामा तनाव सिर्जना भएको छ। आइतबार बिहान ११ बजे दार्चुला

» पृष्ठ २ मा क्रमशः



भारतीय एक्स्काभेटर चालक भास्कर पाठक, महाकाली नदीमा तटबन्ध बनाउने क्रममा निर्माण सामग्री नेपालतर्फ छिराएपछि उनलाई नियन्त्रणमा लिइएको थियो

MetLife

तपाईसँगै जीवनमा अघि बढ्दै

बोनसदर सम्बन्धि सूचना

अमेरिकन लाईफ इन्स्योरेन्स कम्पनीको आ.व. २०८०/८१ (१ श्रावण २०८० देखि आषाढ मसान्त २०८१) सम्मको बीमाङ्कीय मूल्यांकन अनुसार मुनाफामा सरिक हुने सम्पूर्ण जीवन बीमालेखहरुको लागि उक्त अवधिको प्रति वर्ष प्रति हजार बीमाङ्कमा निम्नानुसार बोनसदर निर्धारण भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गर्दछौं।

बीमा योजना	बीमा अवधि	बोनस (प्रति हजार)	बीमालेख संख्या
अग्रिम भुक्तानी योजना (Three Payment Plan)	१-१५	रू ४५/-	७,४९२
	१६-२०	रू ५५/-	२,८२५
	२१ वा सो भन्दा माथि	रू ६५/-	४,२९१
अग्रिम भुक्तानी योजना (Midterm Growth Plan)	१-१५	रू ४५/-	१४७
	१६-२०	रू ५०/-	७६९
	२१ वा सो भन्दा माथि	रू ५५/-	४९३
सावधिक जीवन बीमा (Endowment Plan)	१-१५	रू ५५/-	२,७०५
	१६-२०	रू ६५/-	५,५७०
	२१ वा सो भन्दा माथि	रू ७५/-	२,०३२
शिक्षा संरक्षण बीमा (Education Protection Plan)	१-१५	रू ५५/-	१२,१९१
	१६-२०	रू ६५/-	१५,१८८
	२१ वा सो भन्दा माथि	रू ७५/-	५,०८६

उपरोक्त अनुसारको बोनसदर मृत्यु दावी, समर्पण मूल्य दावी, चुक्ता मूल्य दावी, अवधि भुक्तानी दावी र चालू बीमालेखहरुमा लागू हुनेछ। साथै अर्को बीमाङ्कीय मूल्यांकन अनुसार नेपाल बीमा प्राधिकरणबाट अर्को व्यवस्था गर्न स्वीकृति नभएसम्म उल्लेखित दावीहरुमा समेत सोही बोनसदर लागू हुनेछ।

अमेरिकन लाईफ इन्स्योरेन्स कम्पनी
नारायणी कम्प्लेक्स, पुल्चोक, पो. ब. नं. ११५९०, फोन नं. ९७७-१-५९७०१६६
ईमेलः service-nepal@metlife.com.np, वेबः www.metlife.com.np

१२० भूकम्पपीडित परिवार घरबाहिर, त्रिपाल र कम्बल ५९-५९ थान मात्रै वितरण

जोखिमपूर्ण घरमै छिरेर पीडितहरूले निकाल्न थाले अन्न र लत्ताकपडा

दुई परिवारलाई गाउँपालिका अध्यक्षले दिए पाँच हजार

बाजुरामा **गगन अयडी**

बाजुराको जगन्नाथ गाउँपालिका- ५, गोत्रीलाई केन्द्रविन्दु बनाएर शुक्रबार बिहान ४:१४ बजे गएको ५.२ रेक्टर स्केलको भूकम्पले घर भत्काउँदा १२० परिवार घरबाहिर छन्। तर, भूकम्पको दुई दिनसम्म खानेकुरा उपलब्ध नगराएको राज्यले सबै पीडित परिवारलाई एक-एक थान त्रिपाल र कम्बल पनि दिन सकेको छैन।

आइतबार जिल्ला प्रशासन कार्यालयले ५०-५० थान तथा जिल्ला रेडक्रस शाखाले नौ-नौ थान त्रिपाल र कम्बल मात्रै उपलब्ध गराएका छन्। जब कि वडा कार्यालयले सार्वजनिक गरेको सूचीअनुसार बिहारडाँडामा ३७, दर्जीटोलमा २५, बामनज्युलामा २०, तल्लो गोत्रीमा १८, माथिल्लो गोत्रीमा ११, खैरेनी झारघटमा आठ र पारिगाउँमा एउटा घर जोखिमपूर्ण अवस्थामा छन्। माटो र ढुंगाबाट बनेका घरहरू कतिपयको गाह्रो खसेको, कतिपयको गाह्रो चिराचिरा परेको तथा कतिपयको छानोसहित खसेको अवस्था छ। जोखिमपूर्ण घरबाट परिवारहरू बारीमा विस्थापित भएका छन्।

» पृष्ठ २ मा क्रमशः



रेडक्रसले वितरण गरेको त्रिपालमुनि विस्थापित परिवार

१२० भूकम्पपीडित...

पृष्ठ १ बाट क्रमशः

गाउँपालिका अध्यक्ष कालीबहादुर शाहीले जिल्ला प्रशासन कार्यालयबाट ५० थान त्रिपाल र ५० थान कम्बल पालिकामा प्राप्त भएको बताए। साँझ ५:३० तिर मात्रै त्रिपाल र कम्बल आइपुगेकोमा भूकम्पपीडितहरूलाई बाँड्न थालिएको उनले बताए।

त्यस्तै, जिल्ला रेडक्रस शाखाका मन्त्री टंकप्रसाद न्यौपानेसहितको टोली बस्तीमै पुगेर केही पीडितहरूलाई सीधै नौ-नौ थान त्रिपाल र कम्बल बाँडेको छ। दर्जीटोलका मुगा दमाईं, पातु दमाईं, अनुराम दमाईं, अवि दमाईं, गोपी दमाईंलगायतलाई अपराह्न ४ बजेतिर त्रिपाल र कम्बल बाँडेको न्यौपानेले



बताए। मुगा १३ दिनकी सुत्केरी हुन् भने पातुका दुई वर्षका छोरा छन्।

बाँकी पीडितका लागि दातृ निकायबाट सहयोग माग गरिएको सहायक प्रमुख जिल्ला अधिकारी रूपक मण्डलले बताए। 'जिल्ला प्रशासन र रेडक्रसबाट गरेर ५९-५९ थान त्रिपाल र कम्बल पुर्‍याइएको छ। बाँकी पीडित परिवारका लागि विभिन्न सहयोगी संस्थाहरूसँग माग गरेका छौं, छिट्टै उपलब्ध होला,' उनले भने।

एउटा कम्बल र त्रिपाल पाएका परिवारलाई पनि त्यसले पुग्ने अवस्था छैन। 'हामी श्रीमान्-श्रीमतीसहित पाँच सन्तान छन्। सातजनाको परिवारलाई एउटा त्रिपालले शीत त ओत्ला, तर एउटा कम्बल सातजनाले कसरी ओढ्ने ?' उनले भने, 'भएको अन्नपात पनि भत्किएका संरचनाले घरभित्रै च्यापिएको छ। खानेकुरा केही छैन। खाद्यान्न कहिले पाइन्छ, थाहा छैन।'

जोखिमपूर्ण घरमै छिरेर पीडितहरूले निकाल्न थाले अन्न र लत्ताकपडा

एक रात थोत्रा त्रिपाल र खुला आकाशमुनि बिताएका बाजुराका भूकम्पपीडितलाई दोस्रो दिन पनि राज्यले आवश्यक त्रिपाल, लत्ताकपडा र खाद्यान्न उपलब्ध गराएन। १२० परिवार विस्थापित भएकामा राज्यबाट जम्मा ५९-५९ थान त्रिपाल र कम्बल मात्रै पीडित बस्तीमा पुगेको छ। खाद्यान्न त झन् दिएकै छैन।

चिसोबाट बच्न र भोक मेट्न पीडितहरूले जोखिमपूर्ण घरमै छिरेर अन्न र लत्ताकपडा झिक्न थालेका छन्। दर्जीटोलका जस दमाईंले डरैडरमा घरभित्र छिरेर लत्ताकपडा र अन्नहरू निकालेको बताए। उनले भने, 'राज्यको राहत केही भेटिएको छैन। घरभित्र बस्ने अवस्था पनि छैन। चिसो र भोकले मर्नुपर्ने अवस्था निम्तिएपछि चिराचिरा परेको जोखिमपूर्ण घरभित्र छिरेर हतारहतार लत्ताकपडा र अन्नपात झिकेका छौं। त्यही खान थालेका छौं।'

दुई परिवारलाई गाउँपालिका अध्यक्षले दिए पाँच हजार

मुगा र पातुका परिवारलाई पालिका अध्यक्ष कालीबहादुर शाहीले व्यक्तिगत सहयोगस्वरूप पाँच हजार रुपैयाँ दिएका छन्। साना बालबच्चा भएकाले उनीहरूलाई खाद्यान्न किनमेलका लागि सहयोग गरेको शाहीले बताए। आइतबार बस्ने भनिएको पालिकास्तरीय विपत् व्यवस्थापन समितिको बैठक भने बस्न सकेन। अब सोमबार बिहान बस्ने अध्यक्ष शाहीले बताए। कुन वडामा कति पूर्ण र आंशिक क्षति छ भन्ने पूरा विवरण संकलन गरेपछि बैठकबाट पालिकाले आवश्यक सहयोग घोषणा गर्ने उनले बताए।

त्रिवि सभा...

पृष्ठ १ बाट क्रमशः

छलफल हुन सकेको थिएन। त्यसपछि आइतबार उनले सिंहदरबारमा बैठक राखेका हुन्।

करिब तीन घण्टासम्म चलेको बैठकमा प्रधानमन्त्री ओलीले विश्वविद्यालयका प्राध्यापक, कर्मचारी, विद्यार्थी, पब्लिक क्याम्पसलगायत क्षेत्रका प्रतिनिधिलाई क्षेत्रगत समस्या समाधान गर्न निर्देशन दिए। यसअघि त्रिविका संस्थान र संकायमा डिन नियुक्ति गर्दा उपकुलपतिलाई भागबन्डा गर्न बाध्य पारेको आरोप खेपेका प्रधानमन्त्री ओलीले आइतबारको बैठकमा आफूलाई विश्वविद्यालयबाट व्यक्तिगत रूपमा लिनुदिनु (लाभहानि) केही नभएको दाबीसमेत गरे। उनले यो बैठक अनौपचारिक भएको पनि बताए।

'त्रिविको शैक्षिक क्यालेन्डर पालना हुनुपर्छ। अनौपचारिक बैठक भए पनि यसलाई निर्देशन नै मान्दा हुन्छ, विश्वविद्यालयमा पारदर्शिता हुनुपर्छ, मेरिटोक्रेसी कायम हुनुपर्छ, उत्कृष्ट भएकालाई उत्कृष्ट नम्बर दिइनुपर्छ। फेल भएकालाई फेल गराइनुपर्छ,' ओलीले भने, 'मेरो भनाइ साँच्चैको मेरिटोक्रेसी होस् भन्ने हो, कुन डिनको कति मेरिटोक्रेसी छ मलाई थाहा छैन, को नियुक्त हुन्छ, त्यो मेरो रुचिको विषय होइन। मेरो रुचिको विषय यो विश्वविद्यालय सबल होस्, सक्षम जनशक्ति उत्पादन हुन् भन्ने हो, नियुक्तिहरूमा मेरो कुनै हस्तक्षेप हुँदैन।'

एमालेनिकट अनेरास्ववियुको धर्नाले उपकुलपति कार्यालय जान नसकेको विषयमा छलफल नै भएन

त्रिविमा एमालेनिकट विद्यार्थी संगठन अनेरास्ववियुको अवरोधका कारण उपकुलपति प्रा.डा. केशरजंग बराल १२ दिनदेखि (२६ मंसिरयता) कार्यालय जान सकेका छैनन्। तर, यो समस्या समाधानका लागि आइतबार सिनेट बैठकमा प्रधानमन्त्रीले कुनै चासो नै दिएनन्। उपकुलपति बरालले आफ्नो कार्यालयअगाडि विद्यार्थीले घेराउ गरेपछि अन्य पदाधिकारी तथा त्रिवि कन्ट्रोलरको कार्यकक्षमा बसेर तथा कहिले घरबाटै काम गर्ने गरेका छन्। गत आइतबार डिन तथा महानिर्देशक नियुक्तिको काम गर्दा रजिस्ट्रार र रेक्टरको कार्यालयमा बसेका थिए। उपकुलपति बरालविरुद्ध धर्ना तथा घेराउको नेतृत्व एमालेनिकट विद्यार्थी नेता तथा त्रिवि स्ववियु सचिव सिद्धान्त भट्टले गरेका छन्।

भारतीय...

पृष्ठ १ बाट क्रमशः



सदरमुकाम खलंगाको वीरेन्द्र वन क्षेत्रनजिकै भारतीय एक्स्काभेटर र चालक भास्कर पाठकलाई ६ घण्टा नियन्त्रणमा लिएर छाडिएको छ। भारत पिथौरागढ जिल्लाका अधिकारी आनन्द स्वरूप तथा धार्चुला उपजिल्ला अधिकारी अनिल शुक्लको निरन्तरको दबाबपछि जिल्ला प्रशासन कार्यालय दार्चुलाले अपराह्न ४ बजे चालक र एक्स्काभेटर फिर्ता पठाएको थियो।

'पूर्वसूचनाविनै भारतीय मेसिन नेपालतर्फ छिराएलगत्तै चालक र एक्स्काभेटर नियन्त्रणमा लिइएको हो। भारतीय अधिकारीले तारन्तार फोट गरेपछि फिर्ता पठाएका छौं,' दार्चुलाका प्रमुख जिल्ला अधिकारी यज्ञराज जोशीले भने। सीमानदी क्षेत्रमा काम गर्दा आपसी समन्वय गर्नुपर्नेमा नभएको उनले बताए। नमस्कार क्षेत्र, वीरेन्द्र वन, बंगाबगड र श्रीवगडलगायतका क्षेत्रमा भारतीय सामग्री आउने गरेको उनको भनाइ छ। प्रमुख जिल्ला अधिकारी जोशी दुई देशले सीमा क्षेत्रमा काम गर्दा समन्वय गर्नुपर्नेमा एकतर्फी गर्दा समस्या उत्पन्न भएको बताउँछन्।

धेरै ठाउँमा भारतीय पक्षले नेपालतर्फका ढुंगा आफ्नो भूमिमा सारेको छ। नेपालले ०७० को बाढीपछि आफ्नो भूमिसमेत छोडेर तटबन्ध निर्माण गरे पनि भारतले नेपालतर्फ आएर तटबन्ध निर्माण गर्दै आएको छ।

महाकाली नदीको बहाव पूरै नेपालतर्फ फर्काउने काम भारतीय पक्षले गरेको दार्चुलाबासीको आरोप छ।

दुई वर्षअघि पनि नेपाल र भारतीय पक्षबीच तटबन्ध निर्माणकै विषयमा ढुंगा हानाहान भएको थियो। अहिले पनि भारतले दार्चुलाको श्रीबगड क्षेत्रमा नेपाली पक्षले निर्माण गरेको तटबन्धमा अवरोध गरेपछि स्थानीयले प्रशासन गुहारेका थिए। दुवै क्षेत्रका अधिकारीबिच भएको छलफलपछि श्रीबगडमा तटबन्ध निर्माणमा भारतीय पक्षले अवरोध नगर्ने सहमति भएको नेपालका अधिकारी बताउँछन्। दार्चुला सदरमुकाम क्षेत्रमा भारतीय पक्षले नेपालतर्फ महाकालीको धार फर्काउने गरेको भन्दै स्थानीयले विरोध गर्दै आएका छन्। भारतीय पक्षले दार्चुला सदरमुकामको गल्फै क्षेत्रमा नदी नेपालतर्फ फर्काएको छ भने नेपालतर्फको श्रीबगर क्षेत्रमा तटबन्ध निर्माण गर्न अवरोध गर्दै आएको छ।

स्थानीय सुरेश ठगुन्ना भारतीय पक्षले सीमा क्षेत्रमा मनलाग्दी गर्दै आएको बताए। 'नेपालले नियन्त्रणमा लिएको मेसिन फिर्ता गर्नुहुँदैन। यो नेपालीमाथिको हेपाहा प्रवृत्ति हो,' उनले भने। नेपालतर्फबाट स्थानीयले पटकपटक भारतीय दादागिरीको विरोध गरे पनि सरकारी पक्षको उदासीनताका कारण भारतीय पक्षले धमाधम काम गर्दै आएको नागरिक समाजका अध्यक्ष महेश भट्ट बताउँछन्। हिउँदमा महाकाली नदीमा पानीको सतह घटेको मौका छोप्दै नेपालतर्फ पानीको धार फर्काएर भारतीय पक्षले पारिपट्टि नेपालको भन्दा ठुलो तटबन्ध बनाएको छ।

पिपुल्स इन्भेष्टमेन्ट कम्पनी लिमिटेड
न्युरोड, संकटा, काठमाण्डौं, फोन नं. ०१-५१११००८
Email: peoplesinvestment.com.np
Web: peoplesinvestment.com.np

पन्ध्रौं/सोह्रौं र सत्रौं वार्षिक साधारण सभा वस्ने सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०९/०८

यस कम्पनीको मिति २०८१ साल पौष ०७ गते बसेको संचालक समितिको १३६ औं बैठकको निर्णय अनुसार कम्पनीको पन्ध्रौं/सोह्रौं र सत्रौं वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभा हुने मिति, समय र स्थान:
मिति: २०८१ पौष २९ गते सोमबार (१३ डिसेम्बर २०२४)
समय: बिहान ११ बजे
स्थान: अल्फा हाउस ब्याङ्क्वेट (Alfa House Banquet)
अल्फा बेटा कम्प्लेक्स बुद्धनगर, नयाँ बानेश्वर, काठमाडौं, नेपाल

छलफलका विषयहरु :
क) सामान्य प्रस्ताव
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत पन्ध्रौं/सोह्रौं र सत्रौं वार्षिक प्रतिवेदन पारित गर्ने।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. २०७८/७९, २०७९/८० र २०८०/८१ साल आषाढ मसान्तको वासलात सोहि मितिमा समाप्त आ.व. २०७८/७९, २०७९/८० र २०८०/८१ को आयव्यय हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने।
३. कम्पनी ऐन २०६३ को दफा ११३ अनुसार आ.व. २०७९/८० र २०८०/२०८१ को लेखापरिक्षण कार्यको लागि लेखापरिक्षकको नियुक्ति अनुमोदन गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने।
४. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ. व. २०८१/८२ को लेखापरिक्षण कार्यको लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

ख) विशेष प्रस्ताव
१. कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा प्रति शेयर रु. १०० का दरले कायम रहेको शेयर टुक्रा गरि प्रति शेयर रु. ५० को दरले कायम गर्ने।
२. कम्पनीको लगानी रहेको संस्थापक शेयर विक्री गर्न तथा बैंक वित्तीय संस्थामा धितो बन्धक राख्न सञ्चालक समितिलाई अख्तियारी दिने।
३. कम्पनी रजिष्ट्रेड ठेगाना परिवर्तन गर्ने।
४. प्रबन्धपत्र तथा नियमावलीको नियमनकारी निकायबाट कुनै फेरबदल सुझाव भएमा सो अनुसार आवश्यक फेरबदल गर्न संचालक समितिलाई अख्तियारी दिने।

ग) विविध

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

standard chartered

निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

देउपति भट्टराईको नाति, खडा नन्द भट्टराईको छोरा तथा लक्ष्मी भट्टराईकी श्रीमान्, सुर्खेत जिल्ला गढी वडा नं. ३ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला वीरेन्द्रनगर न.पा. वडा नं. ४ बस्ने यस बैंकका खातावाला महेश कुमार भट्टराईको मिति २०८१/०८/१६ मा मृत्यु भएको भनी कर्ण बहादुर नेपाली को नातिनी, रेशम बहादुर गुरूङको छोरी, खडा नन्द भट्टराईको बुहारी तथा महेश कुमार भट्टराईको श्रीमती सुर्खेत जिल्ला वीरेन्द्रनगर न.पा. वडा नं. ४ स्थायी ठेगाना भएकी लक्ष्मी भट्टराईले निज खातावालाको श्रीमती नाता देखाई आवश्यक कागजात पेश गरी यस बैंकमा रहेको महेश कुमार भट्टराईको खातामा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनि आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन माग बमोजिम भई जाने व्यहोरा जानकारी गराइन्छ।

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

साई स्वागत सहकारीका अध्यक्ष जंगम र कोषाध्यक्ष दाहाल पक्राउ

काठमाडौं/ बानेश्वरस्थित साई स्वागत सहकारी ठगीमा संलग्न रहेको अभियोगमा प्रहरीले भरतमणि जंगम र लुमन दाहाललाई पक्राउ गरेको छ। जंगम उक्त सहकारीका अध्यक्ष र दाहाल कोषाध्यक्ष हुन्। शैली थापाको जाहेरीपछि जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई आइतबार बानेश्वरबाट पक्राउ गरेको हो। उनीहरूविरुद्ध जिल्ला अदालत काठमाडौंले अनुसन्धानका लागि पाँच दिनको म्याद थप गरेको छ।

काठमाडौं परिसरका प्रवक्ता एसपी नवराज अधिकारीले साई स्वागत सहकारीका अध्यक्ष जंगम र कोषाध्यक्ष दाहाल पक्राउ परेको बताए। 'साई स्वागत सहकारीले ठगी गरेको भन्दै जाहेरी परेको थियो। सोही जाहेरीका आधारमा आइतबार सहकारीका अध्यक्ष पक्राउ परेका छन्,' उनले भने, 'उनीविरुद्ध अदालतले ५ दिनको म्याद थप गरेको छ। घटनाको अनुसन्धान अघि बढेको छ। बाँकी तथ्य खुल्दै जालान्।'

सहकारीमा रकम हिनामिना भएको गुनासोपछि काठमाडौं महानगरपालिकाले छानबिन गरेको थियो। छानबिनका क्रममा १२ महिनाभन्दा धेरै भाका नाघेको ऋण असुल्न दुई करोड ४७ लाख र १२ महिनाभन्दा कम भाका नाघेको ऋण असुल्न २३ लाख ७२ हजार रुपैयाँ रहेको देखिएको थियो। २७ लाख ९४ हजार नौ सय सेयरपुँजी रहेको संस्थाको बचत दायित्व भने चार करोड ५९ लाख र लगानी चार करोड १० लाख रुपैयाँ रहेको देखिएको थियो। त्यस्तै, सहकारीको कुल सम्पत्ति पाँच करोड ९७ लाख ८९ हजार रहेको उल्लेख थियो। सहकारीका बचतकर्ता १२४ जना रहेको देखिएको थियो। छानबिनपछि महानगरले तयार गरेको प्रतिवदेनअनुसार सहकारीका तत्कालीन सचिव तथा व्यवस्थापक शंहर उपाध्याय दाहालले सहकारीका नाममा राधास्वामी बचत तथा ऋण सहकारीबाट लिइएको ९५ लाख रुपैयाँ किर्ते गरी कारोबार गरेका थिए। उनीहरूविरुद्धको मुद्दा अहिले अदालतमा विचाराधीन छ।

रविसहित...

पृष्ठ १ बाट क्रमशः

मात्र मुद्दा चलेको छ। सहकारी ठगी कसुरमा मुद्दा खेपेका ११ जना सूर्यदर्शन सहकारीको ज्ञानबहादुर बमजनको अध्यक्षताको कार्यसमिति हो। तर, कृष्णबहादुर भने ७५ वर्षमाथिका भएकाले कैद छुट सुविधा माग गरिएको छ। सूर्यदर्शन सहकारीको रकम अवैध रूपमा कम्पनीमा ल्याइएको भन्दै आठ कम्पनीविरुद्ध सम्पत्ति शुद्धीकरणको मुद्दा चलेको छ। जसमा नेचर हर्ब्स इन्टरनेसनल, नेचर हर्ब्स लिमिटेड, नेचर नेस्ट, जिबी ग्रुप अफ कम्पनी, गोर्खा ग्रुप मल्टी इन्भेस्टमेन्ट, मन्दरा स्पा, स्प्रिङउड रियल स्टेड, नेपाल श्री मल्टी मिडिया र गोरखा मिडिया प्रालि रहेका छन्। लामिछानेपत्नी निकिता, जोशीपत्नी पद्मा बन्जाडे र छोरा रोचक जोशी तथा राधा पछाई र गीता पछाईंविरुद्ध पनि मुद्दा चलेको छ। उनीहरूबाट स्रोत नखुलेको आयबाट आर्जित सम्पत्ति जफतको माग दाबी गरिएको छ।

सहकारी ठगीमा एक अर्ब ५१ करोड ४० लाख १९ हजार बिगो कायम गरिएको छ। जसमध्ये एक अर्ब १४ करोड ६८ लाख ३८ हजार एक हजार १५६ बचतकर्तालाई भराउन भनिएको छ।

सूर्यदर्शन सहकारी ठगीमा गत शुक्रबार मात्र जिबी राईसहित १९ पदाधिकारी, कर्मचारीविरुद्ध एक अर्ब ११ करोड १९ लाख बिगो कायम गरी पूरक मुद्दा दायर भएको थियो। जिबीविरुद्ध संगठित अपराध, सम्पत्ति शुद्धीकरण र राष्ट्र बैंक ऐनअन्तर्गत तथा १८ जनाविरुद्ध संगठित अपराधमा अभियोग दर्ता भएको थियो। उनीहरूविरुद्ध यसअघि १८ असोज ०८० मा सहकारी ठगी कसुरमा एक अर्ब ११ करोड १९ लाख बिगो कायम गरी मुद्दा चलाइएको थियो।

कैद दाबी, कति बिगो ?

जिल्ला सरकारी वकिलको कार्यालयले ३१ जनाविरुद्ध सहकारी ठगीमा मुद्दा चलाएको छ। जसमा रवि लामिछाने, छविलाल जोशी, रामबहादुर खनाल, दीपेशकुमार पुन, नेत्रपाणि बाँस्तोला, देवेन्द्रबाबु राई, विज्ञान राई, लीला पछाईं, विश्वविक्रम राई, विशाल तामाङ, नवीन अछामी, रविना रिमाल र असरफ अली सिद्दिकी छन्। त्यस्तै, दीपक लामा, अनन्तबाबु राई, ओमप्रकाश गुरुङ, वीरबहादुर रानाभाट, दीपा न्यौपाने, कल्पनाकुमारी श्रेष्ठ, ज्ञानबहादुर बमजन, मीना गुरुङ, सूर्यध्वज न्यौपाने, आरती गुरुङ, लीलाबहादुर गुरुङ पेसलकुमार राई, कृष्णबहादुर गुरुङ, देवकुमार नेपाली सकुन्तला गुरुङ, मिश्रकुमारी गुरुङ, ऋतु ताम्राकार र लक्ष्मीप्रसाद पौडेल छन्। उनीहरूविरुद्ध सहकारी ऐन, २०७४ को दफा १२४ (१) (घ) (६) अनुसारको कसुर छ। सोही ऐनको दफा १२४ उपदफा (१) (३) अनुसार एक अर्बभन्दा बढीको सहकारी ठगीमा आठदेखि १० वर्षसम्म कैद सजायको व्यवस्था छ। यो कसुरमा एक अर्ब ५१ करोड ४० लाख बिगो कायम गरिएको छ।

त्यस्तै, तीमध्ये रवि लामिछाने, छविलाल जोशी, रामबहादुर खनाल, दीपेश पुन, नेत्रपाणि बाँस्तोला, देवेन्द्रबाबु राई, विज्ञान राई, विशाल तामाङ, नवीन अछामी, रविना रिमाल, असरफ अली सिद्दिकी, दीपक लामा, अनन्तबाबु राई, ओमप्रकाश गुरुङ, वीरबहादुर रानाभाट, दीपा न्यौपाने, कल्पनाकुमारी श्रेष्ठ र लक्ष्मीप्रसाद पौडेलविरुद्ध संगठित अपराधको पनि मुद्दा चलेको छ। उनीहरूविरुद्ध संगठित अपराध निवारण ऐन, २०७० को दफा ९ (क) र (ग) बमोजिम सजाय माग गरिएको छ। यसअन्तर्गत कसुरदार ठहर भएमा उनीहरूलाई थप ५० प्रतिशत सजाय हुन सक्छ। अर्थात् सहकारी ठगीमा १० वर्ष सजाय भए र संगठित अपराध पनि पुष्टि भएमा कुल १५ वर्ष कैद सजाय हुन सक्छ।

सहकारी ठगी र संगठित अपराधको पनि मुद्दा खेपेका लीला पछाईं र विश्वविक्रम राईविरुद्ध भने डिजिटल वालेट, भर्चुअल करेन्सी र क्रिप्टो करेन्सी ट्रान्सफर गरेको आरोपमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९६ (१) बमोजिम सजायको माग गरिएको छ। यो कसुरमा पनि दोषी ठहर भएमा बिगोको तीन गुणासम्म बिगो जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुन सक्छ। उनीहरूलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ (२) बमोजिम थप सजायको पनि माग दाबी गरिएको छ।

सरकारी वकिलको कार्यालयले छविलाल जोशी, लीला पछाईं, रवि लामिछाने, रामबहादुर खनाल र कृष्णबहादुर गुरुङ गरी पाँचजनाविरुद्ध भने सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ३० अनुसार सजायको माग गरिएको छ। सम्पत्ति शुद्धीकरणमा कसुर गर्नेलाई बिगोको दोब्बर जरिवाना र कसुरको गाम्भीर्यता हेरी दुईदेखि १० वर्ष कैद हुने व्यवस्था छ। तर, मुलुकी अपराध संहिता ऐन, २०७४ अनुसार एकीकृत माग दाबी गरिएकाले एउटै घटनामा दुई फरक कसुर स्थापित भएमा दुवैको कैद सजाय भोग्नुपर्दैन। अधिकतम सजाय हुने कसुरको कैद वा त्यसभन्दा मुनि कम सजाय हुने कसुरको आधा सजाय भोग्नुपर्छ। गोर्खा मिडियासँग ६७ करोड ८७ लाख ७० हजार, नेचर हर्ब्स इन्टरनेसनल प्रालिसँग १५ करोड ३४ लाख ४९ हजार, नेचर नेस्ट प्रालिसँग ११ करोड ८५ लाख ८४ हजार, जिबी ग्रुप अफ कम्पनीमा १९ करोड ८२ लाख, गोर्खा ग्रुप मल्टी इन्भेस्टमेन्टसँग आठ करोड ५९ लाख, मन्दरा स्पा एन्ड वेलनेससँग १८ लाख, स्प्रिङ उड रियल इस्टेट एन्ड हाउजिङसँग ५० लाख र नेपाल श्री मल्टी मिडियासँग ३९ लाख बिगो माग गरिएको छ।

जिबीसहित २३ अझै फरार

सुरुका १९ जनामध्ये हालसम्म देवकुमार नेपाली, ओमप्रकाश गुरुङ, लीलाबहादुर गुरुङ, शिवबहादुर गुरुङ, भविश्वर अर्याल, कैलाशकुमार दर्लामी, कुमार रम्तेल र अनुज नकर्मी पुर्पक्षका लागि थुनामा छन्। छविलाल जोशी, लीला पछाई, रवि लामिछाने, रामबहादुर खनाल र कृष्णबहादुर गुरुङ कास्की प्रहरीको हिरासतमा छन्। मुख्य प्रतिवादी सहकारीका पूर्वअध्यक्ष जिबी राईसहित २३ जना फरार छन्।

'पूर्वाग्रह'सहित सांसद पद निलम्बनको सिफारिस

कमलराज भट्ट/नयाँ पत्रिका

अदालतमा मुद्दा दायर भएलगत्तै कास्की प्रहरीले रास्वपा सभापति रवि लामिछानेलाई सांसद पदबाट निलम्बन गर्न सभामुखलाई अनुरोध गरेको छ। तर, लामिछानेको पद निलम्बन हुन्छ कि हुँदैन भन्ने कानुनी प्रश्न भने कायमै छ। रास्वपाले राजनीतिक पूर्वाग्रहसहित निलम्बित गर्ने प्रयास भइरहेको बताएको छ।

लामिछानेलाई निलम्बन गर्न सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २७ प्रयोग गर्नुपर्ने माग जिल्ला सरकारी वकिल कार्यालय कास्कीको छ। सो दफामा भनिएको छ, 'प्रचलित कानुनबमोजिम स्थापित संगठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्रसेवक यस ऐनबमोजिम थुनामा रहेकोमा त्यसरी थुनामा रहेको अवधिभर र निजउपर दफा २२ बमोजिम मुद्दा दायर भएकोमा सो मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्रसेवक स्वतः निलम्बन भएको मानिनेछ।' तर, पदाधिकारीको परिभाषा छैन।

बरु, सम्पत्ति शुद्धीकरण ऐनको दफा २ को परिभाषा खण्डमा संघीय संसद्का सदस्यलाई 'स्वदेशी उच्चपदस्थ व्यक्ति' भनेर परिभाषित गरिएको छ। यसबाट दफा २७ मा उल्लेखित 'पदाधिकारी' संघीय सांसद पर्ने देखिँदैन। तर, सरकारले लामिछानेलाई सांसद पदबाट निलम्बन गराउन दफा २७ लगाउन खोजेको छ। प्रतिनिधिसभा नियमावली नियम, २४८ अनुसार फौजदारी मुद्दामा अदालतले पुर्पक्षका लागि थुनामा पठाएपछि मात्रै सांसद पद निलम्बन हुन्छ। 'तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोगपत्र दायर भई निज पुर्पक्षका लागि थुनामा रहेको अवधिभर सदस्यको हैसियतले कुनै कार्य गर्न वा कुनै अधिकार वा उन्मुक्ति प्राप्त हुनेछैन,' नियम २४८ मा भनिएको छ, 'त्यस्तो अवधिभर निज निलम्बनमा रहने र पारिश्रमिक, सेवा-सुविधासमेत स्थगित हुनेछ।'

लामिछाने अहिले प्रहरीको न्यायिक हिरासतमा छन्। मुद्दा दायरपछि अब जिल्ला अदालतमा हुने थुनछेक बहस र त्यसपछि अदालतले लिने निर्णयका आधारमा मात्रै लामिछानेको निलम्बन टुंगो लाग्ने प्रतिनिधिसभा नियमावलीको नियमले देखाउँछ।

सरकारी वकिल कार्यालय कास्कीकी जिल्ला न्यायाधिवक्ता कमला काफ्लेले सभामुखले निर्णय नगर्दै आफैं न्यायाधीश जसरी लामिछाने स्वतः निलम्बनमा परेको भनेर मिडियामा बोलेपछि संसदीय मामिलाका जानकारहरूले असन्तुष्टि जनाएका छन्। 'संसद्भित्र नियमावली महत्त्वपूर्ण दस्तावेज हो, यसले नै गाइड गर्छ। नियमावलीले एउटा कुरा बोलेको, अर्को ऐनले फरक कुरा बोलेको खण्डमा के गर्ने भनेर छलफल गर्न कार्यव्यवस्था परामर्श समिति बस्छ होला,' संसद् सचिवालयका पूर्वसचिव मुकुन्द शर्माले भने, 'नियमावलीको हकमा कन्फ्युजन क्रियट भएको कारणले गर्दा सभामुखले दलहरूको बैठक आयोजना गरेर निकास निकाल्नु उपयुक्त हुन्छ।'

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले कास्की प्रहरीबाट जानकारी प्रयोजनार्थ पठाइएको पत्र प्राप्त भएको बताए। 'माननीय रवि लामिछानेको मुद्दा सम्बन्धमा कास्की प्रहरीबाट प्राप्त भएको छ। सम्माननीय सभामुखज्यूले सोमबार निर्णय लिनुहुन्छ,' उनले भने।

वरिष्ठ अधिवक्ता ओमप्रकाश अर्यालले सम्पत्ति शुद्धीकरणको संगठित संस्थाको पदाधिकारीभित्र सांसद पनि पर्ने बताए। यद्यपि, निलम्बनबारे निर्णय सभामुखले गर्ने संवैधानिक व्यवस्था रहेको उनले गराए। तर, लामिछानेको केसबाट उच्चपदस्थ पदाधिकारीलाई निलम्बन गर्नकै लागि सम्पत्ति शुद्धीकरणको मुद्दा लाउन सक्ने जोखिम बढेको र यो बहसको विषय भएको कानुनविद् अर्यालले बताए। 'पहिले विभागले हेर्थ्यो। अहिले सीधै सरकारले हेर्छ। प्रहरीको डिएसपी र सरकारी वकिलको उपसचिवदेखि कहिले त शाखा अधिकृतले सम्पत्ति शुद्धीकरण मुद्दा हेर्छ। यो मुद्दामा सरकारको इजी एक्सेस हुँदा जोखिम छ। यो कोणबाट डिस्कोर्समा आउला,' उनले भने।

अधिवक्तासमेत रहेकी रास्वपा नेतृ तथा सांसद सोविता गौतमले लामिछानेलाई निलम्बन गर्नका लागि प्रमाणित नै नहुने कसुर लगाएर राजनीतिक प्रतिशोध साधिएको बताइन्। 'पहिला सहकारी अपचलन भनियो। त्यसमा संलग्नता देखिने कुनै प्रमाण भेटिएन। त्यसपछि कम्पनीभित्र एमडी भएर कारोबार गरेको विषय संगठित अपराध भनेर उचालियो। त्यहाँ पनि ठोस प्रमाण भेटिएन। अनि राजनीतिक प्रतिशोध साधेर फसाउने नियतका साथ सम्पत्ति शुद्धीकरणको मुद्दा पनि लगाइयो। यसमा पनि प्रमाण छैन, तर मुद्दा दर्ता भयो, स्वतः निलम्बन भनेर सभामुखकहाँ चिठी पुग्नुअघि नै सत्तापक्षबाट प्रचारबाजी गरियो। यसबाट सत्ताका गतिविधिमा सीधा-सीधा प्रतिशोध छ भन्ने प्रस्ट हुन्छ,' उनले भनिन्।

सांसद गौतमले सभामुखले न्यायोचित निर्णय गर्ने विश्वास पनि लिइन्। 'सभामुखले निर्णय नगर्दै निलम्बन भन्ने हुँदैन। हामीलाई के विश्वास छ भने सभामुखले पूर्वाग्रह राख्नुहुन्न। संसद्मा हाम्रो नियमावली नै प्रधान हुने हो। संसद् सञ्चालनको सबै विषय नियमावलीले नै गाइड गर्ने भएकाले नियमावलीअनुसार नै गर्नुपर्छ,' उनले भनिन्। अहिले संसद् सचिवालयले कुनै सूचना जारी नगरेको र सभामुखले आग्रह-पूर्वाग्रह नराखीकन निष्पक्ष रूपमा काम गर्ने अपेक्षा रास्वपाको छ।

मुद्दा चलाउने...

पृष्ठ १ बाट क्रमशः

यसरी अनभिज्ञता देखाएकै आधारमा पहारीले मुद्दाबाट छुटकारा पाउँदा अन्यको हकमा भने प्रहरीको अनुसन्धान मापदण्ड फरक छ। अन्यको नाममा पनि यसैगरी कुनै कागजातविना नै उनीहरूको नाममा कर्जा बनाएर दुरुपयोग गरेको अनुसन्धानमा देखिए पनि मुद्दा नै दायर गरिएको छ। रास्वपा सभापति लामिछानेका नाममा एक करोड रुपैयाँ कर्जा देखाइएकोमा त्यसलाई भने प्रहरीले सहकारी ठगीको बिगो बनाएको छ। जसकारण प्रहरी अनुसन्धानको निष्पक्षतामा प्रश्न उठेको छ।

लामिछानेले वयानमा भनेका छन्, 'मिति २०७७/०३/३१ गते सहकारीमा नामथर रवि लामिछाने, ठेगाना पोखरा ८ सृजनाचोक लेखेर एक करोड ऋण देखाइएको भन्ने कुरा यसै वित्तीय विश्लेषण र संसदीय समितिमा वयान दिन जाँदाको क्रममा आधिकारिक रुपमा थाहा पाएको, सहकारीबाट रकम लिने कार्यमा म कुनै पनि किसिमबाट संलग्न नरहेको र सहकारीको रकम मैले उपभोगसमेत नगरेको हुँदा सहकारीको रकम फिर्ता गर्ने जिम्मेवारी मेरो रहँदैन।' यसरी समान प्रकृतिको घटनामा लामिछाने र पहारीको वयान पनि समान प्रकृतिकै छ। तर, लामिछानेलाई मुद्दा चलाएर पहारीलाई भने उन्मुक्ति दिएको छ।

पहारीको नाममा ग्लोबल आइएमई बैंक र त्रिवेणी बैंकको दुई चेकबाट १५ लाख रुपैयाँ पेस्की दिइएको सहकारीको रेकर्ड छ। शिवबहादुर गुरुङका कर्मचारी छिरिङ फुन्सोङ ठकुरीमार्फत रकम निकासा भएको उल्लेख छ। तर, ठकुरीले पनि आफूले सो रकम नलिएको प्रहरीमा कागज गरेका छन्। उनको बयानमा भनिएको छ, 'वित्तीय विश्लेषण प्रतिवेदनमा मिति २०७४/१२/१२ गते राजीव पहारीको नाउँमा सहकारीले पेस्की देखाई निकासा गरेको १५ लाख रुपैयाँमध्ये सहकारीको त्रिवेणी विकास बैंकको चेक नम्बर ९१३४०९ बाट सात लाख र ग्लोबल आइएमई बैंकको चेक नम्बर २२०९८२३६ बाट आठ लाख पाउने गरी मेरो नाउँमा चेक काटिएको भन्ने उल्लेख रही सोहीअनुसारको अभिलेख सहकारीमा रहेछ, यस सम्बन्धमा म पूर्ण रूपमा अनविज्ञ छु।'

पहारीले त ठकुरीसँग आफ्नो चिनजान नै रहेको बताएका छन्। दुवैजनाले पैसा नलिएको बताएको यो विषयमाथि प्रहरीले विस्तृत अनुसन्धान नगरी पहारीलाई उन्मुक्ति दिएको छ। कतिसम्म भने ती चेक बैंकमा कसले साटेको थियो भन्ने विषयमा समेत उल्लेख गरिएको छैन। पहारीले भने आफ्नो नाममा पैसा निकाल्नेमाथि छानबिन गर्नुपर्ने माग गर्दै आएका छन्। 'सूर्यदर्शन सहकारीमा म कहिल्यै जोडिएको छैन, त्यसकारण मैले पैसा निकाल्ने कुरै भएन। मेरो नाममा कसले निकाल्यो छानबिन हुनुपर्छ।'

पोखरा घर भएका पहारी ०७४ को प्रदेश सभा निर्वाचनमा कास्कीबाट निर्वाचित भएका थिए। उनी एमालेनिकट युवा संघ नेपालका पूर्वअध्यक्षसमेत हुन्। सूर्यदर्शन सहकारीका प्रायः कार्यक्रममा उनी अतिथिका रूपमा जाने गरेका थिए। पहारी सहकारीको सदस्य भने होइनन्। तर, सहकारीको गलत गतिविधिमा संरक्षण गरेर उनले फाइदा लिएको आधार देखिएको छानबिनमा आबद्ध पोखरा महानगरका अधिकारी बताउँछन्। महानगरले प्रतिवेदन हस्तान्तरण गरेपछि प्रहरीले सोहीअनुसार पहारीलाई समेत कानुनी दायरामा ल्याउन सिफारिस गरेको थियो। पहारीलाई उन्मुक्ति दिएको विषयमा कास्कीकी जिल्ला न्यायाधिवक्ता कमला काफ्लेलाई जिज्ञासा राख्दा उनले हाल दोषी देखिएका र आरोप पुष्टि भएकाहरूको हकमा अभियोग दर्ता गरिएको बताइन्। शंकाको घेरामा रहेकालाई पुनः पछि छानबिन गरेर आरोपपत्र दायर गर्न सकिने उनको भनाइ छ।

अदालतमा वर्षौं अल्झिन्छन् नियुक्ति र राजनीतिक प्रकृतिका मुद्दा

आफैंले ढिलाइ गरेर अन्तिममा 'औचित्य सकिएको' घोषणा, राजनीति जोडिएका मामिलामा सर्धै ढिलाइ



● **विनोद कार्की**, पूर्वकोषाध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन

अदालतले चाहेमा प्राथमिकता दिई निरन्तर सुनुवाइ गरेर यस्ता प्रकृतिका मुद्दामा फैसला गर्न सकिन्छ, तर त्यसो भएको पाइँदैन। पहिलाको संविधानमा चुनावी विवाद हेर्ने गरी बेग्लै संयन्त्र थियो। अहिले पाँच वर्षपछि फेरि चुनाव भइहाल्छ, त्यसपछि ती रिटको औचित्य नै सकिन्छ।

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतको संवैधानिक इजलासबाट ७ चैत ०८० मा कुल आठ निवेदनमाथि सुनुवाइ भएकोमा एउटा रिट निवेदकका तर्फबाट स्थगित भयो भने एउटामा कारण देखाऊ आदेश जारी भयो। सोही इजलासबाट ६ वटा रिट खारेज भए। तत्कालीन प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठका साथै न्यायाधीशहरू प्रकाशमानसिंह राउत, सपना प्रधान मल्ल, प्रकाशकुमार ढुंगाना र सुष्मालता माथेमाको इजलासले रिट खारेज गरेको ६ मध्ये दुईवटा रिट ०७४ को निर्वाचसम्बन्धी थिए। तीनवटा भने ०७९ को निर्वाचनसँग सम्बन्धित थिए।

संवैधानिक परिषद् अध्यादेश गरी भएका ५२ नियुक्तिविरुद्ध परेका रिट तीन वर्षदेखि अलपत्र छ। प्रतिनिधिसभा विघटन भएको समयमा संसदीय सुनुवाइविना नियुक्त भएका पदाधिकारीको ६ वर्षे कार्यकालमध्ये आधाभन्दा बढी सकिसक्यो, तर सर्वोच्चले निर्णय दिन सकेको छैन। जबकि यो मुद्दालाई सर्वोच्चले अग्राधिकार दिइसकेको छ। सर्वोच्च प्रशासनका अनुसार १७ पुसका लागि अर्को पेसी तोकिएको छ।

तत्कालीन प्रधानमन्त्री केपी ओलीले १ पुस ०७७ देखि १० साउन ०७९ सम्म अध्यादेश ल्याई नियुक्ति गरेको भन्दै यसैसँग सम्बन्धित १५ वटा रिट सर्वोच्चमा दायर भएका छन्। वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ताहरू ओमप्रकाश अर्याल, कीर्तिनाथ शर्मा पौडेलका साथै डा. पुण्यप्रसाद खतिवडालगायतले विभिन्न मितिमा रिटहरू दायर गरेका हुन्।

सर्वोच्चको अभिलेखअनुसार आइतबारसम्म २५ हजार पाँच सयभन्दा बढी मुद्दा किनारा लाग्न बाँकी छन्। यो संख्यामध्ये दुई वर्ष नाघेका मुद्दाहरूको संख्या करिब ११ हजार छ। पाँच वर्षभन्दा पुराना भने दुई हजार ७२८ थान मुद्दा विचाराधीन रहेको अभिलेख छ। कानुन व्यवसायीहरूका अनुसार चुनावको जित-हारसम्बन्धी मुद्दाहरूमा अन्तरिम आदेश दिएर अन्तिममा सर्वोच्चले औचित्य सकिएको भनी रिट खारेजको आदेश गर्ने गरेको छ।

यसैगरी, राजनीतिक निर्णयका मुद्दा पनि छिटो निर्णय दिने गरिएको छैन। पूर्वसभामुख अग्नि सापकोटाविरुद्धको रिट यसैको एउटा उदाहरण हो। काभ्रेकी पूर्णिमाया लामाले १२ वर्षअघि दायर गरेको रिटमाथि संवैधानिक इजलासले निर्णय सुनाउनुपर्नेमा गत ९ असोजमा 'अन्य आदेश' भयो। तीनपटक निर्णय सुनाउने मिति सारेर अन्तिममा यो मुद्दा फेरि सुनुवाइ गर्नुपर्ने भएको छ। किनकि यो मुद्दामा सुनुवाइ गरेका तत्कालीन प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले अवकाश पाइसकेका छन्। कुनै न्यायाधीशले अवकाश पाए फेरि मुद्दाको सुनुवाइ सुरुबाटै गर्नुपर्ने हुन्छ।

यो रिटलाई संवैधानिक इजलासले हेर्ने गरी चैत ०७२ मै आदेश भए पनि १२ वैशाख ०८१ बाट बल्ल यो मुद्दामा सुनुवाइ सुरु भएको थियो। २३ जेठमा निर्णय सुनाउने भनी सुनुवाइ सकिएको यो मुद्दाका निसु सरेर २३ साउनमा पुगेको थियो भने। फेरि पनि २८ फागुनका लागि पेसी तोकिएको छ। सुनुवाइ सकिए पनि अझै यो मुद्दामा फैसला आएको छैन।

सर्वोच्च अदालत बार एसोसिएसनका पूर्वकोषाध्यक्ष विनोद कार्की राजनीतिक प्रभावसमेत पारेर मुद्दाहरूमा ढिलाइ गरिने गरेको बताउँछन्। विशेषगरी ठुला नेताका प्रतिद्वन्द्वीले हालेका



चुनावी धाँधलीका मुद्दाहरू र कर्मचारी सरुवा-बढुवा तथा नियुक्तिका विषयका रिटहरू अल्झिने गरेको उनको भनाइ छ। 'अदालतले चाहेमा प्राथमिकता दिई निरन्तर सुनुवाइ गरेर यस्ता प्रकृतिका मुद्दामा फैसला गर्न सकिन्छ, तर त्यसो भएको पाइँदैन,' कार्कीले भने, 'पहिलाको संविधानमा चुनावी विवाद हेर्ने गरी बेग्लै संयन्त्र थियो। अहिले पाँच वर्षपछि फेरि चुनाव भइहाल्छ, त्यसपछि ती रिटको औचित्य नै सकिन्छ।'

भारतीय नागरिकता लिई नेपालको प्रतिनिधिसभामा पुगेको दाबीसहितको मुद्दा ०७४ को निर्वाचनसँग सम्बन्धित छ। २० फागुन ०७४ मा दर्ता भएको यो रिट २७ वैशाख ०८० मा मात्र खारेजीको फैसला भयो। दुर्गानन्द चौधरीले निर्वाचन आयोग, सुरेशचन्द्र दाससमेतलाई विपक्षी बनाई मुद्दा दायर गरेका थिए। जसमा दास भारतीय नागरिक भएको र भारतको बिहारस्थित दरभंगा जिल्ला घर भई नेपालको सिराहा जिल्ला औरही गाउँपालिकाको ठेगाना देखाई चुनाव जितेको दाबी थियो। यसमाथि २३ फागुन ०७४ मा कारण देखाऊ आदेश जारी भए पनि हेर्न नभ्याइनेकै सूचीमा पर्दै आएको थियो। यद्यपि, पुनः निर्वाचन भइसकेपछि बल्ल रिट खारेजको फैसला भयो।

■ अग्राधिकार दिइएका मुद्दाहरूको सुनुवाइको पालो वर्षौं कुर्नुपर्ने

सम्बन्धित निकायबाट हुने सरुवा-बढुवा तथा नियुक्तिका विवाद पनि सर्वोच्चमा वर्षौं अल्झिन्छन् र कार्यकाल समाप्त भएपछि वा औचित्य सकिएपछि बल्ल निर्णय आउने गरेका छन्। अग्राधिकार दिइएका मुद्दाहरूको पनि सुनुवाइको पालो वर्षौं कुर्नुपर्ने हुन्छ।

तत्कालीन न्यायाधीश हरिकृष्ण कार्की प्रतिवेदनले पनि यस्ता समस्या रहेको औंल्याएको थियो। अध्ययनका क्रममा न्यायसम्पादनको कार्यबाट जनताको विश्वास आर्जन गर्नुपर्ने न्यायपालिकाका लागि पुराना मुद्दाको अत्यधिक चाप चुनौतीको विषय बन्न पुगेको जनाइएको छ। '... मुद्दाका पक्ष स्वयंको भूमिका, कानुन व्यवसायीले बारम्बार पेसी स्थगित गर्नु, कर्मचारीको भूमिका, इजलास समयमा नबस्ने, पर्याप्त जनशक्ति र भएका जनशक्तिको उचित व्यवस्थापनको अभाव, म्याद तामेली समयमा नहुने, सरोकारवालाहरूको असहयोग, मुद्दाका पक्षका अवस्थालाई हेरेर मुद्दा छिन्न न्यायाधीशहरूमा रहेको त्रास'जस्ता कारणले मुद्दामा ढिलाइ हुने गरेको प्रतिवेदनमा उल्लेख छ।

यस्ता कार्यसमेत न्यायिक अनियमितताभित्र पर्ने निष्कर्ष प्रतिवेदनको छ। कानुनबमोजिम प्राथमिकतामा पर्ने मुद्दाले लामो समयसम्म पेसी समय नपाउँदा प्राथमिकतामा नपर्ने खालका मुद्दाहरूले भने छिटोछिटो पेसी पाउने गरेको, मुद्दाको दर्ताक्रम र प्राथमिकताअनुसार पेसीमा नचढ्ने, सुरुको नम्बरमा चढेका मुद्दा फेरि अर्कोपटक अन्तिममा पालो नआउने गरी चढ्ने गरेकोजस्ता समस्या औंल्याइएको थियो। 'मुद्दाका पक्षहरूका प्रभावमा परी अन्तरिम आदेश पाएका पक्षको मुद्दा पेसीमा चढ्नै नदिने गरेको,' प्रतिवेदनमा थप भनिएको छ।

प्रतिवेदनले यस्ता पुराना तथा अन्तरप्रभावी मुद्दाहरू शीघ्र फर्स्योट हुनुपर्ने सुझाव दिएको छ। हरिकृष्ण कार्की प्रतिवेदनले सर्वोच्च अदालतले गर्नुपर्ने नीतिगत र कानुनी सुधार खण्डमा भनेको छ, 'सर्वोच्च अदालतमा दर्ता भई विचाराधीन रहेका रिट निवेदनहरूमध्ये औचित्य समाप्त भइसकेका निवेदनहरू पहिचान गरी एकीकृत रूपमा पेसी सूची प्रकाशन गरी फर्स्योट गर्ने प्रणालीको विकास गर्ने।'

सर्वोच्चले भने पुराना मुद्दा व्यवस्थापनका लागि अभिलेख फाँट राखेर शीघ्र फर्स्योटको प्रयास भइरहेको जनाएको छ। सर्वोच्चका प्रवक्ता अच्युत कुइँकेलले आफूलाई यस विषयमा केही जानकारी नभएको बताए। सर्वोच्चकै एक पूर्वप्रवक्ता भने रणनीतिक योजनामा हरिकृष्ण कार्की प्रतिवेदनका थुप्रा कुरा परेको बताउँछन्। प्रविधिदेखि न्याय सम्पादनका अन्य कार्यहरू उक्त योजनामा छन्।

राजनीतिक प्रकृतिका मुद्दा फिर्ता लिने प्रस्तावबाट सरकार पछि हट्यो



कमलराज भट्ट/नयाँ पत्रिका

राजनीतिक प्रकृतिका जुनसुकै मुद्दा फिर्ता लिन सकिने प्रस्तावबाट सरकार पछि हटेको छ। सशस्त्र र हिंसात्मक गतिविधि त्यागेर शान्तिपूर्ण राजनीतिमा आएको सिके राउत नेतृत्वको जनमत पार्टी र नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपासँग भएको सम्झौताका आधारमा सरकारले केही नेपाल ऐन संशोधनमार्फत २६ वैशाख ०८० मा राजनीतिक प्रकृतिका जुनसुकै मुद्दा फिर्ता लिन सकिने प्रस्ताव गरेको थियो। यो प्रावधानले राजनीतिको आडमा जघन्य अपराधका कसुरदारले पनि उन्मुक्ति पाउने भन्दै चौतर्फी विरोध भइरहेका वेला सरकार पछि हटेको हो।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजय चौरासियाले आमजनताको विरोध र राजनीतिको आडमा अन्य जघन्य अपराधका कसुरदारले उन्मुक्ति पाउने प्रश्न उठेकाले यो प्रस्ताव फिर्ता लिएको बताए। आइतबार प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिमा उपस्थित मन्त्री चौरासियाले शान्तिपूर्ण राजनीतिमा आएका शक्तिहरूको विषय सम्बोधनका लागि छुट्टै कानुन ल्याउन सकिने बताउँदै मुद्दा फिता लिने व्यवस्थालाई सरकारले अगाडि बढाउन नचाहेको स्पष्ट पारे।

२४ फागुन ०७५ मा जनमत र २० फागुन ०७७ मा विप्लव समूहलाई शान्तिपूर्ण राजनीतिमा ल्याउन विभिन्न बुँदामा सहमति गरेको सरकारले त्यसलाई कार्यान्वयन गर्न २६ वैशाख ०८० मा संसद्मा दर्ता गरेको केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको दफा ६४ मा हिंसात्मक क्रियाकलाप सञ्चालन गरिरहेका समूहलाई शान्तिपूर्ण राजनीतिमा ल्याउन जुनसुकै मुद्दा फिर्ता सक्ने प्रस्ताव गरेको थियो।

तत्कालीन कानुनमन्त्री धनराज गुरुङले ल्याएको विधेयकको दफा ६४ ले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ लाई संशोधन गर्न खोजेको छ। दफा ११६ मा फिर्ता गर्न नमिल्ने मुद्दाको सूची छ। सरकारले ल्याएको विधेयकको दफा ६४ मा राजनीतिक नेता कार्यकर्ताविरुद्ध चलाइएका जुनसुकै विचाराधीन मुद्दा फिर्ता लिन मिल्ने गरी व्यवस्था गरिएको छ। दफा ११६ (क) थपेर 'शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन मुद्दा फिर्ता लिन सकिने' प्रस्ताव गरिएको छ।

'दफा ११६ मा जुनसुकै कुरा लेखिएको भए पनि कुनै राजनीतिक दल वा समूहले मुलुकको राजनीतिक प्रणालीसँग असहमत रही हिंसात्मक क्रियाकलाप सञ्चालन गरिरहेकोमा त्यस्तो दल वा समूह शान्तिपूर्ण राजनीतिको मूलधारमा आउन संविधान र प्रचलित कानुनको अधीनमा रही शान्तिपूर्ण राजनीतिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिबद्धता जनाई नेपाल सरकार र त्यस्तो दल वा समूहबिच राजनीतिक प्रकृतिका सम्झौताको माध्यमबाट नेपाल सरकार वादी भई दायर भएका मुद्दा फिर्ता लिने गरी सहमति भएकोमा त्यस्तो सम्झौताबमोजिम त्यस्ता दल वा समूहका नेता तथा कार्यकर्ताविरुद्ध चलाइएका जुनसुकै मुद्दा जुनसुकै तहको अदालतमा विचाराधीन रहेको भए पनि फिर्ता लिन बाधा पर्नेछैन,' विधेयकको दफा ६४ मा भनिएको छ। विधेयक दफा ६४ हटाउन काग्रेस, एमाले, रास्वपा, राप्रपा, नेमकिपा र स्वतन्त्र गरी ३४ जना सांसदले संशोधन नै राखेका छन्। यो व्यवस्थाको सर्वत्र विरोधपछि तत्कालीन कानुनमन्त्री गुरुङले यो दफा फिर्ता लिन तयार रहेको बताएका थिए। तर, संसदीय समितिमा यो दफामा छलफल हुन सकेको थिए।

सरकार परिवर्तन भएर अहिले कानुनमन्त्री बनेका

राजनीतिक सहमति भए छुट्टै ऐन ल्याउन सकिन्छ

● **अजय चौरासिया**, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री



कानुनमन्त्री अजय चौरासियाले राजनीतिक बन्दी रिहाइको सवाल सम्बोधन गर्न राजनीतिक सहमतिमा छुट्टै कानुन ल्याउन सकिने बताएका छन्। 'दफा ६४ को सम्बन्धमा पहिलेकै कानुनमन्त्री (धनराज गुरुङ)ले संसद्मै र यहाँ (संसदीय समिति) पनि फिर्ता लिन्छु भनेकाले कानुन मन्त्रालयको अहिलेको पोजिसन पनि त्यही हो,' उनले भने, 'यो समस्या समाधानका लागि छलफल गर्नौं। आवश्यक पऱ्यो र राजनीतिक सहमति भयो भने छुट्टै ऐन ल्याउन पनि सकिन्छ वा यसमै पनि एडजस्ट गर्न सकिन्छ। तर, पहिलेको मन्त्रीले फिर्ता लिइसकेको भनेको विषयमा मैले यथावत् राख्न सक्छु कि सक्दिनँ, यहाँले नै मनन गरिदिनुस्।'

अहिलेको व्यवस्थामा आमजनताको विरोध भएको उनले स्मरण गराए। 'सरकारवादी भन्नासाथ यसले गम्भीर मानव अधिकार उल्लंघन, बलात्कारका घटनामा पनि असर पार्छ। जुन टिआरसी ऐनले स्विकार्दैन। त्यसैले फिर्ता लिनुपरेको हो,' उनले भने, 'अरू थप के-के गर्ने भन्ने कुरामा राजनीतिक दलबिच सहमति भयो भने जुनवेला पनि ऐन बनाएर ल्याउन सकिन्छ।'

चौरासियाले आइतबार कानुन समितिमा उपस्थित भएर दफा ६४ सरकारले फिर्ता लिएको घोषणा गरे, तर समितिले कुनै निर्णय गरेन। प्रमुख प्रतिपक्षी माओवादीले दफा ६४ को औचित्य पुष्टि नगरी फिर्ता लिए 'नोट अफ डिसेन्ट' लेख्ने चेतावनी दिएपछि समिति निर्णयमा पुग्न सकेन।

■ माओवादीको असहमति

सरकारले दफा ६४ फिर्ता लिने प्रस्ताव गरे पनि प्रमुख प्रतिपक्षी माओवादीले असहमति जनाएको छ। संसदीय समितिमा माओवादी सांसद पूर्णबहादुर घर्तीले शान्तिपूर्ण राजनीति गर्ने तत्कालीन राजनीतिक सहमतिका आधारमा दफा ६४ आएको र यो जायज भएको बताए। 'तत्कालीन मन्त्रीले ल्याएको प्रस्ताव कायम राख्नुपर्छ। छलफल नगरी हटाउने हो भने दलका तर्फबाट नोट अफ डिसेन्ट लेख्छौं,' उनले भने।

माओवादीकै रामकुमार राईले दफा ६४ फिर्ता लिनुको औचित्य नभएको बताए। 'जुनवेला नेकपालाई शान्तिपूर्ण राजनीतिमा ल्याउने भनेर सरकारले तीनबुँदे सहमति गरेको थियो, त्यही वेला आएको हुनाले कसरी फिर्ता लिने भन्ने कुरा आयो ?' उनले सोधे, 'त्यही सरकार रहिरहँदा फिर्ता लिनुको औचित्य छैन। त्यसकारण हाम्रो नोट अफ डिसेन्ट रहन्छ।' एमालेका चन्द्रबहादुर विश्वकर्माले दफा ६४ मा थप छलफल हुनुपर्ने माग राखे। 'कसको निर्देशन, आदेश र दबाबमा फिर्ता लिइयो ? बाहिरको दबाब हो कि, समितिको हो कि, जनप्रतिनिधिको हो कि, कसको दबाब हो र फिर्ता लिइयो ?' उनको प्रश्न थियो।

दफा ६४ ले नेपाली समाजको संरचना र प्रवृत्तिलाई सम्बोधन गरेको भन्दै उनले थपे, 'नेपाली समाजको इतिहास हेर्दा कता न कता दबाब, आन्दोलन, हिंसात्मक र शान्तिपूर्ण ढंगले अगाडि बढेको र परिवर्तन भएको अवस्था त हो नै। देशमा भइरहेका हरेक घटना परिघटना सम्बोधनका लागि व्यवस्था गरिएको हुनाले यो दफामा थप छलफल हुनुपर्छ।'

संक्षेप

सरकारले काम गर्न नसकेको प्रधानमन्त्रीले नै स्विकार्नुभएको छ : कोइराला



धनगढी/ काग्रेस नेता शेखर कोइरालाले दुई ठुला दल मिलेर बनेको वर्तमान सरकार असफल हुने छुट नरहेको बताएका छन्। धनगढीमा आइतबार आयोजित पत्रकार सम्मेलनमा उनले यो सरकार असफल भए देशमा अराजकता निम्तिने भएकाले म्यान्डेटअनुसार काम गर्न सल्लाह दिए। 'सरकार बनेको पाँच महिनाजति भयो। जनताले अपेक्षा गरेजस्तो काम सरकारले गर्न सकेको छैन, केही भइरहेको छैन भन्ने कुरा प्रधानमन्त्रीले नै भनिरहनुभएको छ। मन्त्रिपरिषद् चेन्ज गर्ने कुरा पनि सुनिन्छ,' उनले भने, 'तर, सरकारलाई असफल हुने छुट छैन।' दुई दलको सहमति हुँदा जुन 'म्यान्डेट'का साथ सरकार बनेको हो, त्यसमा ध्यान दिन नसकेको उनले बताए। राजनीतिक स्थायित्वका लागि सरकार गठन भएको उल्लेख गर्दै उनले त्यसका लागि संविधानमा केही संशोधन आवश्यक रहेको बताए। 'राजनीतिक स्थायित्वका लागि संविधानमा केही सुधार गर्नुपर्छ। तर, संविधान संशोधनतिर सरकारको ध्यान नगएकोमा हाम्रो चिन्ता छ,' कोइरालाले भने, 'यो विषयमा पटकै छलफल भएको छैन। हामी सबैले सरकारलाई दबाब दिनुपर्छ।' संविधान संशोधनबारे अन्य दलहरूसँग पनि छलफल गर्नुपर्ने उनको भनाइ थियो।

राप्रपाले बोलायो केन्द्रीय समिति बैठक

काठमाडौं/ राष्ट्रिय प्रजातन्त्र पार्टीले केन्द्रीय समिति बैठक बोलाएको छ। राप्रपा प्रवक्ता मोहन श्रेष्ठले आगामी ११ र १२ पुसका लागि केन्द्रीय कार्यसमिति बैठक बोलाउने निर्णय भएको जानकारी दिए। शनिबार बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले समसामायिक परिस्थितिलगायत विषयमा छलफल गर्न केन्द्रीय समिति बैठक बोलाउने निर्णय गरेको थियो। उपनिर्वाचनमा अपेक्षाअनुरूप परिणाम नआए पनि जनमतमा केही सुधार भएको समीक्षा गर्दै राप्रपाले पार्टी निर्माणका लागि केन्द्रीय समिति बैठकमा छलफल गर्ने तयारी गरेको छ। त्यस्तै, २७ पुसमा मनाइने पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवस हरेक वर्षजस्तै उत्सवका रूपमा मनाउने निर्णय गरिएको पनि प्रवक्ता श्रेष्ठले बताए।

आधा किलो सुनसहित दुई भारतीय पक्राउ

धनगढी/ प्रहरीले कैलालीको धनगढीबाट करिब आधा किलो सुनसहित दुईजना भारतीय नागरिकलाई पक्राउ गरेको छ। भारतको पलियाकला खिरी बस्ने ४४ वर्षीय दीपक गुप्ता र ३४ वर्षीय सुमित बर्मालाई धनगढीको ट्राफिकचोक चौराहाबाट ५४९.२०० ग्राम सुनसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक पदमबहादुर विष्टको नेतृत्वमा खटिएको टोलीले भारतीय नम्बर प्लेटको युपी ३२ जेभी ९२०० नम्बरको कारलाई चेकजाँच गर्दा गाडीभित्र ज्याकेटको खल्तीमा लुकाइराखेको सुन बरामद गरेको हो। सुनका दुईवटा टुक्रा बरामद गरिएको प्रहरी उपरीक्षक विष्टले बताए। त्यस्तै, ४४ हजार आठ सय नेपाली रुपैयाँ, एक थान ल्यापटप, दुई थान मोबाइलसमेत बरामद गरिएको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ।

स्वस्थ आलोचनाको बाटो समाउन आग्रह

काठमाडौं/ प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले आधारहीन आरोप नभई स्वस्थ आलोचनाको बाटो समाउन सामाजिक सञ्जाल प्रयोगकर्तालाई आग्रह गरेका छन्। युट्युब, फेसबुक पेजसहित डिजिटल माध्यममा भ्रामक र आधारहीन आरोपले प्रश्रय पाएको उल्लेख गर्दै त्यसलाई रोक्न सञ्चारकर्मी र सामाजिक सञ्जाल प्रयोगकर्ता स्वयं सचेत बन्नुपर्ने उनको भनाइ छ। काउन्सिलमा आइतबार आयोजित अभिमुखीकरण कार्यक्रममा बस्नेतले आधारहीन एवं एकपक्षीय आरोप, नकारात्मकता र पक्षधरताले सञ्चारमाध्यमकै बदनाम भइरहेको उल्लेख गरे। पत्रकारितामा आलोचनात्मक चेत आवश्यक भए पनि आलोचना गर्नु भनेको आरोपको वर्षा लगाउनु नभएको उनको भनाइ थियो। 'पत्रकार स्वयं सजग, सचेत र चनाखो नहुँदा यो गलत बाटोको मारमा मिडिया जगत् स्वयं पर्नुपरेको छ। यसले पत्रकारिताको विश्वसनीयता खल्बलाएको छ,' उनले भने।

■ सडकमा भित्तामा कलाकृति



माइतीघर-बबरमहल सडकखण्डको भित्तामा पुरातात्त्विक सम्पदा र कलाकृतिको चित्र कोर्दै कलाकार। काठमाडौं महानगरपालिकाले सहरका विभिन्न सडकका भित्तामा पुरातात्त्विक महत्त्व बोकेका र खेलाडीका चित्र बनाउने कार्यलाई प्राथमिकतामा राखेको छ।

तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

■ पृथ्वी राजमार्ग स्तरोन्नति

मध्यदिनमा बन्द गरी काम, यात्रुलाई सास्ती

धादिङमा **अर्जुन श्रेष्ठ**

यतिवेला पृथ्वी राजमार्ग स्तरोन्नतिको काम भइरहेको छ। यस क्रममा मध्यदिनमा विभिन्न ठाउँमा सडक बन्द गरी विस्तारको काम गर्दा यात्रुहरू समस्यामा परेका छन्। यात्राका क्रममा यात्रुहरू बिचबाटोमा रोकिनुपर्दा कठ्याङ्ग्रिँदो जाडोमा बाटोमा लामो समय पर्खन त बाध्य छन् नै, गाडी रोकिने स्थानमा पसलसमेत नहुँदा खान, दिसापिसाब गर्नसमेत समस्या परेको उनीहरूको गुनासो छ।

'धादिङबेँसीबाट बेनीघाट जाँदै थिए। सडक बन्द हुन्छ भन्ने थाहै थिएन। दुई घण्टादेखि जाममा छु। न अफिस फर्कनु, न फिल्ड पुगेर घर फर्कन भ्याउनु। आजको दिन जाममै बित्ने भयो,' धादिङकी अञ्जु श्रेष्ठ भन्छिन्, 'रातको समयमा बन्द गरेर काम गरेको भए यात्रुलाई अलि सहज हुने थियो। मध्यदिनमा यात्रुलाई सास्ती भयो। यस्तो आलोकाँचो निर्णयले गर्दा हामीजस्ता हजारौं यात्रुको बिचल्ली भएको छ।'

पोखरा हिँडेका मिलन ठकुरी विशालटारको जाममा फसेको बताउँछन्। 'अनुमानित समय निकालेर गन्तव्यमा हिँडेका हुन्छौं। एक्कासि यति लामो समय जाममा परियो। कहिले पुग्ने पोखरा, आजै हुने काम दुई दिन लाग्ने भयो। सडकको कामले जाम पर्दा हामी बेकामे भयौं,' उनले भने।

हरेक दिन बिहान ११ देखि दिउँसो २ बजेसम्म बन्द गरी सडक विस्तार गरिएको छ। घुम्तीलगायत केही स्थानमा पहाड कटान गर्नुपर्ने भएकाले दिनमा सडक बन्द गरी विस्तार गरिएको नागढुंगा-मुग्लिन सडक योजना (पूर्वी खण्ड) गजुरीका योजना प्रमुख केशव ओझाले बताए। 'आइतबारदेखि दैनिक तीन घण्टा

सडक बन्द गरिएको छ। १३ पुससम्म दैनिक बिहान ११ देखि दिउँसो २ बजेसम्म बन्द हुनेछ,' उनले भने, 'पहाड काट्नुपर्ने भएकाले जोखिमका कारण रातको समयमा बन्द गरी काम गर्न सक्ने अवस्था छैन। लामो समय छलफलपछि यो निर्णय गरेका हौं। विभिन्न सञ्चारमाध्यम तथा सम्बन्धित निकायबाट पनि सूचना प्रवाह गरिरहेका छौं।'

मध्यदिनमा सडक बन्द भए पनि अत्यावश्यक सवारीसाधन सञ्चालनमा रोक नलगाइएको ओझाले बताए। 'काठमाडौं आउने जाने सवारीचालकले लेन अनुशासन पालना गरी सवारी चलाउन आग्रह गरेका छौं। बन्द रहने समयमा एम्बुलेन्स, प्रहरीका सवारी र दमकलजस्ता अत्यावश्यक सवारीसाधन चल्ने व्यवस्था मिलाइएको छ,' उनले भने, 'मलेखु-मुग्लिन खण्डको विशालटार क्षेत्र, मफिमटार, बेनीघाट बजार, चरौंदी बजारमा रोकिनेछन्। नौबिसे-मलेखु खण्डको गल्छी बैरनी, जरेखेत, चालिसे, घाटबेँसी र नागढुंगा सुरुङ मार्गको सिस्नेखोला क्षेत्रमा रोकिनेछन्। हेभी सवारीसाधन र हल्का सवारीसाधनलाई पनि छुट्टाछुट्टै ठाउँमा रोकिने व्यवस्था छ।'

सम्पत्ति शुद्धीकरण निवारणबारे उच्चस्तरीय छलफल

काठमाडौं/ सम्पत्ति शुद्धीकरण निवारणमा नेपालको अवस्थाबारे मूल्यांकन र सुधारको भावी कार्यदिशाबारे प्रधानमन्त्री केपी ओलीको उपस्थितिमा उच्चस्तरीय छलफल भएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आइतबार भएको छलफलमा काग्रेस सभापति शेरबहादुर देउवा, उपप्रधानमन्त्रीहरू, मन्त्री, राजनीतिक संयन्त्रमा रहेका नेताहरूको उपस्थिति थियो। बैठकमा सम्पत्ति शुद्धीकरण निवारणमा नेपालको अवस्थाबारे प्रस्तुतीकरण गरिएको थियो।

फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ)ले सम्पत्ति शुद्धीकरण, आतंकवादी कार्य तथा आमविनाशका हातहतियार निर्माण र विस्तारमा वित्तीय लगानीजस्ता गैरकानुनी क्रियाकलाप निवारण गर्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय मापदण्ड निर्धारण गरेको छ। सदस्यराष्ट्रले एफएटिएफका मापदण्ड पालना गर्नुपर्छ। नेपाल ०५९ मा यसको सदस्य भएको थियो। त्यसयता यस क्षेत्रमा कानुनी, नीतिगत र संरचनागत रूपमा काम हुँदै आएको छ। एसिया प्रशान्त क्षेत्रमा एसिया प्यासिफिक ग्रुप अन मनी लाउन्डरिङ (एपिजी)ले यहाँका मुलुकहरूबिच यस विषयमा साझा काम गर्दै आएको छ।

आगामी जनवरीमा फिलिपिन्समा हुने एपिजीको 'फेस टु फेस' बैठकमा नेपालको राजनीतिक प्रतिबद्धता र सुधारका पहलसहित प्रस्तुति राखेर नेपाललाई 'ग्रे लिस्ट' मा पर्न नदिन पहल गर्न छलफलमा सुझाव दिइएको छ। प्रधानमन्त्री ओलीले यस स्थितिलाई सबैले गम्भीरतापूर्वक लिएर स्थितिमा सकारात्मक परिवर्तन ल्याउन प्रभावकारी रूपमा काम गर्नुपर्नेमा जोड दिए। काग्रेस सभापति देउवाले कसले कहाँ के सामान किन्छ भन्ने हिसाबकिताब नै नहुने भएकाले सम्पत्ति शुद्धीकरणलाई कार्यान्वयन गर्नु धेरै गाह्रो कुरा भएको बताए।

वैदेशिक सहायता कि स्वनिर्भरता ?

अनुदान तथा सहायतालाई बदलिँदो परिवेशअनुसार पारदर्शी तथा प्रभावकारी तवरले विकासे योजनामा लगाई स्वनिर्भरताको बाटो खोज्न ढिलो भइसकेको छ



● अविन ओझा

अग्रलेख

नेपालको समस्त विकाशमा वैदेशिक सहायता (ऋण, अनुदान र प्रविधिक सहयोग) को ठुलो महत्त्व रहँदै आएको छ । नेपालको पहिलो पञ्चवर्षीय योजना (१९५६–६०) त पूर्ण रूपमा वैदेशिक सहायतामै निर्भर थियो । त्यसो त सन् १९५० पछिका प्रायः सबै दीर्घकालीन तथा अल्पकालीन विकास योजना तथा परियोजनामा वैदेशिक सहयोग रहँदै आएको छ । यसबिच बैदेशिक सहायताबारे जनस्तरमा निकै कम चर्चा हुने गर्थ्यो । प्रायः सबै सहायता विवादरहित रूपमा स्विकारिँदै आयो । वैदेशिक सहायताको नेपालको आर्थिक विकास र पूर्वाधारमा के-कस्तो भूमिका रह्यो, यसमा भने सबैको आ-आफ्नै तर्क छन् । तर, पछिल्लो समय अमेरिकाको पाँच सय मिलियन अमेरिकी डलरबराबरको मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसिसी) अनुदान सहायताले भने निकै चर्चा पायो । यसो त अहिले प्रधानमन्त्री ओलीको चीन भ्रमणका सन्दर्भमा भएको बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) सम्झौता पनि चर्चाको शिखरमै छ । हुन त बिआरआईमा नेपालले यसअघि सन् २०१७ तिरै सहमति जनाइसकेको थियो । एमसिसी र बिआरआईलाई विकासे अनुदान या ऋण सहायताभन्दा पनि भूराजनीतिक माध्यमका रूपमा व्याख्या गरिएको छ । नेपाली राजनीतिज्ञदेखि बुद्धिजीवी तथा सर्वसाधारण सबै एमसिसी र बिआरआईको समर्थन एवं विरोधमा ध्रुवीकरण भएका छन् । अलिक पहिले एमसिसी र यतिखेर बिआरआई नेपालमा बहसको विषय बनेका छन् ।

वैदेशिक सहायतामा जनचासो : एमसिसी विकासे अनुदान मात्र हो कि अमेरिकी भूराजनीतिको औजार ? यो नेपाल राष्ट्रको हितमा छ या अहितमा ? यसमा सबैको चासो छ र हरेकका आआफ्नै तर्क छन् । यो विषय सेलाउन नपाउँदै फेरि अर्को विषयले प्रवेश पाएको छ । हुन त बिआरआई पनि केही पहिल्यैदेखि चर्चामा रहेको हो । यसै सन्दर्भमा चीनको ऋण-अनुदानमा अल्झेको बिआरआईको पछिल्लो मुद्दाले भने नेपालको समग्र विकासमा अबको बाटोमा एउटा जटिल तर निकै महत्त्वपूर्ण विषयको बहसको ढोका खोलिदिएको छ ।

वैदेशिक सहायता (ऋण, अनुदान र प्रविधिक सहयोग) मा आधारित विकास नीति कि आन्तरिक स्रोतमा निर्भर विकास नीति भन्ने विषयमा अब सर्वसाधारणदेखि नीति-निर्मातासम्म घनीभूत बहस जरुरी छ । नीति-निर्माण तहमा एउटा साझा अवधारणा हुनु जरुरी छ । यो बहस एमसिसी/बिआरआईमा मात्र होइन, कुनै पनि दातृ राष्ट्र तथा निकायबाट प्राप्त सहायतामा हुनु जरुरी छ । स्मरण रहोस्, कुनै पनि देश या दाताले अनुदानमा 'शून्य लाभ'को खेल खेल्दैन । यसर्थ, कुनै पनि वैदेशिक सहायतामा आर्थिक, सामाजिक-सांस्कृतिक या भूराजनीति स्वार्थ कहीं न कहीं लुकेकै हुन्छ ।

अहिलेजसरी जनस्तरमा पनि वैदेशिक सहायताप्रति चासो बढेको देखिन्छ, यसले अबउप्रान्त वैदेशिक सहायताको विषयमा लाभ-हानि तथा राष्ट्रियताको विषयमा ठुलै मन्थन हुने देखिन्छ । जसलाई जन-जिज्ञासा र जन-जागरुकताका दर्शनबाट निकै सकारात्मक मान्न सकिन्छ । अब वैदेशिक सहायताको आवश्यकता, उपयोगिता र प्रभावकारिता यी तीन पाटोमा सम्बन्धित पक्षले गहन समीक्षा गर्नुपर्ने देखिन्छ । यी तीन पक्षबारे जनतालाई पनि जानकारी गराउनुपर्छ ।

त्यसो त कम्तिमा पनि पछिल्लो ६ दशकयता नेपालले लिँदै आएको वैदेशिक सहायताले नेपालको विकासका सूचकमा कस्तो प्रभाव पारे, जनताको जीवनस्तर सुधारमा कति प्रभावकारी रह्यो, समग्र देशको पूर्वाधार विकासमा कति प्रभावकारी भए, उत्पादन र रोजगारी कति वृद्धि गरे, यी र यस्ता विषयको परिमाणात्मक एवं गुणात्मक मूल्यांकन सम्बन्धित सबैले गर्नैपर्छ । त्यसैका आधारमा आगामी दिनमा लिइने बाह्य सहयोग या ऋणसम्बन्धी नीति तय गरिनुपर्छ ।

अबको चुनौती एमसिसी र बिआरआई दुवै : राजनीतिक भावावेश भर्नौं या विकासको आवश्यकता, नेपालले एमसिसी र बिआरआई दुवै परियोजनामा सहमति जनाई हस्ताक्षर गरिसकेको अवस्था छ । जहाँबाट अगाडि बढ्न जति चुनौतीपूर्ण छ, त्योभन्दा जोखिम दुवैबाट पछाडि हट्नुमा हुनेछ । यसर्थ, आर्थिक विकास तथा भूराजनीतिक सम्बन्ध दुवैका हिसाबले यी दुई परियोजनाको सफल व्यवस्थापन अबको चुनौती हुनेछ ।

विश्वका १३० भन्दा बढी राष्ट्रलाई समेट्ने चीनको अति महत्त्वाकांक्षी परियोजना हो, बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) । पछिल्लो एक तथ्यांकअनुसार नेपाललगायत १३० भन्दा बढी राष्ट्रले बिआरआईमा हस्ताक्षर गरिसकेको अवस्था छ । नोभेम्बर २८, २०२१ मा दी इकोनोमिक टाइम्स पत्रिकामा प्रकाशित एक अन्तर्राष्ट्रिय दृष्टान्तबाट बिआरआईको समीक्षा गरौं । सो पत्रिकाअनुसार युगान्डाले आफ्नो विमानस्थलको स्तरोन्नतिका लागि एक्जिम नामक चिनियाँ बैंकबाट २०७ मिलियन अमेरिकी डलर लिएको तर सो रकम अनुग्रह (ग्रेस) समय पूरा भइसक्दा पनि युगान्डाले तिर्न नसक्दा चीनले



सो विमानस्थलमाथि कब्जा गरेको भन्ने समाचारमा उल्लेख छ । त्यसो त डिसेम्बर १२, २०१७ मा न्युयोर्क टाइम्समा प्रकाशित आलेखअनुसार श्रीलंकाले बिआरआईअन्तर्गत परियोजनाको ऋण तिर्न नसकेर बन्दरगाहको नियन्त्रण ९० वर्षका लागि चाइनिज कम्पनीलाई सुम्पेको छ ।

अर्कातर्फ अमेरिकाको एसिया केन्द्रित परियोजन इन्डो प्यासिफिक स्ट्राटिजी (आइपिएस) को लक्ष्य जे भए पनि यसमा समेटिने परियोजना या क्षेत्र भूराजनीतिका हिसाबले निकै महत्त्वपूर्ण छ । आइपिएसले विश्वको झन्डै ४४ प्रतिशत भूभाग ओगटेको छ । करिब ३८ देश यसमा सामेल छन् । त्यसो त यस क्षेत्रमा विश्वको करिब ६५ प्रतिशत आबादी छ । विश्वको कुल गार्हस्थ उत्पादनको झन्डै ६२ प्रतिशत हिस्सा छ । विश्व व्यापारको ४६ प्रतिशत अंशको स्वमित्व यस क्षेत्रमा रहेको छ । वर्तमान विश्वमा दुई ठुला शक्ति मानिएका देश अमेरिका र चीनले आफ्ना मित्रराष्ट्रमा आर्थिक विकास गर्ने मुख्य उद्देश्य भन्दै महायोजना अगाडि सारेका छन् । नेपालजस्ता अल्पविकसित मुलुकका लागि अहिले यी दुवै परियोजनाअन्तर्गतका अनुदान या ऋण न त सर्वस्वीकार्य छ, न त अस्वीकार्य नै ।

> वैदेशिक सहायता (ऋण, अनुदान र प्राविधिक सहयोग) मा आधारित विकास नीति कि आन्तरिक स्रोतमा निर्भर विकास नीति भन्ने विषयमा अब सर्वसाधारणदेखि नीति-निर्मातासम्म घनीभूत बहस जरुरी छ । किनकि, कुनै पनि वैदेशिक सहायतामा आर्थिक, सामाजिक-सांस्कृतिक या भूराजनीतिक स्वार्थ कहीं न कहीं लुकेकै हुन्छ ।

वैदेशिक सहायता कि आन्तरिक स्रोतमा आधारित विकास : सन् २००९ मा प्रकाशित डमाविसा मोया को पुस्तक 'डेड एड' ले उनले अफ्रिकी महादेशको आर्थिक सामाजिक पिछडापनमा वैदेशिक अनुदानलाई मुख्य कारक मानेकी छिन् । उनका अनुसार पछिल्लो ६ दशकयता अफ्रिकामा वैदेशिक सहायताको खोलो बगेको छ । यस अवधिमा एक ट्रिलियन अमेरिकी डलरभन्दा बढी अनुदान रकम अफ्रिकी भूमिमा सिञ्चित भइसकेको छ । त्यो वैदेशिक अनुदानले अफ्रिकी जनताको जीवनस्तरमा सुधार आएको छ त ? सहज उत्तर छ, छैन । मोया मान्दछिन्, त्यो अनुदान गरिबलाई झन् गरिबीमा धकेल्न र आर्थिक वृद्धिलाई झनै मन्द पार्न सहयोगी बन्यो । 'डेड एड'को मुख्य सार वैदेशिक अनुदान र ऋणले अफ्रिकी विकासलाई पछि पारेको हो भन्ने छ । मूलतः वैदेशिक अनुदानले कुनै पनि अल्पविकसित मुलुकमा भ्रष्टाचारलाई प्रश्रय दिन्छ, मूल्यस्फीति निम्त्याउँछ, सामाजिक पुँजीलाई कमजोर बनाउँछ, राजनीतिक अस्थिरतालाई प्रश्रय दिन्छ र वैदेशिक हस्तक्षेपलाई सघैं सहज पार्छ ।

अर्कातर्फ १९६० को दशकताका अमेरिकी अर्थशास्त्री डब्लुडब्लु रास्टोको 'मर्डनाइजेसन थ्योरी' (आधुनिकीकरणको सिद्धान्त) लाई हेर्ने हो भने अल्पविकसित मुलुकको विकासको तगारो आधुनिक संस्कृति र प्रविधि अँगाल्न नसक्नु हो । परम्परावाद शैली र प्रविधि नै अल्पविकासको मुख्य कारक हो । यस सन्दर्भमा विश्वका धनी राष्ट्रले यस्ता अति कम विकसित राष्ट्रको विकासका लागि प्रमुख पूर्वाधार विकासका लागि प्राविधिक तथा आर्थिक सहयोग अपरिहार्य हुने बताएका छन् । यस्तै जेफ्री स्यक्सको सन् २००६ मा प्रकाशित पुस्तक 'दी इन्ड अफ पर्भटी' मा विश्वको साधन र स्रोतको असमान वितरणका कारण विभिन्न देशबिच आर्थिक अवसर र विकासमा ठुलो भिन्नता रहेको बताइएको छ । यसको समाधान अर्थात् विश्वको गरिबी निवारण यस्ता विकसित तथा धनी देशले कम विकसित राष्ट्रलाई गर्ने विकासे सहायताबाट मात्र सम्भव हुने बताइएको छ ।

नेपालको अबको बाटो : वर्तमान नेपाली परिप्रेक्ष्यलाई आधार मानेर हेर्ने हो भने यी सबै अवस्था नेपाली अर्थराजनीतिमा व्याप्त छ । एमसिसीका नाममा देश एक हिसाबले विभक्त छ । बिआरआईबारे पनि त्यसैगरी विभक्त छ । तथापि, राष्ट्रले व्याख्यात्मक टिप्पणी भन्दै एमसिसी स्विकारेको छ । फ्रेमवर्क भन्दै बिआरआई सम्झौतालाई भर्खरै मजबुत पारिएको छ । यो अवस्थामा राष्ट्रियता र सार्वभौमिकतामा अविचलित हुँदै यी दुई परियोजनाबाट तुलनात्मक लाभ लिनुको विकल्प देखिँदैन ।

अर्कातर्फ सडक तथा सदन दुवैतर्फ हुने गरेको स्वनिर्भरता र वैदेशिक सहायताविरुद्धका बहसलाई कार्यान्वयनमा लाने हो भने एमसिसी र बिआरआईलगायत सबै वैदेशिक सहायता र ऋण अबदेखि नलिने नीति बृहत् राष्ट्रिय सहमतिमार्फत अँगाल्नुपर्छ । तत्पश्चात् आन्तरिक स्रोत तथा साधनमा आश्रित स्वनिर्भर आर्थिक विकासको नीतिमार्फत आर्थिक विकास र वृद्धिका योजना अगाडि सार्नुपर्छ । देशमा उपलब्ध साधन र स्रोत तथा मानव संसाधन आजको २१औं शताब्दी सुहाउँदो विकासको लागि पर्याप्त छ कि छैन ? यसबारे गहन अध्ययन तथा विश्लेषण अति जरुरी छ ।

होइन भने इम्यानुअल वार्लरस्टाइनको सन् १९७० ताकाको 'वर्ल्ड सिस्टम थ्योरी'ले भनेजस्तै धनी र गरिब राष्ट्रबिच असमान सम्बन्ध रहे पनि एक-अर्काबिचको आश्रित सम्बन्ध स्विकार्दै लाभ कसरी लिन सकिन्छ, त्यसतर्फ ध्यान दिनुपर्छ । सबै दातृ राष्ट्र तथा अन्तर्राष्ट्रिय संगठनमार्फत आउने अनुदान तथा सहायतालाई वर्तमानको बदलिँदो परिस्थिति र परिवेशअनुसार परदर्शी तथा प्रभावकारी तवरले विकासे योजनामा लगाउनुपर्छ । जनताको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने मूलतः उत्पादन र रोजगारी सिर्जना गर्ने क्षेत्रको पहिचान गरी यस क्षेत्रको विकासमा लाग्नु जरुरी छ ।

अन्त्यमा : आजको विश्वमा सांस्कृतिक उपनिवेश चाहेर पनि रोक्न सकिँदैन । लोकतन्त्र, सार्वभौकिता र स्वशासन अँगालेको वर्तमान विश्व-राजनीतिमा भूराजनीति-उपनिवेश कुनै शक्तिले चाहेर पनि प्रायः असम्भव छ । तथापि, वैदेशिक सम्बन्ध, सहायता र ऋणका विषयमा राष्ट्रका सबै राजनीति शक्तिले साझा धारणा बनाउनु दीर्घकालीन राष्ट्रहितका दृष्टिले आवश्यक छ । यसका लागि सबै राजनीतिक शक्ति एकै ठाउँमा उभिनुको विकल्प छैन ।

(ओझा संयुक्त राज्य अमेरिकास्थित मिनेसोटा नर्थ कलेजमा प्राध्यापनरत छन्)

---

३ प्रश्न

नेपाली क्रिकेटको राष्ट्रिय टोलीका पूर्वकप्तान **पवन अग्रवाल**लाई



भर्खरै सकिएको एनपिएलको अनुभव कस्तो रह्यो ?

एनपिएलको पहिलो संस्करण एकदम सफल रह्यो । प्यान फलोइङ, टिम फर्मेसनलगायत सबै पक्षबाट हेर्दा समग्र टुर्नामेन्ट निकै राम्रोसँग सम्पन्न भयो । यसमा खोट लगाउनुपर्ने या भन्नुपर्ने केही देखिएन । यसले नेपाल क्रिकेट संघ (क्यान)का लागि स्थायी आर्थिक स्रोतको बाटो खोलिदिएको छ । यसले आगामी दिनमा पनि यसैगरी या योभन्दा पनि थप राम्रोसँग निरन्तरता पायो भने नेपाली क्रिकेट विकासमा ठुलो र सकारात्मक प्रभाव पार्नेछ । तत्कालका लागि फ्रेन्चाइज टोलीलाई आर्थिक लाभ नहुन सक्छ । दुई-चार वर्ष त उनीहरूले थेग्लान्, यसैबाट 'सस्टेन' हुने आधार तयार भएन भने उनीहरू पलायन हुन सक्छन् । यसतर्फ भने क्यानले ध्यान पुऱ्याउन सक्नुपर्छ ।

नेपाली क्रिकेटको समग्र विकासमा यसको कस्तो प्रभाव देखिएला ?

क्यानको आर्थिक स्रोत निकै कमजोर छ । आइसिसीको सहयोगबाट चल्दै आएको यो संस्थाका लागि एनपिएलले नियमित आर्थिक स्रोतको आधार तयार गरिदिएको छ । यसले नेपाली क्रिकेटको विकासमा सकारात्मक प्रभाव पार्छ । तर, हाम्रो लक्ष्य टेस्ट मान्यता पाउनु रहेको हुनाले अहिलेको टी-२० फर्म्याटले मात्र पुग्दैन । यसतर्फ क्यानले विचार पुऱ्याउनु जरुरी छ ।

यसले क्रिकेटको भौतिक विकासमा कत्तिको दबाब दिएको महसुस गर्नुभएको छ ?

एनपिएलको पहिलो संस्करणमै मैदानमा प्रत्यक्ष खेल हेर्न दर्शकको बाढी नै आएको देखियो । अहिलेको पूर्वाधारले दर्शकको चाप थेग्न सकेको देखिएन । बढीभन्दा बढी दर्शकले रंगशालामै गएर खेल हेर्नका लागि पनि रंगशालालगायत पूर्वाधार विकासको खाँचो देखियो । काठमाडौंमा कम्तीमा दुइटा र बाहिर ३-४ वटा अन्तर्राष्ट्रियस्तरका सुविधासम्पन्न रंगशाला आवश्यक छ । यसतर्फ एनपिएलको सफलता र दर्शकको चापले राज्य र क्यान दुवैलाई चर्को दबाब दिएको हुनुपर्छ ।

प्रेरक प्रसंग

आइन्स्टाइन र युवती

जर्मन भौतिकशास्त्री अल्बर्ट आइन्स्टाइन जीवनभर अध्ययन, अध्यापन र अनुसन्धानमा सक्रिय रहे । उनी आफूलाई जहिल्यै विज्ञानका एक सामान्य विद्यार्थी ठान्थे । भौतिक शास्त्रमा जतिसुकै ठुला सफलता पाए पनि उनी जीवनमा आफूलाई अझै सिकारु विद्यार्थीकै कोटीमा राख्थे । उनै आइन्स्टाइन एकपटक एउटा होटेलमा मध्याह्नतिर खाजा खान व्यस्त थिए । उनी एक्लै त्यहाँ पुगेका थिए । उनको सामुन्ने एउटा खाली कुर्सी थियो । केहीबेरमै एक युवती त्यहाँ आइपुगिन् र आइन्स्टाइनको अनुमति लिएर उनी त्यही खाली कुर्सीमा बसिन् । तर, उनले आइन्स्टाइनलाई भने चिननन् । युवतीले मगाएको खाजा आइपुगेको थिएन । त्यसैले उनले आइन्स्टाइनसित भलाकुसारी सुरु गरिन् । आइन्स्टाइनले पनि खाजाको स्वाद लिँदै उनका प्रश्नको जवाफ दिँदै गए । युवतीले आइन्स्टाइनलाई प्रश्न गरिन्- तपाईं के गर्दै हुनुहुन्छ आजकल ? आइन्स्टाइनले जवाफ दिए- म फिजिक्सको पढाइ गर्दै छु । आइन्स्टाइनको जवाफ सुनेर युवती चकित परिन् । उनले आइन्स्टाइनको शिरदेखि पाउसम्म नियालिन् र आश्चर्यको भावसाथ प्रश्न गरिन्- बाफ रे बाफ ! कपाल फुलेर सेतै भइसक्यो, अनुहारमा चाउरी परिसक्यो, तैपनि तपाईं भर्खर फिजिक्सको अध्ययन गर्दै हुनुहुन्छ ? हेर्नुहोस्, मैले त गत वर्ष नै फिजिक्सको अध्ययन पूरा गरिसकेँ । तपाईंले कहिले आफ्नो अध्ययन पूरा गर्नुहुन्छ ? अनि यो उमेरमा आएर पढाइ सकेपछि तपाईं गर्नुहुन्छ चाहिँ के ? आइन्स्टाइनले मन्द मुस्कानसाथ जवाफ दिए- हेर्दै जाऊँ, जे सकिएला, त्यही गर्नुपर्ला ।



टिप्पणी

nayapatrikaofficial
@naya_patrika

जनकपुर बोल्ट्सलाई बधाई !

जनकपुर बोल्ट्सले नेपाल प्रिमियर लिग (एनपिएल) को पहिलो संस्करणको विजयी बनेर इतिहासमा आफ्नो नाम लेखाएको छ । यस सफलताका लागि जनकपुर बोल्ट्सका खेलाडी, प्रशिक्षक तथा व्यवस्थापक सबैलाई हार्दिक बधाई छ । यसपटकको एनपिएलको सफलतासँगै अब राज्यले नेपाली क्रिकेटको विकासमा आर्थिक लगानी बढाउनु आवश्यक देखिएको छ । राज्यले तत्काल क्रिकेटको पूर्वाधार निर्माणमा ध्यान केन्द्रित गर्नुपर्छ । देशमा तत्काल दुई-तीनवटा अन्तर्राष्ट्रियस्तरका क्रिकेट रंगशाला आवश्यक देखिएका छन् । त्यसका लागि त्रिविस्थित मैदान र मूलपानीस्थित मैदानलाई प्याराफिट र फ्लड लाइटसहितको रंगशाला बनाउनु जरुरी छ । साथै, चितवनस्थित गौतमबुद्ध क्रिकेट मैदानलाई पनि पूर्णता दिएर त्यसलाई अन्तर्राष्ट्रियस्तरको बनाउनु जरुरी छ । यसतर्फ राज्यको ध्यान जाओस् र आगामी दिनमा नेपाली क्रिकेटको स्तर अझै माथि उठोस् ।

● **रबिना घर्ती मगर**, कीर्तिपुर, काठमाडौं

पीडितलाई राहत खोइ ?

बाजुरामा गएको भूकम्पबाट प्रभावितलाई राज्यले समयमै राहत र अस्थायी बसोवासको व्यवस्था नगरेको समाचार पढ्दा दुःख लाग्यो । यतिखेर स्थानीय तह स्वयं आफैंमा शक्तिशाली छ । उसैले पनि पीडितलाई तात्कालिक राहत र बसोवासको व्यवस्था मिलाउन सक्छ । स्थानीय तहपछि प्रदेश सरकार छ । उसले थप व्यवस्था गर्न सक्छ । ऊसित स्रोतको पनि कमी छैन । संघीय सरकार त यसै पनि छँदै छ । तैपनि, पीडितले किन समयमै राहत पाउन सकेनन् ?

● **वन्दना गिरी**
वीरेन्द्रनगर-४, सुर्खेत

विश्वविद्यालयमा राजनीति नगरौं

पछिल्लो समयमा हाम्रा विश्वविद्यालय राजनीतिका अखडा बन्दै गएका छन् । यहाँका पदाधिकारी, शिक्षक, कर्मचारीदेखि विद्यार्थीसम्म सबैलाई कुनै न कुनै राजनीति गर्नु छ । सबैलाई कुनै न कुनै दलको झोला बोक्नु छ । सबैलाई दलको स्वार्थअनुरूप चल्नु छ । तर, कसैले पनि विद्यार्थीको पठनपाठन किन कमजोर भयो ? किन विद्यार्थी पलायन बढिरहेको छ ? किन विद्यार्थीको परीक्षा समयमै नभएकोबारे कसैले चिन्ता लिँदैन ? अनि, यिनले विश्वविद्यालयमा चाहिँ किन राजनीति गर्छन् ?

● **भोला त्रिपाठी**
सामाखुसी, काठमाडौं

विद्यार्थीको त्रास कहिलेसम्म ?

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा केशरजंग रायमाझी विद्यार्थी संगठनको धम्की र त्रासकै कारण कार्यालय जान नसकेको तथ्यले अनेरास्ववियुजस्ता विद्यार्थी संगठनको गैरजिम्मेवार राजनीति प्रस्ट रूपमा उजागर गर्छ । शैक्षिक संस्था, जहाँ ज्ञान र नवीनता उत्प्रेरित हुनुपर्थ्यो, त्यहाँ पार्टीगत स्वार्थका कारण प्रशासन पंगु बनाइनु गम्भीर चिन्ताको विषय हो । कार्यालय घेराउ र जबर्जस्ती माग प्रस्तुत गर्ने शैलीले शैक्षिक वातावरणलाई मात्र अवरुद्ध गरेको छैन, समग्र विश्वविद्यालयलाई राजनीतिको अखडामा परिणत गरिदिएको छ ।

विद्यार्थी संगठनका मागमध्ये धेरैजसो त्रिविको अधिकार क्षेत्रभन्दा बाहिरका छन् । विश्वविद्यालयमा ठुलो होस्टेल निर्माण गर्ने वा अनुदान रकम बढाउनेजस्ता मुद्दा शिक्षा मन्त्रालयसँग सम्बन्धित छन् । यस्ता माग सम्बोधनका लागि उचित संवाद र प्रक्रियामा जानुपर्नेमा धर्ना र बाधा पुऱ्याउने शैली अपनाउनुले विद्यार्थी संगठनको गैरजिम्मेवारी र राजनीतिक स्वार्थलाई प्रस्ट्याउँछ । प्रधानमन्त्री तथा कुलपति केपी ओलीले आफ्नै निकट संगठनका गलत गतिविधि रोक्न कुनै पहल नगर्नुले नेतृत्वको उदासीनतालाई पनि उजागर गर्छ । विश्वविद्यालयमा हुने यस्ता राजनीति र दबाबमूलक गतिविधिको चर्को विरोध गरिनुपर्छ । शैक्षिक संस्था राजनीतिक हस्तक्षेपबाट मुक्त रहनुपर्छ, र विद्यार्थी संगठनले जिम्मेवारीपूर्वक आफ्नो भूमिकालाई निर्वाह गर्नुपर्छ ।

● **सन्तोष सिंखडा**, हाल : टोकियो, जापान
santoshsimkhada679@gmail.com

विश्वकप, भूराजनीति, मानव अधिकार र विश्व मञ्च

फुटबल विश्वकपजस्ता ठुला खेल समारोह आयोजनाको प्रतिस्पर्धा अब भूराजनीतिक प्रतियोगितामा परिणत भएको छ

देश/विदेश

● वासिम अहमद
● रोनी दास
● सिमोन च्याडविक

साउदी अरेबियाले सन् २०३४ को फिफा पुरुष विश्वकप आयोजना गर्ने औपचारिक घोषणा अचम्मको विषय भएन । आयोजना अधिकार साउदीको भूराजनीतिक एजेन्डामा लामो समयदेखि प्राथमिकतामा रहेको र फुटबलको अन्तर्राष्ट्रिय निकाय यसमा सहमत थियो । यस निर्णयमाथि दुवै पक्षले तीव्र आलोचनाको सामना गरिरहेका छन् । एम्नेस्टी इन्टरनेसनलसहित २१ मानव अधिकार समूहले जारी गरेको संयुक्त वक्तव्यमा फिफाले 'मानव अधिकारमुक्त प्रतिबद्धता' लागू गरेको आरोप लगाइएको छ । प्रतिस्पर्धात्मक बोलपत्र प्रक्रियाको अभावलाई व्यंग्य गरिएको छ र सम्भावित वातावरणीय प्रभावका विषयमा चिन्ता व्यक्त गरिएको छ ।

सन् २०२२ को कतार र २०१८ को रुस विश्वकप विवादपछि फिफाले विश्वव्यापी आलोचनालाई बेवास्ता गर्ने आफ्नो रबैया दोहोऱ्याएको हो वा फुटबलको भूराजनीतिक एवं आर्थिक शक्ति सन्तुलनको प्रयास गरेको हो ? जे भए पनि यस्तो प्रतिकूल अवस्था सामना गर्न फिफा तयार भइसकेको छ । सन् २०३४ को प्रतियोगिताका लागि 'व्यापक परामर्श प्रक्रिया' गरिएको दाबी गर्दै फिफा अध्यक्ष जियानी इन्फान्टिनोले साउदी अरेबियाले विश्वकप आयोजना गर्ने जिम्मेवारीअन्तर्गत 'सामाजिक सुधार र सकारात्मक मानव अधिकार प्रभाव'लाई हृदयंगम गर्ने अपेक्षा गरेका छन् ।

वास्तवमा यो दृष्टिकोणलाई समर्थन गर्ने केही प्रमाण छन् । उदाहरणका लागि सन् २०२२ विश्वकप आयोजना गरेपछि कतारले मानव अधिकार र आप्रवासी मजदुरप्रतिको व्यवहारमा सुधार गरेको बताइएको छ । यसलाई फिफा परम्परागत शक्ति केन्द्रबाट बाहिर गएर फुटबल विस्तार गर्न खोजिरहेको रूपमा पनि देख्न सकिन्छ । सन् १९३० को दशकदेखि युरोपले ११ पटक र ल्याटिन अमेरिकाले पाँचपटक विश्वकप आयोजना गरेका छन्, भने एसियाले २००२ मा (जापान र दक्षिण कोरिया) र अफ्रिकाले २०१० मा (दक्षिण अफ्रिका) मात्र आयोजना गर्न पाएको छ । फिफाले आफूलाई विश्व शान्ति र अन्तर्राष्ट्रिय एकता प्रवर्द्धकका रूपमा स्थापित गर्न खोजेको छ । यस दिशामा पूर्वआर्सेनल प्रबन्धक आर्सेन बेंगरलाई ग्लोबल फुटबल डेभलपमेन्टको प्रमुखमा नियुक्त गर्नु सकारात्मक कदम हो । उनको नेतृत्वमा फिफाले प्रशंसक र राष्ट्रिय महासंघसँग फुटबलको भविष्य निर्माण गर्न थप परामर्श प्रक्रिया स्थापना गरेको छ । र, अझै धेरै प्रगति गर्न बाँकी छ ।

फिफाले आफू उत्तरदायी र पारदर्शी भएको र यसलाई आफूले प्रकाशन गरेको बोलपत्र मूल्यांकन प्रतिवेदनले पुष्टि गरेको दाबी गर्छ । प्रतिवेदनले साउदी अरेबियाको बोलपत्रलाई 'नवीन' र 'अग्रगामी दृष्टिकोणयुक्त' भन्दै वित्तीय र संगठनात्मक क्षमताका लागि प्रशंसा गरेको छ । 'नवीन' पक्ष स्पष्ट छ किनभने प्रस्तावित स्टेडियममध्ये एक पहाडको टाकुरामा निर्माण हुनेछ भने अर्को नयाँ निर्माण गरिने स्टेडियम सहरको बिचमा जमिनबाट ३५० मिटर माथि हुनेछ । तर 'अग्रगामी दृष्टिकोणयुक्त' दाबी भने प्रश्न उठ्ने खालको छ किनभने शाही परिवारको पूर्ण रजगज छ, सुरक्षा निकाय बलिया छन् र सत्तारुढ वर्गमाथि प्रश्न उठाउन पाइँदैन ।

खेलले साउदी अरेबियालाई परिवर्तनको अवसर पनि प्रदान गर्न सक्छ । पछिल्ला वर्षमा साउदीले महिला चालकमा लगाइएको प्रतिबन्ध हटाएको, रोजगारीका अवसर खुला गरेको र महिलालाई उच्च सरकारी पदमा नियुक्त गरेको छ । महिला अहिले फुटबल खेल हेर्न स्टेडियम जान्छन्, महिला मात्र सदस्य हुने जिमखानाको लोकप्रियता बढेको छ र देशमा समलैंगिकता सम्बन्धित दृश्य पनि देखिन थालेका छन् । फिफाले यो धारलाई समर्थन गरेजस्तो देखिन्छ ।



तस्बिर : पिए इमेजेस

तर, ध्यान दिनुपर्ने के हो भने थुप्रै सम्भावित आयोजक देशले राजनीतिक वा सामाजिक दृष्टिले पूर्ण रूपमा स्वच्छ मूल्यांकन व्यहोर्नुपर्छ भन्ने देखिँदैन । सन् २०१८ मा जब अमेरिका, क्यानडा र मेक्सिकोलाई सन् २०२६ को प्रतियोगिता संयुक्त रूपमा आयोजना गर्ने अधिकार दिइएको थियो, तब पुरानो ट्रम्प प्रशासनले केही मुसलमान मुलुकका नागरिकलाई अमेरिका प्रवेशबाट रोक लगाएको थियो र मेक्सिकको सीमामा आप्रवासी परिवारको व्यवहारले ठुलो चिन्ता उत्पन्न गरिरहेको थियो ।

त्यसैगरी क्यानडामा आदिवासी जनसंख्याले राज्यले दीर्घकालीन रूपमा सीमान्तीकरण गर्न खोजेको भन्दै प्रतिरोध गर्दै आएको थियो ।

हालसम्म अर्थात् सन् २०२४ मा अमेरिका र मेक्सिकोमा ४५ हजारभन्दा बढी हत्या बन्दुक हिंसासँग जोडिएका छन्, जसमा मेक्सिकोका दर्जनौं नेता र सन् २००० पछि एक सय ६३ पत्रकारको हत्या पनि पर्छन् । अमेरिका, मेक्सिको र क्यानडा विश्वका प्रमुख तेल र ग्यास उत्पादक राष्ट्र हुन् । अमेरिका दोस्रो ठुलो कार्बन उत्सर्जन गर्ने मुलुक हो, जसमा सन् २०२६ को प्रतियोगिताका ७८ खेलले थप योगदान दिनेछ ।

त्यतिखेर, उत्तर अमेरिकाका तीन मुलुकलाई आयोजना अधिकार दिने निर्णयलाई थोरै मानिसले मात्रै प्रश्न गरेका थिए । वास्तवमा यी तीन मुलुक पनि आयोजकको भूमिकाका लागि पूर्ण रूपमा उपयुक्त छैनन् । फुटबल विश्वकपजस्ता ठुला खेल समारोह आयोजनाको प्रतिस्पर्धा अब भूराजनीतिक प्रतियोगितामा परिणत भएको छ, जहाँ पुरस्कारमा शक्ति, प्रतिष्ठा र विश्वव्यापी धारणामा परिवर्तन ल्याउने अवसर समावेश छन् । यससँगै फुटबलले आफ्नो आर्थिक विकास र आम्दानी वृद्धिका उपाय पनि खोज्दै आएको छ । तसर्थ, विश्वको यो प्रिय खेल जुनसुकै स्थानमा खेलिए पनि सामाजिक सुधारका लागि एक बलका रूपमा काम गर्न सक्षम होस् भन्ने आशा गरौं ।

(अहमद हल विश्वविद्यालयका मार्केटिङका वरिष्ठ लेक्चरर हुन्, दास अस्ट्रेलिया विश्वविद्यालय तथ्यांक विश्लेषणका सहप्राध्यापक हुन् भने च्याडविक इएम ल्यायों बिजिनेस स्कुलमा एफ्रो-युरोसियन खेलका प्राध्यापक हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ट्रम्पको पुनरागमनले युरोपमा पार्ने प्रभाव

उच्च शुल्क लगाउनेदेखि कूटनीतिक चासो घटाएर युरोपप्रति ट्रमको मनोवृत्ति प्रायः उदासीन र शत्रुतापूर्ण छ



● अमेलिया ह्याडफिल्ड

ह्याडफिल्ड बेलायतको सरे विश्वविद्यालयकी राजनीति विभागका प्रमुख हुन् ।



तस्बिर : गेटी इमेज

डोनाल्ड ट्रम्पको दोस्रो कार्यकालमा युरोपप्रतिको अपेक्षित विदेश नीतिले दूरगामी र सम्भवतः गम्भीर नतिजा ल्याउनेछ । राष्ट्रपतिमा जुनसुकै उम्मेदवारले जिते पनि दशकौँ लामो युरोप र अमेरिकाबिचको घनिष्ट सम्बन्ध समाप्त हुन लागेको केही दिनअघि पत्रकार निकोलस भिन्कोरले संकेत गरेका थिए । युरोपेलीहरूले अमेरिकामा को राष्ट्रपति हुन्छ भन्ने बारेमा कम चिन्ता गर्नुपर्छ र 'युरोपले कसरी खतरनाक विश्वव्यापी चरणमा कुनै पनि अवस्थाको एक्लै सामना गर्न सक्छ' भन्नेबारेमा बढी चासो दिनुपर्छ ।

आफ्नो पहिलो राष्ट्रपति कार्यकालमा ट्रम्पले शुल्कको वर्षा नै लगाए । जस्तालाई तस्तै नीतिअनुरूपमा विभिन्न राज्य, कम्पनी इयूलगायतका क्षेत्रसँग व्यापार युद्ध सुरु गरे । यदि ट्रम्पले निर्वाचन अभियानमा गरेका प्रतिबद्धतालाई विश्वास गर्ने हो भने त्यो प्रवृत्ति जारी रहनेछ । जर्मनीजस्ता प्रमुख राज्यहरू र मर्सिडिजबेन्जलगायतका प्रमुख कम्पनीमा विशेष ध्यान दिएर सबै आयातमा १० देखि २० प्रतिशत शुल्क लगाइनेछ ।

ट्रम्पको कथित प्राथमिकता भनेको अमेरिकी फाइदाका लागि आपूर्ति शृंखला पुनः व्यवस्थापन गर्नु हो वा हदैसम्मको शुल्क लगाउनु हो । ट्रम्पका सम्भावित यी कदम वास्तवमै जोखिमपूर्ण छन् । अमेरिका वास्तवमा युरोपेली युनियन (इयू)को सबैभन्दा ठुलो व्यापार साझेदार हो, जसअन्तर्गत सामान निरन्तर खरिद भइरहेको छ ।

अमेरिकी व्यापार युद्धका लागि इयू तयार

ट्रम्पको सर्वोच्चतालाई टाढै राख्नका लागि डिजाइन गरिएका व्यापार, प्रविधि, एआई र लगानीसम्बन्धी संयन्त्रमा युरोपेली आयोग क्रुद्ध बनेको छ । इयूको वित्तीय हितको रक्षा गर्ने सन्दर्भमा युरोपेली देशका तर्फबाट यसअघि नै उच्च प्रत्याशित व्यापार युद्ध यसअघि नै तय भइसकेको छ । यसबारेमा अमेरिकाले पनि हेक्का राख्नुपर्छ ।

जलवायु प्रविधि र कच्चा मालसहित ठूला प्रविधिमा इयूको समग्र आत्मनिर्भरता बढाउनमा युरोपेली आयोग केन्द्रित छ । यसले सम्भवतः अमेरिकासँग बहस र तर्क निम्त्याउनेछ । विशेषगरी स्टिलको बारेमा सुल्झनै नसक्ने बहस निम्त्याउनेछ, जसका कारण युरोपेली देशहरूसँग अमेरिकी दूरी बढ्नेछ ।

युरोपप्रति ट्रम्पको द्वन्द्व नयाँ होइन, र यो पूर्णतया व्यक्तिगत छैन । राष्ट्रपति बाराक ओबामा र जो बाइडेनको कार्यकालमा पनि वासिङटन स्पष्ट रूपमा र सम्भवतः स्थायी रूपमा युरोप र नेटो दुवैसँग दूरी बढाएर एसियातिर ढल्केको थियो । सेनाको स्तर कटौती गरेर होस् वा विदेश मन्त्रालयका अधिकारीहरूका बिचमा युरोपमा कूटनीतिक चासो घटाएर होस्, युरोपप्रति अमेरिकाको मनोवृत्ति उदासीन र शत्रुतापूर्ण छ ।

> आफ्नो पहिलो कार्यकालमा ट्रम्पले युरोपमा शुल्कको वर्षा नै लगाए । विभिन्न राज्य, कम्पनी इयूलगायतका क्षेत्रसँग व्यापार युद्ध सुरु गरे । ट्रम्पले निर्वाचन अभियानमा गरेका प्रतिबद्धतालाई विश्वास गर्ने हो भने त्यो प्रवृत्ति जारी रहनेछ ।

अमेरिका सन् १९९४ को शीतयुद्धपछिको सहयोगको तहबाट सन् २००० को दशकमा एसियातर्फ अग्रसर भएको छ । पक्षपात, अलगाववाद र ट्रम्पको दोस्रो जितले तीव्रता पाएको वासिङटन जारी 'अमेरिकी अभिजात वर्गको मानसिकतामा युरोपको पतन'प्रति सन्तुष्ट छ । राष्ट्रपति ट्रम्पले यस प्रवृत्तिलाई अझै तीव्र पारिरहेका छन् ।

ट्रम्पसँग बाल्टिक देशको अपेक्षा

ट्रम्पले युरोपेली राज्यहरूलाई उच्च रक्षा खर्चका लागि दबाब दिने यसअघि नै बाल्टिक देशमाझ अपेक्षा गरिएको छ । यद्यपि, कतिपयको नजरमा ट्रम्पको माग आफैँमा नराम्रो कुरा होइन । इन्टरनेसनल सेन्टर फर डिफेन्स एन्ड सेक्युरिटीका निर्देशक इन्द्रेक कानिकको तर्क छः 'यदि अमेरिकाले सुरक्षामा ३.५ देखि ४ प्रतिशत खर्च गर्छ र युरोपले १.५ देखि २ प्रतिशत मात्र खर्च गर्छ भने त्यो असन्तुलन हो । '

'युरोपले बिस्तारै आफ्नो रक्षाका लागि थप जिम्मेवारी लिनेछ' भन्ने कन्निकको सुझावले ब्रसेल्समा बढ्दो वकालत गरेको विषयलाई प्रतिध्वनि गर्दछ । वास्तवमाः अब युरोपले अन्ततः रक्षा समन्वयमा आफ्नो कमजोर, छरिएको दृष्टिकोणलाई स्वीकार गर्ने समय आएको छ । अरूलाई डर छ कि ट्रम्प २.० 'युरोपका लागि यति शत्रुतापूर्ण हुनेछ कि ब्लकसँग आफ्नो रक्षा खर्च बढाउनुबाहेक अर्को विकल्प हुनेछैन ।'

नेटोसँगको विवाद

पछिल्लोपटक ट्रम्पले उत्तर एटलान्टिक सन्धि संगठन (नेटो) सेनाको कडा आलोचना गरेका थिए । किनभने अमेरिकाले रक्षा खर्चको सबैभन्दा ठुलो हिस्सा नेटोलाई प्रदान गर्दछ । सन् २०१६ मा ट्रम्पको मान्यता यो थियो कि यसले अन्य सदस्यबिच लगानीविनाको फाइदालाई प्रोत्साहित गर्‍यो । नेटोका सदस्य राष्ट्रहरू अमेरिकाको खर्चमा कम योगदान गर्न पाउँदा खुसी भएको उनको भनाइ थियो ।

यसपटक, ट्रम्पले आफ्नो आलोचनालाई तीव्र पारेका छन् । नेटो गठबन्धन सेनाले अझै पर्याप्त खर्च गर्न असफल भएको उनको भनाइ छ । रसियालाई आफ्नो रकम तिर्न असफल हुने नेटो सहयोगीहरूलाई 'उनीहरूले जे चाहन्छ त्यो गर्न' प्रोत्साहित गरेको पनि ट्रम्पको दाबी छ । इयूसँगको असमझदारीका कारण अमेरिका नेटो सदस्यको रक्षा गर्ने वा संगठन छोड्ने भन्ने द्विविधामा परेको विश्लेषण हुन थालेको छ । यसले अमेरिकालाई र नेटो दुवैलाई समस्यामा पारेको छ ।

> राष्ट्रपति बाराक ओबामा र जो बाइडेनको कार्यकालमा पनि वासिङटन स्पष्ट रूपमा युरोप र नेटो दुवैसँग दूरी बढाएर एसियातर्फ ढल्केको थियो ।

युक्रेनका सम्बन्धमा ट्रम्पका विकल्प सरल छन्, या त उसलाई थप सशस्त्र बनाउने वा दिँदै आएको सहायता रकम कटौती वा अस्वीकार गर्ने । पहिलो विकल्पले युद्धमा भइरहेको आमनेसामने शान्त पार्दै अपूर्ण शान्तिका लागि बाध्य पार्ने जोखिम बढाउँछ भने दोस्रोले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई विजय गराउँन मद्दत गर्छ । पूर्वराष्ट्रपति ट्रम्पले आफू राष्ट्रपति भएको खण्डमा २४ घण्टाभित्र युद्ध समाप्त पारिदिने दाबी गरेका थिए । उनी राष्ट्रपतिमा निर्वाचित भइसकेका छन् । युद्ध अन्त्य गर्न उनले युक्रेनी र रुसी पक्षसँग पनि अप्रत्यक्ष वार्ता गरिरहेको विवरणहरू पनि सार्वजनिक भएका छन् । युद्धविरामका लागि युक्रेन तयार रहेको राष्ट्रपति भोलोदोमिर जेलेन्स्कीलेसमेत बताउन थालेका छन् । दुवै पक्षले आ-आफ्ना अडान त्यागेर सहमतिमा जान आवश्यक छ । युक्रेन युद्धका क्रममा ठुलो जनधनको क्षति भइसकेको छ । युद्धका कारण लाखौँ मानिस घाइते भएका छन भने अरू लाखौँ विस्थापित बनेका छन् ।

- द कन्भर्सेसन

इतिहासमा आज



सन् १९९० : युगोस्लाभियाबाट स्वतन्त्र हुने विषयमा स्लोभानियामा जनमतसंग्रह सम्पन्न । पूर्वी युरोपेली देश स्लोभानिया सन् १९४५ मा समाजवादी गणतन्त्र राज्यको रूपमा गणतन्त्र युगोस्लाभियाको अधीनमा थियो । सन् १९९१ को २३ डिसेम्बरबाट स्लोभानियामा नयाँ संविधान कार्यान्वयनमा आएको हो ।

सन् १९३३ : जापानका सम्राट् अकिहितोको जन्म । उनी सन् १९८९ देखि सन् २०१९ सम्म जापानका सम्राट् थिए ।

सन् १९४० : चियाङ काई सेकद्वारा चीनमा सम्पूर्ण कम्युनिस्ट संघ विघटन भएको घोषणा ।

सन् १९५८ : टोकियो टावर सर्वसाधारणका लागि खुला । विश्वकै अग्लो यो स्टिल टावरको उचाइ ३३३ मिटर छ । यो टावर सञ्चार प्रक्रियाका लागि पनि प्रयोग हुन्छ ।

सन् १९७५ : अमेरिकाका तत्कालीन राष्ट्रपति गेराल्ड फोर्डले नाप तथा तौलसम्बन्धी एउटा कानुनमा हस्ताक्षर गरेका थिए । आजकाल वैज्ञानिक र प्राज्ञहरूले मुख्यतः मेट्रिक प्रणाली प्रयोग गर्छन् । सर्वसाधारण अमेरिकीले अमेरिका स्वतन्त्र हुनुअघिका नाप तौलका परम्परागत एकाइ प्रयोग गर्थे ।

सन् १९९० : युगोस्लाभियाबाट स्वतन्त्र हुने विषयमा स्लोभानियामा जनमतसंग्रह सम्पन्न । पूर्वी युरोपेली देश स्लोभानिया सन् १९४५ मा समाजवादी गणतन्त्र राज्यको रूपमा गणतन्त्र युगोस्लाभियाको अधीनमा थियो । सन् १९९१ को २३ डिसेम्बरबाट स्लोभानियामा नयाँ संविधान कार्यान्वयनमा आएको हो ।

सन् १९९४ : अमेरिकामा संगठित रूपमा हत्या र अपराध गर्ने ह्विटन वल्गर सन् १९९४ को डिसेम्बरदेखि भूमिगत भएका थिए । उनी करिब १६ वर्षसम्म अमेरिकी सेनाको आँखा छल्न सफल भए, जसका कारण अमेरिकी संघीय अनुसन्धान ब्युरोसमेत लज्जित बनेको थियो । अन्ततः उनी सन् २०११ मा पक्राउ परेका थिए ।

विश्व संक्षेप

इजरायली आक्रमणमा २३ प्यालेस्टाइनीको मृत्यु

गाजा सिटी / गाजापट्टीमा आइतबार इजरायली हवाई आक्रमणमा परी कम्तीमा २३ जना प्यालेस्टाइनीको मृत्यु भएको छ । प्यालेस्टिनी आधिकारिक समाचार एजेन्सी वाफाले उक्त जानकारी दिएको हो । गाजा सहरको अल-दरराज छिमेकमा विस्थापित मानिसहरू बस्ने मुसा बिन नुसेर स्कुलमा इजरायली बमबारीमा तीन बालबालिका र दुईजना महिलासहित कम्तीमा नौजनाको मृत्यु भएको र केही अन्य घाइते भएका छन् । त्यस्तै, इजरायली सेनाले गाजा सहरको अल-जला स्ट्रिटमा एउटा गाडीमा बमबारी गर्दा थप चारजनाको मृत्यु भएको छ । गाजा सहरको उत्तरमा रहेको जबलिया सहरमा आइतबार बिहान इजरायलले गरेको गोलाबारीमा चार बालबालिकासहित पाँचजना नागरिकको मृत्यु भएको वाफाले छुट्टै रिपोर्टमा जनाएको छ । दक्षिणी गाजापट्टीमा इजरायली सेनाले खान युनिसको पश्चिममा रहेको आफ्नो अपार्टमेन्टमा बमबारी गर्दा दुईजनाको मृत्यु भएको र रफाह सहरमा इजरायली बमबारीमा तीनजनाको मृत्यु भएको छ ।

बालविवाहको आरोपमा पाँच हजार पक्राउ

नयाँदिल्ली / भारतको उत्तरपूर्वी क्षेत्रमा अवैध बालविवाहका घटनामा तीव्र वृद्धि भएका छन् । वालविवाहविरुद्ध गरिएको कारबाहीका क्रममा ठुलो संख्यामा मानिस पक्राउ परेका छन् । बालविवाहविरूद्धको अभियानको तेस्रो चरणअन्तर्गत डिसेम्बर २१ र २२ मा मात्र चार सय १६ जनालाई पक्राउ गरिएको भारतीय समाचार संस्था एएनआईले जनाएको छ । बालविवाहको आरोपमा यो वर्ष अहिलेसम्म कुल पाँच हजारजना व्यक्ति पक्राउ परेका छन् । आसाम राज्यका मुख्यमन्त्री हिमन्त विस्वा शर्माले भनेका छन्, 'हामी यस सामाजिक कुरीतिको अन्त्यका लागि साहसिक कदम चाल्नेछौँ । 'आसामले बालविवाहविरुद्धको लडाइँ जारी राखेको छ ।' संयुक्त राष्ट्रसंघका अनुसार भारतमा २२ करोडभन्दा बढी बालिका दुलही छन् । आसाम राज्यले सन् २०२३ को फेब्रुअरीमा सुरु भएको उन्मूलन अभियानका क्रममा विवाहित दम्पतीका अभिभावक र कम उमेरका वैवाहिक बन्धनमा बाँधिएका रजिस्ट्रारसहित हजारौँलाई पक्राउ गरिसकेको छ ।

दुईतिहाइ जनता प्रधानमन्त्रीप्रति असन्तुष्ट

पेरिस / फ्रान्सका नयाँ प्रधानमन्त्री फ्रान्कोइस बायरोउप्रति करिब दुईतिहाइ जनता असन्तुष्ट छन् ।सरकारले आफ्नो नयाँ कार्ययोजना सार्वजनिक गर्ने तयारी गरिरहेका वेला अधिकांश नागरिक उनीप्रति असन्तुष्ट रहेको एक सर्वेक्षणले देखाएको हो । फ्रान्सेली साप्ताहिक पत्रिका डु डिमान्चेका लागि आइफपले गरेकोसर्वेक्षणमा ६६ प्रतिशत उत्तरदाताले उनको कार्यसम्पादनबाट चित्त नबुझेको बताएका छन् । नयाँ सरकार प्रमुखप्रति ३४ प्रतिशत मात्र सन्तुष्ट छन् । आइफपका अनुसार सन् १९५९ को दशकपछि प्रधानमन्त्रीका लागि यति कम अनुमोदन दर (समर्थन) देखिएको छैन । आइफपका सर्वेक्षकहरूले डिसेम्बर ११ देखि १८ को बिचमा फ्रान्सेली दुई हजार चारजना जनप्रतिनिधिसँग सर्वेक्षणका लागि सोधपुछ गरेका थिए । बेयरोउ राष्ट्रपति इम्यानुयल म्याक्रोंको कार्यकालको छैटौँ प्रधानमन्त्री हुन् । प्रत्येकले छोटो अवधिका लागि सेवा गरेका छन् ।

सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड

वालुवाटार, काठमाण्डौं

१८औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०८ गते ।)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८१/०९/०७ गते आइतबार दिउँसो १५:३० बजे बसेको सञ्चालक समितिको १५६औं बैठकको निर्णय बमोजिम आ.व.२०८०/०८१ को १८औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नुपर्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीत पूर्वक प्रतिनिधि मुकरर गरी पठाईदिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थानः

मितिः २०८१ साल पौष २९ गते सोमबार (तदअनुसार १३ जनवरी, २०२५)

समयः बिहान १०:०० बजे ।

स्थानः ताज रिसेप्सन, बालुवाटार, काठमाडौं ।

वार्षिक साधारण सभाको विषयसूची

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८०/०८१ को वार्षिक आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

२. आ.व.२०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन र सोही आ.व.को वार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित सम्पूर्ण अनुसूचिहरु स्वीकृति गर्ने सम्बन्धमा ।

३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारीश्रमिक तोक्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक पिवाईसि एण्ड एसोसियट्सका साझेदार यज्ञराज भट्ट, चार्टर्ड एकाउन्टेन्स पुनः नियुक्तीका लागि योग्य हुनुहुन्छ ।)

४. विविध ।

साधारण सभा सम्बन्धी अन्य जानकारी :

१) सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले आ-आफ्नो D-MAT खाताको विवरण वा शेयरधनी प्रमाण पत्रको प्रतिलिपिको साथमा स्पष्ट परिचय खुल्ने परिचयपत्र अनिवार्य रुपमा लिई आउनुहुन अनुरोध गरिन्छ ।

२) कम्पनीको शेयर दाखेल खारेज गर्ने कार्य (Book Close) मिति २०८१/०९/१७ गते एक दिन बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८१/०९/१६ गतेसम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमई क्यापिटल लि. नक्साल, काठमाडौंबाट प्राप्त शेयर दाखिल खारेजको आधारमा शेयरधनी दर्ता कितावमा कायम रहेका शेयरधनीहरुले मात्र यस सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् ।

३) सभामा भाग लिन प्रतिनिधि (प्रोक्सि) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समय भन्दा ४८ घण्टा अगाडी कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रतिनिधी पत्र दर्ता गराउनु पर्नेछ । प्रतिनिधी भएको व्यक्ति शेयरधनी हुनु पर्नेछ । तर सभामा प्रतिनिधि दिने व्यक्ति स्वयं आफू उपस्थित भएको खण्डमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ । एकै शेयरधनीको एक भन्दा बढी प्रतिनिधि पत्रलाई मान्यता दिइने छैन, सबै बदर गरिनेछन् । प्रतिनिधि नियुक्त गर्ने फारम कम्पनीको रजिष्टर्ड कार्यालय वा वेवसाइट www.synergyhydro.com बाट प्राप्त गर्न सकिनेछ ।

४) संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सकिनेछ । संयुक्त रुपमा शेयर लिएको शेयरधनीको हकमा सर्वसम्मत एक व्यक्ति मात्र सभामा भाग लिन पाउनेछ ।

५) साधारणसभामा भाग लिन आउनुहुने शेयरधनीहरुको हस्ताक्षरको लागि उपस्थिति पुस्तिका बिहान ९:०० बजेबाट खुल्ला गरिनेछ ।

६) विविध शीर्षकमा छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगाडि छलफलको विषय सहितको निवेदन कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराएको हुनुपर्नेछ । उक्त प्रस्ताव उपर सभामा छलफल गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिमा निहित रहने छ ।

७) कम्पनीको वार्षिक साधारण सभाको सूचना, वार्षिक प्रतिवेदन, वित्तीय विवरण आदि शेयरधनी महानुभावहरुलाई यथा समयमा उपलब्ध गराइनेछ । सो हुन नसकेको खण्डमा कम्पनीको वेवसाइट www.synergyhydro.comवा रजिष्टर्ड कार्यालयको फोन नं. ०१-४५१३२१२ मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

Government of Bagamati Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

Infrastructure Development Office

Lalitpur, Nepal

Invitation for Bids

IFB No: 03/081-82, First Date of publication: 2081/09/08 (23rd Dec 2024)

1. Bagamati Province Government has allocated funds towards the cost of Procurement of following works mentioned in table. Bidding is open to all eligible bidders as per Section V of bidding documents.
2. Infrastructure Development Office, Lalitpur invites electronic bids from eligible bidders under National Competitive Bidding-Single Stage Single Envelope Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Infrastructure Development Office, Lalitpur or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should deposit NRs. 3000.00 for each contract as the cost of bidding document in the Office's Rajaswa (revenue) account as specified below. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank : **Nepal Bank Ltd.**
   Name of Office : **Infrastructure Development Office, Lalitpur**
   Office Code no. : **3370134013**
   Office Account no. : **27202000001001000001**
   Rajaswa (revenue) Shirshak no. : **14229**
5. Pre-bid meeting shall be held at Infrastructure Development Office, Lalitpur on **2081/09/28 (12th Jan 2025)** at **12:00 hrs**.
6. Electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 hrs** on **2081/10/09 (22nd Jan 2025).**
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hrs** on **2081/10/09 (22nd Jan 2025)** at the office of Infrastructure Development Office, Lalitpur. Bids must be valid for 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum as **mentioned in table**, which shall be valid for **30 days** beyond the validity period of the bid.
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

SN	Description of Work and Contract Id No.	Bid Security Amount	Estimated Cost NRs excluding VAT
1	Upgrading of Bhanjyang Chowk to Chattrapal Mandir Road, Suryabinayak Municipality-5 , Bhaktapur [IDOLTP/W/NCB/24/2081-82]	NRS 0.325 Million	1,28,25,472.02
2	Upgrading of Sagarmatha Tole Road, Mahalaxmi Mun - 6, Lalitpur [IDOLTP/W/NCB/25/2081-82]	NRS 0.025 Million	8,69,603.63
3	Upgrading of Arundaya Mabi Road, Gokarneshwor Mun-9, Kathmandu [IDOLTP/W/NCB/26/2081-82]	NRS 0.107 Million	42,75,033.05
4	Upgrading of Doleshwor Maligaun Road, Suryabinayak Municipality-8, Bhaktapur [IDOLTP/W/NCB/27/2081-82]	NRS 0.107 Million	42,71,364.23
5	Upgrading of Bhaktapur Chamathai (9Kha) Road, Suryabinayak Mun-9, Bhaktapur [IDOLTP/W/NCB/28/2081-82]	NRS 0.110 Million	43,30,528.77

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार ८ पुस ०८१

संक्षेप

सेयर बजारमा गिरावट, साढे चार अर्बको कारोबार



काठमाडौं/ आइतबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक दोहोरो अंकले घटेको छ। नेप्से १३.५३ अंकले घटेर दुई हजार ५८३.२९ को विन्दुमा कायम भएको छ। तीन सय १९ कम्पनीका ९१ लाख ८० हजार सात सय १८ कित्ता सेयर ५७ हजार आठ सय ६३ पटक खरिद-बिक्री भई चार अर्ब ५१ करोड ८३ लाख ८५ हजार एक सय सात रुपैयाँबराबरको कारोबार भएको छ।

जलविद्युत् समूह ०.६५ र उत्पादन तथा प्रशोधन समूह १.५७ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै विकास बैंक समूह २.०५ र वित्त समूह १.४९ प्रतिशतले घटेको छ। बैंकिङ ०.८७, होटेल तथा पर्यटन ०.०१, लगानी १.१८, जीवन बिमा ०.८१, लघुवित्त ०.३९, म्युचुअल फन्ड ०.३५, निर्जीवन बिमा ०.८२, व्यापार १.३५ र अन्य समूह ०.३७ प्रतिशतले घटेको नेप्सेले जनाएको छ।

सञ्चालकको राजीनामापछि पनि सेयर बेच्न पाउनुपर्ने माग

काठमाडौं/ नेपाल निर्जीवन बिमा व्यवसायी संघले सञ्चालकको राजीनामापछि पनि एक वर्षसम्म सेयर बिक्री गर्न नपाउने व्यवस्था अव्यावहारिक भएको बताएको छ। संघले आइतबार एक विज्ञप्ति जारी गर्दै यो व्यवस्था हटाउनुपर्ने माग गर्दै नेपाल धितोपत्र बोर्डको ध्यानाकर्षण गराएको हो।

'सेयर बिक्रीसम्बन्धी यो व्यवस्था अत्यन्तै अव्यावहारिक रहेको छ। कम्पनीमा कायम रहेका सबै सेयरधनीजस्तै सञ्चालक पनि लगानीकर्ता नै रहेका हुन्। सेयरधनीको साधारणसभाबाट निर्वाचित भई उनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गरेकै आधारमा सेयर बिक्री गर्न नपाउने व्यवस्था न्यायोचित नभएको जानकारी गराउँदछौं,' विज्ञप्तिमा भनिएको छ।

सातै प्रदेशका कृषिमन्त्रीबिच सिंहदरबारमा छलफल



काठमाडौं/ सात प्रदेशका कृषिमन्त्री र संघीय कृषिमन्त्री रामनाथ अधिकारीबिच छलफल भएको छ। सिंहदरबारमा भएको छलफलमा मन्त्री अधिकारीले कृषि विकासका लागि संघ, प्रदेश र स्थानीय सरकारको सामूहिक प्रयास आवश्यक रहेको बताए।

बैठकको अध्यक्षता गर्दै मन्त्री अधिकारीले राज्यको क्षमताले भ्याउने गरी योजना बनाउनुपर्ने र कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए। बैठकमा सातै प्रदेशका कृषिमन्त्रीले प्रदेशका योजना र कार्यक्रमलाई सहयोग गर्न आग्रह गरेका थिए। यसअघिको संयुक्त बैठकले गरेका निर्णय कार्यान्वयनको समीक्षासमेत भएको थियो।

पोखरामा नेपाल-चीन मैत्रीपूर्ण ड्रागन बोट रेस हुने

काठमाडौं/ पोखराको फेवातालमा आगामी १४ र १५ पुसमा दोस्रो नेपाल-चीन मैत्रीपूर्ण 'ड्रागन बोट रेस' आयोजना हुने भएको छ।

नेपालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ गण्डकी प्रदेश, पोखरा महानगरपालिका, नेपालस्थित चिनियाँ दूतावास र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा प्रतियोगिता आयोजना हुन लागेको आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ। दोस्रो संस्करणमा नेपालबाट ११, चीनबाट आठ र सिंगापुरको एक गरी २० वटा समूहको सहभागिता रहनेछ।

लयमा फर्कन थाल्यो वैदेशिक व्यापार


मंसिरमा आयात र निर्यातमा भएको सुधारले विगत दुई वर्षदेखि संकुचित बनेको वस्तुको माग र अर्थतन्त्रमा पुनरुत्थान हुने संकेत गरेको अर्थशास्त्रीहरूको विश्लेषण, सरकारलाई खर्च बढाउन पनि सुझाव

पुनरुत्थानको संकेत देखिएको छ

● **प्रा.डा. पुष्कर बज्राचार्य**, अर्थशास्त्री



विगत दुई वर्षमा अर्थतन्त्र शिथिल भएको थियो। तर, पछिल्लो समय रिभाइभलको संकेत देखिन थालेको छ। रेमिट्यान्समा भइरहेको वृद्धिले उपभोग रिभाइभ हुन खोजेको देखिन्छ। यसले अन्ततः मूल्यवृद्धि दर बढाउने हो। फेरि बैंकहरूले ब्याजदर बढाउने स्थिति आउन सक्छ। सरकारले खर्च बढाउन सके अर्थतन्त्र लयमा फर्किन सक्छ। लगानीकर्ताको मनोबल बढ्न सक्छ।



पवन तिमिल्सिना/नयाँ पत्रिका

मुलुकको आयात-निर्यात व्यापारमा सुधार आउन थालेको छ। भन्सार विभागले आइतबार सार्वजनिक गरेको चालू आर्थिक वर्ष ०८१/८२ को पहिलो पाँच महिनाको वैदेशिक व्यापारको तथ्यांकले आयातमा ३ प्रतिशत र निर्यातमा १६.५४ प्रतिशत वृद्धि देखिएको हो।

आयात र निर्यात व्यापारमा भएको वृद्धिले विगत दुई वर्षमा संकुचित बनेको वस्तुको मागमा सुधार आएको र अर्थतन्त्र पुनरुत्थान हुने संकेत दिएको अर्थशास्त्रीहरूको विश्लेषण छ।

विभागका अनुसार चालू आवको पाँच महिनामा ६६ खर्ब १४ अर्ब ८८ करोड रुपैयाँको वस्तु आयात भएको छ। गत आवको सोही अवधिमा ६४ खर्ब २२ अर्ब आठ करोडको कुल आयात थियो। मासिक आयातको तुलनात्मक तथ्यांक हेर्ने हो भने मंसिरमा पाँच महिनायताकै उच्च आयात भएको छ। विभागका अनुसार मंसिरमा मात्रै एक खर्ब ४८ अर्ब १० करोडको वस्तु आयात भएको छ। दसैं-तिहारलाई लक्षित गरी बढी आयात हुने भदौमा पनि एक खर्ब ३४ अर्बका वस्तु मात्रै आयात भएका थिए। गत वर्षको मंसिरमा भने एक खर्ब २९ अर्ब ७० करोडको मात्रै आयात भएको थियो।

त्यस्तै, वस्तु निर्याततर्फ चालू आवको पाँच महिनामा ७३ अर्ब ६५ करोड ९७ लाखको वस्तु निर्यात भएको छ। गत आवको सोही अवधिमा ६३ अर्ब २० करोडको निर्यात भएको थियो। मंसिरमा चालू आवका बाँकी महिनाभन्दा सर्वाधिक निर्यात भएको छ। मंसिरमा २० अर्ब ९८ करोड ९० लाखको वस्तु निर्यात भएको छ। गत वर्षको मंसिरमा यस्तो निर्यात १२ अर्ब ६४ करोड २० लाख थियो।



पाँच महिनामा ६६ खर्ब १४ अर्ब ८८ करोडको आयात
मंसिरको आयात : १ खर्ब ४८ अर्ब १० करोड



पाँच महिनामा ७३ अर्ब ६५ करोड ९७ लाख आयात
मंसिरको निर्यात : २० अर्ब ९८ करोड ९० लाख

आयात र निर्यातमा सुधार देखिनुका चार कारण

रेमिट्यान्स वृद्धिले उपभोग बढायो

बैंक तथा वित्तीय संस्थाले कर्जा असुलीमै सकस व्यहोर्दै आए पनि रेमिट्यान्स वृद्धिले लगानीयोग्य पुँजीमा सहजता ल्याएको छ। यसले गर्दा पछिल्लो समय बढ्दो उपभोगलाई रेमिट्यान्सले भरथेग गर्दै आइरहेको अर्थशास्त्रीहरूको विश्लेषण छ।

केन्द्रीय बैंकका अनुसार चालू आवको चार महिनामा रेमिट्यान्स पाँच खर्ब २१ अर्ब पुगिसकेको छ। गत आवको सोही अवधिभन्दा २२.५ प्रतिशतले वृद्धि हो। बैंकिङ क्षेत्रमा तरलताको प्रमुख स्रोतमध्येको रेमिट्यान्समा उच्च वृद्धिले उपभोग बढाउँदा आयात बढाउन मद्दत पुगेको अर्थशास्त्री प्रा.डा. पुष्कर बज्राचार्यको विश्लेषण छ। निर्यातमा झिनो सुधार छ। यो विगत दुई वर्षभन्दा केही सुधार भए पनि त्यसअघिका आँकडाको तुलनामा स्थिर अवस्था हो। लगानी थप बढाउन लगानीकर्ताको मनोबल बढाउनुपर्ने चुनौती उत्तिकै छ।'

डलरको मूल्यवृद्धिको असर

वैदेशिक व्यापारमा भइरहेको वृद्धिमा अमेरिकी डलरमा भइरहेको मूल्यवृद्धिले बढी योगदान पुऱ्याएको हो। वैदेशिक व्यापारको अधिकांश कारोबार अमेरिकी डलरमा हुने भएकाले यसको मूल्यले ठुलो प्रभाव पार्ने गरेको छ। नेपाली मुद्रा अवमूल्यन हुँदा नेपाललले आयात गर्ने वस्तुको मूल्य बढी पर्ने भएकाले यसले आयातको मूल्यमा स्वतः प्रभाव पार्छ। केन्द्रीय बैंकका अनुसार कात्तिक मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.०२ प्रतिशतले अवमूल्यन भएको छ। गत असार मसान्तसम्म अमेरिकी डलरसँग नेपाली मुद्राको विनिमय दर एक सय ३३ रुपैयाँ ३६ पैसा रहेकोमा कात्तिक मसान्तसम्म एक सय ३४ रुपैयाँ ७४ पैसा छ।



खानेतेलले उचाल्यो निर्यात

आयात-निर्यात वृद्धिमा भटमास, सूर्यमुखी र पाम तेलजस्ता खानेतेलको बढी योगदान देखिन्छ। गत आवको पाँच महिनामा ५३ करोड ४३ लाखको खानेतेल निर्यात भएको थियो। चालू आवको पाँच महिनामा भने ११ अर्ब ३५ करोड ३५ लाखबराबर खानेतेल निर्यात भएको छ। कुल निर्यातमा खानेतेलको हिस्सा १५.४१ प्रतिशत पुगेको छ। गत आवको सोही अवधिमा यस्तो हिस्सा ०.८५ प्रतिशत मात्रै थियो। नेपालमा व्यावसायिक खेती नहुने भएकाले निर्यातकर्ताले कच्चा तेलको आयात गरी त्यसलाई प्रशोधन गरेर निर्यात गर्दै आइरहेका छन्।

पेट्रोलियम पदार्थको आयात खुम्चियो

पेट्रोलियम पदार्थको आयात भने खुम्चिएको छ। आयातमा ठुलो हिस्सा ओगट्ने डिजेल गत आवको मंसिरसम्ममा ५३ अर्ब ९० करोड ३२ लाख रुपैयाँको आयात भएको थियो। चालू आवको पाँच महिनामा ४२ अर्ब १७ करोड २८ लाख रुपैयाँको मात्रै आयात भएको छ। त्यस्तै, गत आवको सोही अवधिमा २८ अर्ब ५५ करोडको पेट्रोलको आयात भएकोमा चालू आवमा २६ अर्ब ४५ करोडको आयात भएको छ। यद्यपि, परिमाणमा भने पेट्रोल आयात बढेको छ। खाना पकाउने ग्यासको आयातमा वृद्धि भएको छ।

नागरिक उड्डयन प्राधिकरण टुक्र्याउने विधेयक संसद्मा पेस गर्न स्वीकृति

०७६ मा पनि प्राधिकरणलाई विभाजन गर्ने विधेयक संसद्मा पेस भए पनि रोकिएको थियो

नयाँ पत्रिका

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई नियामनकारी र सेवाप्रदायक छुट्याउने गरी तयार भएको विधेयक मन्त्रिपरिषद्ले स्वीकृत गरी संसद्मा पेस गर्ने निर्णय गरेको छ।

पर्यटनमन्त्री बद्री पाण्डेले भदौमा 'नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक, २०८१' र 'नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८१' स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गरेका थिए । गत शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले दुवै विधेयकको मस्यौदा संघीय संसद्मा पेस गर्न स्वीकृति दिएको सूचना तथा सञ्चार प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले बताए। मन्त्रिपरिषद्को अनुमतिसँगै पर्यटन मन्त्रालयलाई दुवै विधेयक संघीय संसद्मा दर्ता गराउन बाटो खुलेको छ।

गत ९ साउनमा सौर्य एयरको जहाज र २३ साउनमा एयर डाइनेस्टी हेलिकोप्टर दुर्घटना हुँदा चौतर्फी आलोचना भएपछि पर्यटनमन्त्री पाण्डेले



९ साउनमा सौर्य एयर र २३ साउनमा एयर डाइनेस्टी हेलिकोप्टर दुर्घटना भएपछि प्राधिकरणलाई नियामक र सेवाप्रदायकमा विभाजन गर्न पर्यटन मन्त्रालयद्वारा अघि बढाइएको थियो विधेयक

प्राधिकरणलाई नियामक र सेवाप्रदायकमा विभाजन गर्ने विधेयक अगाडि बढाएका थिए। संसद्देखि उड्डयन क्षेत्रका विज्ञहरूले हवाई दुर्घटना कम गर्नका लागि नियामक र सेवाप्रदायक निकाय अलग-अलग बनाउनुपर्ने धारणा राख्दै आएका छन्। युरोपियन युनियन (इयू)ले नियामक र सेवाप्रदायक एउटै निकाय रहँदासम्म हवाई दुर्घटना कम नहुने भन्दै सन् २०१३ देखि नेपाली वायुसेवालाई युरोपेली आकाशमा प्रवेश नदिने गरी कालोसूचीमा राख्दै आएको छ। यो वर्ष पनि इयूले सुरक्षा चासोको लिस्टबाट नेपाललाई हटाउन आनकानी गरेको छ। नियामक र सेवाप्रदायक अलग-अलग नबनाउँदासम्म नेपाली आकाश कालोसूचीबाट नहट्ने विज्ञहरूको दाबी छ।

सरकारले यसअघि ०७६ मा पनि प्राधिकरणलाई नियामक र सेवाप्रदायकमा विभाजन गर्ने दुईवटा विधेयकको मस्यौदा संघीय संसद्मा पेस गरेको थियो। त्यसवेला राष्ट्रिय सभाले पारित गरे पनि प्रतिनिधिसभाले पारित नगर्दा विधेयक अलपत्र परेको थियो। नियामक र सेवाप्रदायक एउटै निकाय हुँदा स्वार्थ बाझिने विज्ञहरूको जिकिर छ। तर, नेपालमा हवाई क्षेत्रको नियामक र सेवाप्रदायक अलग-अलग निकाय बनाउने विषयमा वर्षौंदेखि बहस चल्दै आइरहेको छ।

वैदेशिक सहायता प्रतिबद्धता दुई खर्ब, प्राप्ति ४४ अर्ब मात्रै

खर्च गर्ने क्षमतामा भएको कमजोरी र परियोजनाको निराशाजनक प्रगतिका कारण बर्सेनि लक्ष्यभन्दा कम वैदेशिक ऋण र अनुदान परिचालन

विदेशी अनुदान र ऋण कुन वर्ष कति ?

अनुदान	आव	ऋण
३६ अर्ब ४० करोड	०७१/८२	२९ अर्ब ३० करोड
३२ अर्ब ५० करोड	०७२/७३	४३ अर्ब ८० करोड
३१ अर्ब ९० करोड	०७३/७४	५८ अर्ब
३४ अर्ब ७० करोड	०७४/७५	९८ अर्ब नौ करोड
२९ अर्ब ६० करोड	०७५/७६	७४ अर्ब ४० करोड
१९ अर्ब २० करोड	०७६/७७	१ खर्ब ७३ अर्ब
२६ अर्ब ८० करोड	०७७/७८	१ खर्ब ३० अर्ब ९० करोड
२४ अर्ब १० करोड	०७८/७९	१ खर्ब ३५ अर्ब ९० करोड
२३ अर्ब	०७९/८०	१ खर्ब २३ अर्ब
२२ अर्ब ३० करोड	०८०/८१	१ खर्ब २३ अर्ब ६० करोड



● **सुमन शर्मा**, पूर्वअर्थसचिव

नेपालको खर्च गर्ने क्षमता कमजोर हुँदा प्रतिबद्धताअनुसार वैदेशिक सहयता प्राप्ति हुन सकिरहेको छैन। सम्बन्धित वैदेशिक सहायताअन्तर्गतका परियोजना तथा कार्यक्रमको कार्यान्वयन कमजोर हुने गरेको छ। त्यसले गर्दा पनि प्रतिबद्धताअनुसार वैदेशिक सहायता प्राप्ति गर्न सकिएको छैन। तसर्थ, यसमा नेपालको पनि कमजोरी छ। साथै, सम्झौता तथा प्रतिबद्धताअनुसारको सहायता प्राप्तिका लागि नेपालको तर्फबाट पहल पुगेको छैन। यसैगरी दाताको 'इन्टेन्सन' (स्वार्थ), सर्तलगायतका कारण पनि प्रतिबद्धताअनुसार सहायता परिचालन हुन सकेको देखिन्न।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८१/८२ को पुस पहिलो सातासम्म दुई खर्ब दुई अर्ब ४० करोड रुपैयाँबराबरको वैदेशिक सहायता (ऋण र अनुदान)को प्रतिबद्धता आएको अर्थ मन्त्रालयले जनाएको छ।

गत आव ०८०/८१ को यसै अवधिमा वैदेशिक सहयता प्रतिबद्धता ५९ अर्ब ९८ करोड रुपैयाँ थियो। समीक्षामा अवधिमा यस्तो प्रतिबद्धता २३७.५ प्रतिशतले बढेको हो। अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले विकास साझेदारबाट प्राप्त हुने वैदेशिक सहायताको प्रतिबद्धतामा उल्लेख्य वृद्धि भएको बताए।

अर्थका अनुसार समीक्षा अवधिमा वैदशिक सहायता प्राप्ति भने ४४ अर्ब आठ करोड रुपैयाँ मात्रै रहेको छ। त्यसमा अनुदान ६ अर्ब ७५ करोड रुपैयाँ रहेको छ। वैदेशिक ऋण प्राप्ति भने ३७ अर्ब ३३ करोड रुपैयाँ रहेको छ। सरकारले चालू आवमा ५५ अर्ब ४५ करोड ८३ लाख रुपैयाँ अनुदान र दुई खर्ब १७ अर्ब रुपैयाँ विदेशी ऋण परिचालन गर्ने लक्ष्य लिएको छ। तर, पहिलो पाँच महिना बितिसक्दा लक्ष्यको ज्यादै न्यून अनुपातमा विदेशी अनुदान र ऋण प्राप्ति भएको छ।

समीक्षा अवधिमा लक्ष्यको १२.१७ प्रतिशत अनुदान र १७.२० प्रतिशत ऋण प्राप्ति भएको अर्थले जनाएको छ। गत आवको मंसिर मसान्तसम्म दुई अर्ब ७५ करोड ८० लाख रुपैयाँ अनुदान र दुई अर्ब ५६ करोड १६ लाख रुपैयाँ विदेशी ऋण र प्राप्ति भएको थियो।

पूर्वअर्थसचिव सुमन शर्मा नेपालमा प्रतिबद्धताअनुसार वैदेशिक सहायता प्राप्ति नहुने गरेको बताउँछन्। विशेष गरी नेपालको खर्च गर्ने क्षमता कमजोर हुँदा प्रतिबद्धताअनुसार वैदेशिक सहयता प्राप्ति हुन नसकेको उनको भनाइ छ। 'सम्बन्धित वैदेशिक सहयताअन्तर्गतका परियोजना तथा कार्यक्रमको कार्यान्वयन कमजोर हुने गरेको छ। त्यसले गर्दा पनि प्रतिबद्धताअनुसार वैदेशिक सहायता प्राप्ति गर्न सकिएको छैन।

तसर्थ, यसमा नेपालको पनि कमजोरी छ,' उनले भने, 'साथै, सम्झौता तथा प्रतिबद्धताअनुसारको सहायता प्राप्तिका लागि नेपालको तर्फबाट पहल पुगेको छैन। यसै गरी दाताको 'इन्टेन्सन' (स्वार्थ), सर्तलगायतका कारण पनि प्रतिबद्धताअनुसार सहायता परिचालन हुन सकेको देखिन्न।'

नेपालको आर्थिक, कूटनीतिक बलियो नहुँदा पनि वैदेशिक सहायता परिचालनमा समस्या आउन थालेको छ।

उद्यमी बने 'फिरन्ते' महिला

जंगलमा आहारा खोज्दै जीवन गुजार्ने वनकरिया समुदायका महिलाहरू सीप सिकेर उद्यमतर्फ लागेका छन्। २५ महिला सञ्चालक भएर खोलेका छन्- वनकरिया चेपाङ महिला साबुन उद्योग

मकवानपुरमा **पोष्टराज अधिकारी**

विगतमा जंगल चहार्दै 'फिरन्ते' जीवन बिताउने गरेका वनकरिया समुदायका महिलाहरू अहिले उद्यमशीलतामा लागेका छन्। मकवानपुरको मनहरी गाउँपालिका- ४, मुसेधापमा बस्दै आएका लोपोन्मुख जाति वनकरिया समुदायका महिलाहरू साबुन उद्योग सञ्चालन गरेर आयआर्जनमा जोडिएका हुन्।

राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चबाट तालिम लिएका २५ महिला मिलेर 'वनकरिया चेपाङ महिला साबुन उद्योग' दर्ता गरेका छन्। उद्योगबाट गत मंसिरदेखि नियमित रूपमा साबुन उत्पादन थालिएको छ। जंगलमा खेर गएको जडीबुटीबाट साबुन बनाइरहेको उद्योगको सञ्चालकसमेत रहेकी सन्तोषी वनकरियाले बताइन्।

'घिउकुमारी, तितेपाती र निमका पातबाट साबुन बनाउँछौं। हाम्रो साबुन गाउँघरमै खपत भइरहेको छ,' उनले भनिन्। मञ्चले तालिमसँगै साबुन उत्पादन गर्ने औजार र दुई लाख रुपैयाँ नगद सहयोग गरेकाले महिलाहरू मिलेर उद्योग खोलेको उनले जानकारी दिइन्। 'साबुनका लागि निमको बोट आफ्नै बारीमा रोपेका छौं। घिउकुमारी पनि बारीमै





मनहरी गाउँपालिका- ४, मुसेधापस्थित आफैंले सञ्चालन गरेको 'वनकरिया चेपाङ महिला साबुन उद्योग'मा काम गर्दै महिला।



सन्तोषी वनकरिया

छ। तितेपातीको खासै दुःख छैन, जतातै पाइन्छ,' सन्तोषीले भनिन्। आयुर्वेदिक साबुन भएकाले घाउ, खटिरा र चिलाउने समस्या भएकाले समेत प्रयोग गर्ने गरेको उनको भनाइ छ।

मुसेधापमा अहिले २२ वनकरिया परिवारका ९३ जना बसोवास गर्दै आएका छन्। सरकारले ०६६ देखि लोपोन्मुख १० वटा जातिलाई मुलुकको मूलधारमा ल्याउने उद्देश्यले वनकरिया समुदायलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ।

सो क्षेत्र (वडा नम्बर ४) का वडाअध्यक्ष प्रकाश थापाले वनकरिया समुदाय उद्यमशीलतातर्फ अग्रसर हुँदा निकै खुसी लागेको बताए। उनले वनकरिया समुदायले उत्पादन गरेको साबुनको बजारीकरण गर्न र अन्य आर्थिक एवं प्राविधिक सहयोग गर्न प्रतिबद्ध रहेकोसमेत बताए।

> घिउकुमारी, निमको पात र तितेपातीको पेस्ट बनाएर करिब एक घण्टा पकाएपछि फर्मामा हालेर साबुन बनाउने गरिन्छ। साबुन २० देखि ६० रुपैयाँसम्ममा स्थानीय सरकारी कार्यालय र बजारमा बिक्री हुन्छ।

नबिल बैंकद्वारा जाजरकोट र रुकुमका भूकम्पपीडितलाई अस्थायी आवास हस्तान्तरण

काठमाडौं/ नबिल बैंकले जाजरकोट र रुकुम पश्चिममा भूकम्पपछि निर्माण गरेका ९६ वटा अस्थायी आवास हस्तान्तरण गरेको छ। एक कार्यक्रमबिच नबिल बैंकका अध्यक्ष उपेन्द्रप्रसाद पौडेलले नलगाड नगरपालिकाका मेयर डम्बरबहादुर रावत र चौरजहारी नगरपालिकाका मेयर पुष्प वादीलाई आवास हस्तान्तरण गरेका हुन्। कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगाना, बैंकका सञ्चालक निर्वाण चौधरीलगायत उच्च पदाधिकारीको उपस्थिति रहेको थियो।



हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दै बैंकका अध्यक्ष पौडेलले बैंक समाजमा सकारात्मक प्रभाव पार्न सधैं प्रतिबद्ध रहेको बताए। उनले प्राकृतिक प्रकोपबाट प्रभावितलाई सहयोग पुऱ्याउने उद्देश्यले नबिल बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत यो परियोजना अघि बढाएको बताए।

नबिलले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत अस्थायी आवास निर्माण गरेको हो। बैंकले स्थानीय सरकारसँगको साझेदारीमा जाजरकोटको नलगाड नगरपालिकाको वडा नं १ मा ४७ र रुकुम पश्चिमको चौरजहारी नगरपालिकाको वडा नं १ मा ४९ अस्थायी आवास निर्माण गरेको थियो।

बैंकले अस्थायी आवास बनाउन आवश्यक जस्तापाता, बाँस, सिमेन्ट, रंगरोगन, किलाकाँटीजस्ता निर्माण सामग्री उपलब्ध गराएको थियो।

कार्यक्रममा नलगाड नगरपालिकाका मेयर डम्बरबहादुर रावत र चौरजहारी नगरपालिकाका मेयर पुष्प वादीले निजी क्षेत्रले राज्यको दायित्वमा साथ दिएर सामाजिक उत्तरदायित्व पूरा गरेको कार्य प्रशंसनीय रहेको बताए। गत वर्ष कात्तिक १७ गते जाजरकोटको बारकोट गाउँपालिका- १, रामीडाँडा केन्द्रविन्दु भएर गएको ६.४ रेक्टर स्केलको भूकम्पले जाजरकोट र रुकुम पश्चिममा ठुलो क्षति पुऱ्याएको थियो। नबिल बैंकले प्रभावित क्षेत्रको जनताको सहयोगका लागि एक करोड रुपैयाँबराबरको सहयोगको घोषणा गरेको थियो।

हुवावे नेपालको 'सिड्स फर द फ्युचर' कार्यक्रम

काठमाडौं/ हुवावे नेपालको प्रमुख सामाजिक पहल 'सिड्स फर द फ्युचर' २०२४ कार्यक्रम सम्पन्न भएको छ। नेपालका युवालाई आइसिटी शिक्षा र नवप्रवर्तनमार्फत सशक्त बनाउने उद्देश्यसहित कार्यक्रम गरिएको थियो। कार्यक्रमको उद्घाटन हुवावे नेपालका प्रमुख कार्यकारी अधिकृत ह्वांगजुनले गरेका थिए।



साथै, हुवावे नेपालले प्रदर्शनी केन्द्रको उद्घाटन गरेको छ। उक्त केन्द्र सञ्चार तथा सूचना प्रविधिमन्त्री, माननीय पृथ्वी सुब्बा गुरुङले प्रदर्शनी केन्द्रको उद्घाटन गरेका हुन्। यो प्रदर्शनी केन्द्रले सूचना तथा सञ्चार प्रविधि (आइसिटी) क्षेत्रमा पछिल्ला प्रवृत्ति र अभ्यासलाई प्रदर्शित गर्ने एक महत्त्वपूर्ण केन्द्रका रूपमा काम गर्ने बताइएको छ।

नेपालको डिजिटल रूपान्तरणमा हुवावे नेपालको योगदानको २५ वर्ष पूरा भएको अवसरले पनि विशेष महत्त्व राखेको छ। बितेको २५ वर्षमा हुवावेले देशको प्राविधिक परिदृश्यलाई आकार दिन, दूरसञ्चार पूर्वाधारको उन्नतिदेखि आइसिटी समाधानमा नवप्रवर्तन गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। प्रदर्शनी केन्द्रको उद्घाटन हुवावेको नेपालको डिजिटल भविष्यलाई समर्थन गर्ने र प्राविधिक नेताहरूको नयाँ पुस्ताका लागि प्लेटफर्म उपलब्ध गराउने निरन्तर प्रतिबद्धताको प्रमाण भएको कम्पनीले जनाएको छ।

त्यसका साथै हुवावेले यस वर्षको 'सिड्स फर द फ्युचर' कार्यक्रमका विजेता घोषणा पनि गरेको छ। प्रतियोगितामा सहभागी नेपाली विद्यार्थी टोलीले 'पिपल्स च्वाइस अवार्ड' जितेका थिए। उक्त कार्यक्रममा तीन सयभन्दा बढी आवेदन प्राप्त भएका थिए, जसबाट ३० जना विद्यार्थी चयन भएका थिए।यस कार्यक्रममा प्राविधिक तालिम, कार्यशाला, मास्टरक्लास र सहकार्य परियोजनाहरू संयोजन गरिएका थिए।

कार्यक्रमको समापनमा ६ जना उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई चीनमा हुने एसिया-प्यासिफिक डिजिटल ट्यालेन्ट समिट- २०२४ मा नेपालको प्रतिनिधित्व गर्न छनोट भएका थिए, जहाँ उनीहरूले बहुमूल्य अन्तर्राष्ट्रिय एक्सपोजर प्राप्त गरेका छन्।

होन्डा एनएक्स-२०० को मिडिया टेस्ट राइड

काठमाडौं/ होन्डाको आधिकारिक वितरक स्याकार ट्रेडिङ कम्पनी प्रालिले दुईपाग्रे सवारीसाधन बजारमा नयाँ राइडिङ अनुभूति प्रदान गर्दै होन्डा एनएक्स २२० मिडिया टेस्ट राइड कार्यक्रम सम्पन्न गरेको छ।

'फ्रम सिटी लाइट्स टु माउन्टेन हाइट्स, राइड इट अल' भन्ने मुख्य नारामा आधारित यो कार्यक्रममा मिडिया प्रतिनिधि र इन्फ्लुएन्सरलाई सहरको बाटो, पहाडी ट्रेलमा बाइकको बहुप्रयोजन र प्रदर्शन अनुभव गराएको थियो। टेस्ट राइड होन्डाको एकान्तकुना सर्भिस सेन्टरबाट सुरु भई नक्खु, चोभार, चोभार ड्राइपोर्ट, टौदह, चाल्नाखेल, फर्पिङ हुँदै हात्तीवनको जंगल पार गर्दै हात्तीवन हिमालयन हाइट रिसोर्टमा पुगेर टुंगिएको हो। सहरको बाटो, उकालो र कठोर ट्रेलको मिश्रित मार्गले मिडिया प्रतिनिधि र इन्फ्लुएन्सरलाई एनएक्स २०० को बहुमुखी प्रदर्शन र क्षमता प्रत्यक्ष अनुभव गर्ने मौका दिएको कम्पनीले बताएको छ।



मिट एन्ड ग्रिट कार्यक्रममा साहसिक यात्राप्रेमी र सहरमा सवार गर्न रुचाउने राइडर एकै ठाउँमा भेला भएका थिए। यसले बाइकको एडभेन्चर-क्रसओभर स्टाइलिङ र बहुप्रयोजन क्षमता प्रस्तुत गरेको बताइएको छ। साथै, बाइकमा रहेको युएसडी (अपसाइड डाउन) गोल्डेन फ्रन्ट सस्पेन्सनले अप्ठ्यारो बाटो सहजै पार गर्न सक्षम बनाउनाले बाइकले अफरोड यात्राका लागि लोकप्रियता कमाएको कम्पनीको दाबी छ।

लक्ष्मी सन्राइज बैंक र आइएससीबिच वित्तीय दुरुपयोग समाधान गर्नेबारे सम्झौता



काठमाडौं/ लक्ष्मी सन्राइज बैंकले नेपालमा वित्तीय दुरुपयोग समाधान गर्न अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी)सँग 'एम्पावर फाइनान्स एलायन्स'अन्तर्गत सम्झौता गरेको छ। नेपालमा यसप्रकारको पहिलो पहलका रूपमा गरिएको यो सम्झौताले वित्तीय दुरुपयोगलाई सम्बोधन गर्दै यसलाई समाधान गर्न कदम चाल्ने बताइएको छ। अस्ट्रेलिया सरकारको विदेश मामिला तथा व्यापार विभागको समर्थनप्राप्त यस साझेदारीले वित्तीय सुरक्षा सुधार र समावेशी आर्थिक वृद्धिलाई टेवा पुऱ्याउनेछ।

पति-पत्नी, वृद्ध-आफन्त वा घरपरिवारका अन्य सदस्यमाथि नियन्त्रण जमाउँदै हुने वित्तीय स्रोतहरूको दुरुपयोग वित्तीय दुरुपयोग हो। यसमा परिवारका सदस्यको बैंक खाता र कर्जाजस्ता वित्तीय साधनको दुरुपयोगजस्तै आफ्नो बैंक खाता आफ्नो नभई अरूको नियन्त्रणमा हुनु, वित्तीय संस्थाबाट आफना लागि नभई अरूका लागि ऋण लिन बाध्य बनाइनुजस्ता क्रियाकलाप पर्छन्। यसले वित्तीय समावेशीकरणका प्रयासलाई कमजोर बनाउनुका साथै वित्तीय नोक्सान, क्रेडिट रेटिङ तथा प्रतिष्ठानमा नकारात्मक असर र वित्तीय संस्थाप्रतिको विश्वासको संकट निम्त्याउनेजस्ता गम्भीर प्रभाव पार्न पनि सक्ने जनाइएको छ।

'वित्तीय दुरुपयोगले जनजीवनमा विभिन्न अवरोध पुऱ्याउनुका साथै वित्तीय प्रणालीप्रतिको विश्वासलाई पनि घटाउँछ। यस साझेदारीमार्फत हामी वित्तीय दुरुपयोगलाई पहिचान र रोकथाम गर्न वित्तीय संस्थाहरूमा नै मानकहरू लागू गरी प्रणालीगत सुधार ल्याउन र वित्तीय गतिविधिका लागि सुरक्षित वातावरण सिर्जना गर्न चाहन्छौं,' आइएफसीका बंगलादेश, भुटान र नेपालका देशीय प्रबन्धक मार्टिन होल्टमानले भने।

'एम्पावर फाइनान्स एलायन्स'मार्फत आइएसीले बैंकलाई सुरक्षित बैंकिङ सेवा विकास गर्न आवश्यक मार्गनिर्देशन दिनेछ। यसले बैंकलाई वित्तीय दुरुपयोग रोकथाम र समाधानमा आफ्नो भूमिका परिभाषित गर्न र कार्यान्वयनको अवस्था जानकारीका लागि आन्तरिक परीक्षण गर्न सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ। 'यो साझेदारी बैंकिङ क्षेत्रमा वित्तीय दुरुपयोगजस्तो महत्त्वपूर्ण, तर प्रायः बेवास्ता गरिने समस्यालाई समाधान गर्नेतर्फ एक महत्त्वपूर्ण कदम हो,' लक्ष्मी सन्राइज बैंकका प्रमुख कार्यकारी अधिकृत अजयविक्रम शाहले भने। 'आइएफसीसँगको सहकार्यमा हामी वित्तीय सेवामा सुरक्षा र समावेशीतालाई पुनः परिभाषित गर्दै नयाँ मापदण्ड स्थापना गर्ने र संवेदनशील समूहहरूका लागि सुरक्षित वातावरण सिर्जना गर्ने लक्ष्य राखेका छौं।'

जलेश्वर उद्योग वाणिज्य संघको अध्यक्षमा चौधरी

महोत्तरी/ जलेश्वर उद्योग वाणिज्य संघको शनिबार सम्पन्न मतदानमा शिवचन्द्र चौधरी प्यानल विजयी भएको छ। आठ सय ६५ सदस्य रहेको संघमा शनिबार सात सय ९९ मतदाताले मतदान गरेकामा सोही रातिदेखि मतगणना सुरु भएकोमा आइतबार साँझ आएको अन्तिम नतिजाअनुसार चौधरी चार सय १९ मत प्राप्त गरी विजयी भएका हुन्।

यता प्रथम उपाध्यक्षमा राम एकवाल साहले जित हात पारेका छन्। महासचिवमा राजकुमार पुर्वे (राजु), कोषाध्यक्षमा सन्तोष साह प्यानलका नारायणकुमार गुप्ता विजय भएका छन् भने सचिवमा चन्दनकुमार साह (गोनु महाजन) विजयी भएका छन्।

त्यस्तै, सदस्यमा सञ्जयकुमार गुप्ता (संजु), अनिलकुमार साह सोनार, रमनकुमार चौधरी, मुकेशकुमार साह, मनिभूषण ठाकुर निर्वाचित भएका छन्। त्यसैगरी, ओमप्रकाश साह, रोशन महासेठ, रूपेशकुमार साह र सरोजकुमार साह पनि सदस्यमा विजयी भएका छन्। महिला सदस्यमा कमलादेवी कोइराला विजयी भएकी छिन्।

यता निर्वाचित अध्यक्षसहितको पदाधिकारीको विजयी जुलुसले नगर परिक्रमा गरेको छ। नवनिर्वाचित अध्यक्ष चौधरीले जलेश्वरको व्यापार-व्यवसायलाई प्रगतिपथमा अगाडि बढाउन आफ्नो नेतृत्वमा रहेको टिम पछि नपर्ने बताए।

सिआइटी र म्याग्दी हाइड्रोपावरबिच सेयर प्रत्याभूति सम्झौता



काठमाडौं/ नागरिक लगानी कोष र म्याग्दी हाइड्रोपावर लिमिटेडबिच सेयर प्रत्याभूति गर्ने सम्झौता भएको छ। सम्झौतामा कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्की र म्याग्दी हाइड्रोपावरका अध्यक्ष भरतप्रसाद नेपालले आइतबार हस्ताक्षर गरेका हुन्।

म्याग्दी हाइड्रोले प्रतिसेयर एक सय रुपैयाँका दरले ४७ लाख ४५ हजार कित्ताबापतको ४७ करोड ४५ लाख रुपैयाँबराबरको सेयर निष्कासन गर्ने सम्बन्धमा कोषसँग प्रत्याभूति सम्झौता गरेको हो। सम्झौताको अवधि हस्ताक्षर भएको मितिले ६ महिनासम्म रहनेछ।

मोटरसाइकल हरायो

मिति २०८१/७/२१ गते राती अन्दाजी २१:४५ बजेको समयमा चौतारा, सिन्धुपाल्चोक आफ्नै घर नजिक पार्किङ गरी राखेको मेरो निम्न व्यहोरा भएको कालो रंगको 220 CC को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम: टेक बहादुर लुइटेल
मो.सा.नं.: बा.प्र. -०२-०३० प ८७५०
चेसिस नं.: MD2A13EX8MCE89032
इन्जिन नं.: DKXCMD09560
सम्पर्क न.: **9849259524**

बिमालेख हरायो

मिति २०८१/८/२४ गते मिनभवनबाट राष्ट्रिय बीमा संस्थानसम्म जाँदा राष्ट्रिय बीमा संस्थानबाट जारी भएको मेरो निम्न व्यहोराको बीमाअभिलेख हराएको हुँदा पाउनुहुने महानुभावले निम्न ठेगाना, सम्पर्क नम्बर अथवा नजिकैको प्रहरी चौकीमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : सविना बरुवात (के.सी.)
बीमालेख नं. : 163169
सम्पर्क नं. : 9841790293

अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्मकम्पनीले जापानबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि. नं.	मालबस्तुको बिवरण	आकार प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मूलुक	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा इकाई मूल्य (MRP)
1	LEXUS RX350 HYBRID	SUV	TOYOTA	ALLH15R-AWXGB	2487	JAPAN	1	35,700,000	35,700,000

युनाईटेड ट्रेडर्स सिण्डिकेट प्रा. लि.
आनन्दनगर, धुम्बाराही, काठमाडौं
एक्जीम कोड नं. : ३०००४७३७२०१००NP, फोन नं. : ४००८८०१-५

Government of Nepal
Ministry of Home Affairs'
Nepal Police Hospital
Maharajgunj, Kathmandu

Invitation for Online-Bids

Date of First Publication:- 23th December 2024 (8 Paush 2081 BS)

Government of Nepal, Ministry of Home Affairs', **Nepal Police Hospital, Maharajgunj, Kathmandu** invites online-bids for the following works from registered, eligible and interested firms. For more detail bidders may visit and download from e-GP system ***http://www.bolpatra.gov.np/egp.***

SN	IFB No.	Description of Works	Construction Site
1	NPH-WWD/2081-082/KTM/01	Water Well Drilling	Nepal Police Hospital, Maharagunj, Kathmandu

नबिल बैंक लिमिटेडको शाखा कार्यालयहरु समायोजन तथा स्थानान्तरण सम्बन्धी सूचना

यस बैंकको काठमाण्डौ स्थित न्यूरोड तथा खिचापोखरी शाखा कार्यालयहरु समायोजन तथा स्थानान्तरण भई नयाँ परिसरबाट यही मिति २०८१ पौष १४ गते, तदनुसार **29th December, 2024** देखि संचालन हुने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

हालको शाखा कार्यालयहरुको नाम र ठेगाना		समायोजन र स्थानान्तरणपछि हुने शाखा कार्यालयको नाम र ठेगाना	हालको शाखा कार्यालयबाट को दुरी
न्यूरोड शाखा, केशा प्लाजा, न्यूरोड, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका-२२	**खिचापोखरी शाखा,** खिचापोखरी, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका-२२,	**न्यूरोड शाखा,** पार्क प्लाजा, खिचापोखरी, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका-२२,	न्यूरोड शाखाबाट करिब ३०० मि. खिचापोखरी शाखाबाट करिब ५० मि.

न्यूरोड शाखा : ०१-५३१५९४२/०१-५३२४८३७
खिचापोखरी शाखा : ०१-५३४१३६८

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, कमलादी, काठमाडौं फोन नं. ०१-५९७१८७१

गर्जाङ उपत्यका हाइड्रो पावर लिमिटेड

विज्ञुली बजार, थापागाउँ, काठमाडौं, फोन नं. ०१-५२४४३७७

एघारौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०५/०८)

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८१/०९/०७ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको एघारौ वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

(क) वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान :

मिति : २०८१/०९/२९ गते सोमबार (तदनुसार जनवरी-१३, २०२५)
समय : बिहान ११:०० बजे
स्थान : गर्जाङ उपत्यका हाइड्रोपावर लिमिटेडको कार्यालय परिसर, बिजुलिबजार, काठमाडौं।

वार्षिक साधारण सभाको लागि छलफलको विषयहरू :

(ख) सामान्य प्रस्ताव :

१. आ.व. २०८०/०८१ को संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने बारे।
२. आ.व. २०८०/०८१ को लेखा परीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण माथी छलफल गरी पारित गर्ने बारे।
३. लेखापरीक्षक नियुक्ति गर्ने बारे।
४. विविध।

कम्पनी सचिव
गर्जाङ उपत्यका हाइड्रोपावर लि.

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त संस्था)
केन्द्रीय कार्यालय बबरमहल, काठमाडौं, फोन नं. : ०१-५३२०९१३
Web.: www.skbbl.com.np

२३औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८१/९/८ गते)

यस वित्तीय संस्थाको मिति २०८१ मंसिर २८ गते बसेको सञ्चालक समितिको ४९ औं बैठकको निर्णयानुसार संस्थाको २३ औं वार्षिक साधारणसभा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

सभा बस्ने मिति, समय र स्थान

मिति : २०८१ पौष २३ गते (January 7, 2025) मंगलवार
समय : बिहान १०:०० बजे।
स्थान : कृषि विकास बैंक लि. केन्द्रीय तालिम प्रतिष्ठान, बोडे, भक्तपुर।

छलफलका विषयहरू :

(क) सामान्य प्रस्ताव :

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने।
३. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पुँजी रु.३,८०,६३,७३,७९,८।५७ को ०.७०% ले हुने रकम रु. २,६६,४४,६१६।५९ नगद लाभांश (लाभांश कर प्रयोजनको लागि) पारित गर्ने।
४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने।
५. स्वतन्त्र सञ्चालक पदमा नियुक्ती सम्बन्धमा।

(ख) विशेष प्रस्ताव :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु.३,८०,६३,७३,७९,८।५७ को १३.३०% ले हुने रकम रु. ५०,६२,४७,७१५।२१ बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने। उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अङ्क (fraction) लाई पहिलेको भिन्न अङ्कसँग समायोजन गरी बाँकी हुन आउने भिन्न अङ्कलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने।
२. यस संस्थाको जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने र सोही बमोजिम प्रवन्धपत्रको दफा ५(ख) र (ग) मा रहेको सम्बन्धित दफाहरूमा आवश्यक संशोधन गर्ने।
३. आ.व. २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५ मा उल्लिखित खर्च रु. १,०४,१५,५९,४।४५ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने।
४. प्रवन्धपत्र संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियामक निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि निर्देशन अनुसार गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने।

(ग) विविध।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव,
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

नोट : वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी र कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम यस वित्तीय संस्थाको संक्षिप्त वार्षिक आर्थिक विवरण २०८१/९/२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचनामा उल्लेख गरिएको छ। वार्षिक साधारण सभा सम्बन्धी सूचना www. Skbbl.com.np को वेवसाइटमा पनि हेर्न सकिनेछ।

स्थानीय सरकार
शिवपुरी गाउँपालिका
शेराबगर, नुवाकोट
बागमती प्रदेश ,नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८१।०५।०८)

यस कार्यालयबाट मिति २०८१।०८।०३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा तथा PPMO को E-Procurement Portal मा समेत प्रकाशित आन्तरिक आय संकलनको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र अधिकतम मुल्याङकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

तपशिल:

सि. नं.	ठेक्का नं.	कामको विवरण	छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना	कबोल रकम रु. (भ्याट सहित)
१	SRM/IR/081-082/01	शिवपुरी गाउँपालिका भएर बग्ने लिखु खोलाको बगर क्षेत्रबाट ढुंगा गिट्टी र बालुवाको दिगो सङ्कलन/उत्खन्न कार्य।	D.P. THIKE JV, Changunarayan- 3, Bhaktapur	१०,७३,५००.००

प्रमुख प्रशासकीय अधिकृत

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०

एनपिएलका सफल १० खेलाडी

रमेश सुवेदी/नयाँ पत्रिका

पहिलो संस्करणमै नेपाल प्रिमियर लिग (एनपिएल) ले अन्तर्राष्ट्रिय क्षेत्रमा वाहवाही कमाउन सफल भयो। एसोसिएट राष्ट्रले आयोजना गर्ने टी-२० फ्रेन्चाइज लिगमा एनपिएल सबैभन्दा ठूलो र ब्रान्डिङका रूपमा चर्चा भयो। सुदूरपश्चिम रोयल्सलाई पाँच विकेटले हराउँदै जनकपुर रोयल्स पहिलो संस्करणको विजेता बन्यो। सय करोडभन्दा माथि खर्च मानिएको एनपिएलमा २३ दिनमा ३२ खेलमा दर्शकको उपस्थिति उत्साहपूर्ण रह्यो। फाइनल र उद्घाटन खेलमा टिकट नै सोल्ड आउट भए। अन्य दिन पनि पाँच हजारभन्दा धेरै दर्शकको उपस्थित रह्यो। शिखर धवन, मार्टिन गुप्तिल, जिमी निसम, सोहेल तनभिर, रवि बोपरा, वेन कटिङजस्ता चर्चित विदेशी खेलाडी आएपछि लिगको रौनक नै फरक भएको थियो। वेस्ट इन्डिजका लिजेन्ड ब्रायन लाराको आगमनले पनि लिगको हाइट बढ्यो। एनपिएलका सफल १० खेलाडी यस्ता छन्।



> १५ मंसिरदेखि ६ पुससम्म चलेको एनपिएलमा आठ फ्रेन्चाइज टोलीबाट स्वदेशी तथा विदेशी खेलाडीले प्रतिस्पर्धा गरे। जसमा आशा गरेका केही खेलाडी चल्न सकेनन् भने केहीले सानदार प्रदर्शन गरे।

दीपेन्द्रसिंह ऐरी (सुदूरपश्चिम रोयल्स)

प्रदर्शन : २२७ रन, ९ विकेट

एनपिएलको अलराउन्ड प्रदर्शनमा दीपेन्द्रसिंह सबैभन्दा अगाडि रहे। ब्याटिङ, बलिङ र फिल्डरका रूपमा उनले सबै खेलमा प्रभाव देखाए। यसै अलराउन्ड प्रदर्शनका कारण उनी नेपालीमध्ये एनपिएलकै सर्वोत्कृष्ट खेलाडी भए। यससँगै उनले ६० लाख मूल्यबराबरको कार पाए। एनपिएलमा केवल दुई खेल गुमाएको सुदूरपश्चिम उपविजेता हुँदा दीपेन्द्रसिंहले ब्याटिङमा २२७ रन बनाउनुका साथै बलिङमा नौ विकेट हात पारे। उनले विराटनगरविरुद्ध अर्धशतक बनाएका थिए।



लाहिरू मिलान्था (जनकपुर बोल्ट्स)

प्रदर्शन : २९३ रन

एनपिएलमा खेल्न आएका विदेशी खेलाडीमध्ये लाहिरू प्रतियोगिताकै सर्वाधिक रनकर्ता बने। श्रीलंकाको यू-१९ क्रिकेटबाट खेलेका अमेरिकन लाहिरूले जनकपुरबाट १० खेल खेले। जसमा उनले दुई अर्धशतकीय इनिङ्स खेले। उनले विराटनगरविरुद्ध ७५ रनमा अविजित तथा उपाधि भिडन्तमा सुदूरपश्चिमविरुद्ध महत्त्वपूर्ण ८७ रन बनाएका थिए। पोखराविरुद्ध पनि ४५ रन बनाएका उनी यसअघि नेपाल टी-२० फ्रेन्चाइज लिग खेल्न नेपाल आएका थिए। विकेटकिपर ब्याट्सम्यान लाहिरूले त्रिवि मैदानको पिचलाई सहजै बुझेका थिए। जसका कारण उनले प्रत्येक खेलमा आक्रामक स्ट्रोक लगाए।

रोहित पौडेल (लुम्बिनी लायन्स)

प्रदर्शन : २७९ रन, ८ विकेट

लुम्बिनीले एनपिएलमा एक खेल मात्र जित्यो। लुम्बिनीका लागि कप्तान रोहितले उत्कृष्ट प्रदर्शन गरेका थिए। एककिसिमले रोहित 'वान म्यान आर्मी' भएर निस्किए। लिग चरणको पूरै सात खेलमा लुम्बिनी उनकै ब्याटिङमा टिकेको थियो। प्रतियोगितामा उनले दुई अर्धशतक बनाएका छन्। उनले पोखराविरुद्ध सर्वाधिक ९५ रन जोडेका थिए। रोहितले विराटनगरविरुद्ध ४६ र जनकपुरविरुद्ध ३५ रनको योगदान दिएका थिए। उनले सात खेलमा २६ चौका र ११ छक्का प्रहार गरे। यसै प्रदर्शनका आधारमा रोहित नेपाली खेलाडीमध्ये सफल रहे।



ललित राजवंशी (जनकपुर बोल्ट्स)

प्रदर्शन : १७ विकेट

एनपिएलमा अक्सन चलिरहँदा बलिङ आक्रामणमा अनुभवी विदेशी खेलाडी हाबी हुने आकलन गरिएको थियो। तर, एनपिएल समाप्तिसँगै घरेलु स्पिनर ललितले आफूलाई अब्बल प्रमाणित गरे। जनकपुरलाई पहिलो सिजनको च्याम्पियन बनाउन उनले सर्वाधिक १७ विकेट लिए। २५ वर्षीय ललितले सुदूरपश्चिममा अनुबन्ध भएका न्युजिल्यान्डका स्कट कुगुलेइनसँगै सर्वाधिक १७ विकेटको प्रदर्शन गरे। तर, फाइनलमा उत्कृष्ट बलिङ स्पेल गर्नुका साथै उनले ५.३२ को इकोनोमी राखे। यसै प्रदर्शनका आधारमै उनी प्रतियागिताकै सर्वोत्कृष्ट बलर घोषित हुँदै मोटरसाइकलबाट सम्मानित भए। एनपिएलमा ललितले पाँच मेडन ओभर फ्याँके। उनको उत्कृष्ट प्रदर्शन नै आठ रन खर्चेर तीन विकेट लिनु हो।



जिमी निसम (जनकपुर बोल्ट्स)

प्रदर्शन : २४७ रन, ७ विकेट

नेपालमा आएका विदेशी खेलाडीमध्ये न्युजिल्यान्डका निसम सबैभन्दा सफल देखिए। एनपिएलमा उनले सात विकेटसहित व्यक्तिगत २४७ रन बनाए। ३४ वर्षीय निसमले प्रतियोगिताको सबैभन्दा उच्च स्ट्राइक रेटमा ब्याटिङ गर्दा एनर्जेटिक प्लेयर अफ द टुर्नामेन्ट अवार्ड पाए। दोस्रो क्वालिफायरमा निसमकै प्रदर्शनका कारण जनकपुरले कर्णालीलाई हराएको थियो। उनले सो खेलमा १५ बलमा ४५ रन जोडेका थिए। निसमले ९ खेलमा १९६.०३ स्ट्राइक राखे। उनले चितवनविरुद्ध ६५ र सुदूरपश्चिमविरुद्ध ४५ रन बनाएका थिए।



विपिनप्रसाद शर्मा (कर्णाली याक्स)

प्रदर्शन : १३ विकेट

एनपिएलमा नेपालकै सिनियर बलरहरू सन्दीप लामिछाने, करण केसी र सोमपाल कामीले प्रभावशाली प्रदर्शन गर्न सकेनन्। बरु ट्यालेन्ट हन्टबाट आएका विपिन सनसनी मच्चाउँदै सबैका ध्यान आफूतिर केन्द्रित पार्न सफल भए। कर्णाली याक्सले ट्यालेन्ट हन्टबाट उनलाई अनुबन्ध गरेको थियो। नपत्याउँदो रूपमा एकपछि अर्को खेलमा विकेट लिएका विपिन एनपिएलकै राइजिङ स्टार चुनिए। १६ वर्षीय सुर्खेतका उनले आठ खेलमा १३ विकेट लिए। उनले पाकिस्तानका सोहेल तनभिर, न्युजिल्यान्डका निसम र मार्टिन गुप्तिलको विकेट लिए।

विनोद भण्डारी (सुदूरपश्चिम रोयल्स)

प्रदर्शन : २३५ रन



एनपिएल अक्सनमा नेपाली राष्ट्रिय टोलीका अनुभवी विकेटकिपर ब्याट्सम्यान विनोदमाथि कसैले बोली लगाएनन्। विनोदले आफूलाई अक्सनमा श्रेणी 'ए' राखेका थिए। 'विस लिस्ट'बाट उनलाई सुदूरपश्चिमले १० लाखमा खरिद गऱ्यो। ३४ वर्षीय विनोदले एनपिएलमा राम्रो ब्याटिङ गर्न नसक्ने भन्दै आलोचना भएको थियो। तर, उनी ब्याट र विकेटपछाडि उत्कृष्ट प्रदर्शन गर्दै आफ्ना आलोचकको मुख बन्द गर्न सफल भए। सुदूरपश्चिमको फाइनल यात्राका क्रममा ओपनिङमा विनोदले उत्कृष्ट प्रदर्शन गरेका थिए। उनले इलिमिनेटरमा कर्णालीविरुद्धको अर्धशतकसँगै समग्रमा २३५ रन बनाए।

कुशल मल्ल (चितवन राइनोज)

प्रदर्शन : २२३ रन, ९ विकेट

कार पाउने सम्भावित नेपाली खेलाडी चितवनका कुशल मल्ल पनि हुन्। पहिलो इलिमिनेटरमा कर्णालीसँग पराजित हुँदै एनपिएलबाट बाहिरिएको चितवनका लागि मल्लले ब्याटिङ र बलिङमा समान प्रदर्शन गरे। उनले ब्याटिङमा एक अर्धशतकको सहयोगमा २२३ रन जोडे भने बलिङमा आठ इनिङ्स बलिङ गरी नौ विकेट लिए। लिग चरणमा जनकपुरविरुद्ध उनले ७२ रनको उत्कृष्ट इनिङ्स खेलेका थिए। त्यस खेलमा उनले २६ रन खर्चेर दुई विकेट हात पारे। लिग चरणमा सुदूरपश्चिममाथि जित निकाल्दा उनले १८ रन खर्चेर दुई विकेट हात पारे।



सोहेल तनभिर (चितवन राइनोज)

प्रदर्शन : १४ विकेट



पाकिस्तानलाई टी-२० विश्वकप जिताउन मुख्य भूमिका निर्वाह गरेका तनभिर पनि एनपिएलमा चर्चाका शिखरमा रहे। त्रिवि मैदानमा तनभिरले बिहान र दिउँसोका खेलमा विपक्षी बलरलाई समस्यामा राखे। बायाँहाते फास्ट बलर उनले बल स्विङ गराउँदै सहजै विकेट लिए। प्रतियोगितामै पहिलो पाँच विकेटको प्रदर्शन गर्ने बलर बनेका उनले ३०.२ ओभर बलिङ गरेका थिए। समग्रमा तनभिरले १४ विकेट लिए। सर्वाधिक विकेट लिने सूचीमा उनी तेस्रो स्थानमा छन्। तनभिरले पहिलो सहभागितामै आफूलाई चर्चामा राखे।

किशोर महतो (जनकपुर बोल्ट्स)

प्रदर्शन : १४ विकेट

जनकपुरले पहिलो संस्करणको ट्रफी उचाल्दा बलर किशोर महतो प्रेरणादायी प्रदर्शन गर्न सफल रहे। यसै प्रदर्शनका आधारमा उनले आफूलाई राष्ट्रिय टोलीमा फर्कने आधार बनाएका छन्। नेपालको राष्ट्रिय टोलीबाट दुई एकदिवसीय खेलेका उनी लामो समयदेखि टोलीमा छैनन्। एनपिएलमा उत्कृष्ट बलिङ प्रदर्शन गरेका महतोले १० इनिङ्समा बलिङ गरी १४ विकेट लिएका छन्। उनी सर्वाधिक विकेट लिने सूचीको चौथो स्थानमा छन्।



घरेलु ६ खेलाडी जो एनपिएलमा चलेनन्

कुशल भुर्तेल (पोखरा एभेन्जर्स)

प्रदर्शन : ५४ रन, ५ विकेट



एनपिएलमा सबैभन्दा कमजोर प्रदर्शन गर्ने खेलाडीमा राष्ट्रिय टोलीका ओपनर कुशल भुर्तेल देखिए। भुर्तेल पूरा प्रतियोगिताभर चल्न सकेनन्। उनले सात खेलमा मात्र ५४ रन बनाए। बलिङमा उनले पाँच विकेट हात पारे। पोखराले टिम खरिदमा सबैभन्दा धेरै रकम खर्च गर्दा भुर्तेल मार्की बनेका थिए। पोखराले उनको प्रदर्शनसँगै उपाधि जित्ने लक्ष्य राखेको थियो। पोखरा प्लेअफमै पुग्न सकेन।

सन्दीप लामिछाने (विराटनगर किंग्स)


प्रदर्शन : ६ विकेट



विराटनगरका मार्की तथा कप्तान सन्दीप लामिछानेका लागि एनपिएल बिर्सनलायक बन्यो। पोखराविरुद्धको सुपर ओभरमा आफैंले बलिङ गर्दा सन्दीप आलोचनाको पात्र बने। लेग स्पिनर सन्दीपले ६ विकेट लिए। अन्तिम दुई खेलमा काठमाडौंविरुद्ध तीन तथा चितवन राइनोजविरुद्ध दुई गरी पाँच विकेट लिएका उनले ब्याटिङमा २२ रन बनाएका थिए।

गुल्सन झा (कर्णाली याक्स)

प्रदर्शन : १३२ रन, १ विकेट



अक्सनमा ए श्रेणीका गुल्सन झाको न्यूनतम मूल्य नै १० लाख थियो। राष्ट्रिय टिममा गरेको प्रदर्शनका आधारमा उनको मूल्य सर्वाधिक १५ लाखसम्म पुगेको थियो। १० घण्टासम्म चलेको अक्सनमा गुल्सनलाई भित्र्याउन आठै टोलीले अन्तिमसम्म प्रयास गरेका थिए। कर्णालीले गोलाप्रथामा गुल्सनलाई १५ लाखमा अनुबन्ध गऱ्यो। गुल्सन टोलीमा आउँदा कर्णालीका अफिसियल धेरै खुसी भएका थिए। तर, गुल्सनले एनपिएलमा सोचेजस्तो प्रदर्शन गर्न सकेनन्। १८ वर्षीय अलराउन्डरले १३२ रन मात्रै बनाउँदा मात्र १ विकेट लिए। उनी दुईपटक डकआउट भए। पोखराविरुद्ध सर्वाधिक ४९ रन बनाए।

भीम सार्की (काठमाडौं गुर्खाज)

प्रदर्शन : ७८ रन



एनपिएलमा घरेलु खेलाडीमध्ये भीम सार्की पनि चल्न सकेनन्। काठमाडौंले उनलाई अक्सनबाट अनुबन्ध गरेको थियो। उनले एक खेलबाहेक अपेक्षाअनुसार ब्याटिङ गर्न सकेनन्। भीमले सात खेलमा ७८ रन मात्र बनाएका थिए। लुम्बिनी लायन्सविरुद्ध ४० बलमा ३१ र पोखरा एभेन्जर्सविरुद्ध २० बलमा २२ रन जोड्नु नै उनको एनपिएलको उत्कृष्ट थियो। नेपालको ५० ओभरको फर्म्याटमा आफूलाई स्टोक प्लेयर बनाएका भीमले यस छविलाई एनपिएलमा सार्थक बनाएनन्।

शरद भेसवाकर (चितवन राइनोज)

प्रदर्शन : ३८ रन



एनपिएल अक्सनको दोस्रो चरणमा शरदलाई चितवनले अनुबन्ध गरेको थियो। नेपाली राष्ट्रिय टोलीमा कुनै समय उत्कृष्ट फिनिसर उपनाम पाएका शरदले एनपिएलजस्तो प्रतियोगितामा आफूलाई प्रमाणित गर्न सकेनन्। उनले चार खेलमा अवसर पाउँदा ३८ रन मात्र बनाए। प्रतियोगितामा उनले केवल दुई चौका प्रहार गरेका थिए। पोखरा र काठमाडौंविरुद्ध उनले समान ११ रन जोडे

सन्दीप जोरा (लुम्बिनी लायन्स)

प्रदर्शन : १२० रन



राष्ट्रिय टोलीका नियमित खेलाडी सन्दीपलाई लुम्बिनीले अक्सनबाट भित्र्याएको थियो। लुम्बिनीले उनीबाट ठूलो अपेक्षा राखेको थियो। तर, सन्दीपले गतिलो ब्याटिङ गर्न सकेनन्। लुम्बिनी अंकतालिकाको पुछारमा रहँदा सन्दीपले सात खेलमा १२० रन मात्र जोडे। एक किसिमले एनपिएलमा सन्दीपको प्रदर्शन बिर्सनलायक रह्यो। सन्दीपको स्ट्राइक रेट १०४.३४ रह्यो। बलिङमा उनले दुई खेलमा दुई विकेट लिए।

■ झापा कपको फाइनल आज

एनआरटीसँग बदला लिने दाउमा चर्च ब्वाइज

झापामा **चिरञ्जीवी घिमिरे**

पहिलो झापा कपको उपाधिका लागि सोमबार सहिद स्मारक ए डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेड र ए डिभिजन क्लब न्युरोड टिम (एनआरटी) भिड्दै छन्। एक साताको अन्तरमा यी दुई क्लब दोस्रोपटक आमनेसामने हुन लागेका हुन्। गत साता इलाम गोल्डकपको फाइनलमा एनआरटीले चर्च ब्वाइजमाथि ३-० को जित दर्ता गर्दै उपाधि उचालेको थियो। चर्च ब्वाइजले एक साताअघि व्यहोरेको हारको बदला लिने तयारीका साथ मैदानमा उत्रने योजना बनाएको छ।

एनआरटीले चर्च ब्वाइजलाई नै पराजित गरी एक साताभित्र दोहोरो उपाधि जित्ने लक्ष्य बनाएको छ। झापा कपको विजेताले दश लाख र उपविजेताले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन्। जागृति फुटबल क्लबलाई टाइब्रेकरमा पराजित गर्दै एनआरटी फाइनलमा पुगेको हो। चर्च ब्वाइजले सलहेश फुटबल क्लबलाई हराउँदै अन्तिम दुईमा स्थान सुरक्षित गरेको हो। प्रतियोगिताको आइतबार भएको प्रिम्याच कन्फ्रेन्समा चर्च ब्वाइजका प्रशिक्षक सुमन श्रेष्ठले एनआरटीविरुद्ध इलाममा भएको गल्तीलाई सच्याउँदै खेल्ने बताए।

चर्च ब्वाइजमा मुख्य खेलाडी घाइते

इलाम गोल्डकपका क्रममा चर्च ब्वाइजका केही मुख्य खेलाडी घाइते छन्। नियमित कप्तान अनन्त तामाङले चोटका कारण क्वार्टरफाइनल खेल गुमाएका थिए। उनले सेमिफाइनलको अन्तिम दश मिनेट मात्र खेले। चोटका कारण नै एरिक विष्टले सेमिफाइनल खेल गुमाएका थिए। प्रिम्याच कन्फ्रेन्समा कमल श्रेष्ठले कप्तानीका रूपमा प्रतिक्रिया दिएका थिए। मुख्य खेलाडी मैदानबाहिर रहँदा एनआरटीविरुद्ध चर्च ब्वाइजलाई गाह्रो पर्ने देखिन्छ। सहलेशविरुद्धको सेमिफाइनलमा सिनियर खेलाडीको अभाव चर्च ब्वाइजलाई खड्किएको थियो।

सबै खेलाडी फर्ममा

एनआरटीका प्रशिक्षक जीवन सिंकेमानले खेलाडीहरूले जितका लागि प्रतिस्पर्धा गर्ने बताए। 'हामी एक साताको अन्तरमा दुई उपाधि जित्दै इतिहास बनाउने प्रयासमा छौं,' सिंकेमानले भने, 'यसका लागि एनआरटी तयार छ।' युवा र सिनियर खेलाडीले भरिएको एनआरटीले चर्च ब्वाइजलाई बलियो चुनौती दिने प्रशिक्षक सिंकेमानले बताए।

Dakneshwori Municipality
Office of the Municipal Executive
Pato, Saptari
Madhesh Province, Nepal

Invitation for Electronic Bids

First Date of publication: 2081-09-08

1. Dakneshwori Municipality invites electronic bid from Nepalese eligible bidders for the ***Installation of Transformer and Line construction work for Agriculture in all 10 wards*** under National Competitive Bidding procedures
2. Eligible Bidders May obtain Further information from PPMO website may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. The Name and Identification of the Contract are as follows:

Description of Work	Minimum Average Annual construction turnover	Bid Security Amount *NRs*	Bid Fee (NRS)	Works Experience
DKMUN/NCB/EW/- 01-2081-82 *Installation of Transformer and Line construction work for Agriculture in all 10 wards*	*3,50,00,000*	*13,27,000*	*5000*	*Installation of Transformer and Line construction work with value Nrs. 2,00,00,000/-*

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com